दायित्व

(मासिक)

★ वर्ष ९ ★ ★ रजत विशेषांक २०५२ ★ ★ पूर्णाङ्क २५ ★

प्रधान संपादक
रामप्रसाद पन्त

रचना संपादक
तारा कार्की

व्यवस्थापक
लक्ष्मी पन्त

सम्पादन सहयोगी
ठाकुरप्रसाद शर्मा

सहयोग मण्डली
कृष्ण बहादुर थापा
विष्णु प्रसाद भण्डारी
मुकुन्द शर्मा
माधव शर्मा (सिक्किम)
विष्णु ज्ञवाली

कला
इमेज डिजाइनर
बागबजार

कम्प्युटर
प्रिन्ट सलुसन
न्यूरोड

प्रकाशन/कार्यालय
दायित्व प्रकाशन
चाबहिल काठमाण्डौं
पो.ब.नं. ६७६६

मूल्य:
संस्थागत प्रयोजनका लागि रू. ५०/-
व्यक्तिगत सहयोग रू. २०/-

भेटवार्ता:

वाङ्मयले व्यक्ति, समाज र देशलाई शीर्षस्थानमा स्थापित गराउँछ - केदारमान व्यथित	१	प्रस्तुति: रामप्रसाद पन्त, ठाकुर शर्मा
रेडियोभित्र मेरो पृथक् अस्तित्व रहँदै आएको छ - यज्ञनिधि दहाल	३९	दायित्व परिवार

निबन्ध/समालोचना

आऊ बुद्ध-ब्रम्ह आऊ !!	७	तेजेश्वर बाबु ग्वंग
दायित्व पछाडि फर्केर नियाल्दा	८	रामप्रसाद दहाल
शृंखलाहीन मनोदशाहरू	२२	श्रीओम श्रेष्ठ 'रोदन'
दुई दर्जन दायित्वको अनुशीलन	३३	शिव रेग्मी
जंगलभित्रको घामपानी	५७	युवराज नयाँघरे

कथा/लघुकथा

सुकुम्वासी	११	शंकर कोइराला
अन्ततः	१२	भागीरथी श्रेष्ठ
सन्ते मर्दा	३१	चुनिलाल घिमिरे
हिउँ परेको विहान	३७	श्रीमती कुमारी खाती
यस्तो पनि जिन्दगी !	४७	ठाकुरप्रसाद शर्मा

व्यंग्य निबन्ध/यात्रा संस्मरण

स्मृति पटलभित्र...	५३	जय छाङ्छा
कल्की अवतार	६१	रामप्रसाद पन्त

कला/विविध

नियतिले ठगिएको चित्रकार	२१	ज्ञानेन्द्र विवश
सिक्किमका शिर्जनशील गीतकार	२५	तारा कार्की
किन महत्वपूर्ण छ औंठाछाप !	४५	कैलाससिंह ठकुरी
स्वदेशमा भन्दा विदेशमा सम्मान...	४९	राजेन्द्र दली
नेपाली साहित्यकार परिचय कोषमा...	५१	हरि मंजुश्री

कविता/गीत/गजल

तीर्थराज अधिकारी-५/प्रेममान डंगोल-१४/हरिप्रसाद गोर्खाराई-१७/पुष्कर लोहनी-१७/पवन चाम्लिङ्ग-१९/शारदा शर्मा-२१/होम परिवाग-२३/कृष्णप्रसाद पराजुली-२७/नकुल सिलवाल-२९/प्रह्लाद पोखरेल-२९/नव सापकोटा-३४/माधवप्रसाद शर्मा-४६/ज्ञानेन्द्र गदाल-४६/घनश्याम न्यौपाने परिश्रमी-४७/नारदमणि पौड्याल-४७/सुनील पुरी-४८/वासुदेव अधिकारी-४८/श्रीपुरुष ढकाल-५५/संजय उप्रेती-५९/दिनेशप्रसाद मैनाली-६५/ शान्त बहादुर थापा - ६५

साथै-सम्पादकीय आलेख/कृति परिक्रमा/साहित्यिक गतिविधि आदि ।

मुद्रक: न्यू खत्री प्रिन्टर्स, बट्टु, फोन: २१७२७४

सम्पादकीय

आलेख

प्रशङ्ग प्रारम्भदेखिको

समयको दौडाइ सँगै हामी पनि पछि पछि दौडिएछौं । पत्रिकाको जन्ममितिलाई आठ वर्ष पछाडि धकेलेर पत्तै नपाइकन पच्चिसौं अंकसम्म आइपुगेछौं । त्यसबेलाको मेरो समस्या बेग्लै थियो । काठमाडौं जस्तो शहरमा डेरागरी बसेर एउटा सहायक स्तर को जागिरमा अल्झिएर अनि काठमाडौंमै वैवाहिक सम्बन्ध कायम गरेर जीवन गुजारा गर्नु भनेको चानचुने कुरा थिएन । त्यसबेला मैले साहआम्दानीका स्रोतहरुको अनुशीलन गर्नु स्वाभाविकै थियो र गर्दै थिएँ । तर बाटो सुझिरहेको थिएन ।

मेरी श्रीमती स्नातक थिइन्, उनीलाई पनि जागिर मिलिर हेको थिएन । मकहाँ एकजना पत्रकार मित्र आउँने गर्थे, कुरा बढि गर्थे तर काम कम । हुनपनि पत्रिका प्रकाशनमा भन्दा बढी अ पत्रकार भएको प्रचार गर्न उनी व्यस्त रहन्थे । पियक्कड सतमा लागेका मानिसहरुको स्वभाव शायद यस्तै हुन्छ क्यारे ! मैले उनको बोलिमा कमै विश्वास गर्थें । गफको सूरमा उनले एकदिन भनेका थिए - पत्रिका निकालौं । मैले भने त्यस भनाइलाई गहनरुपमा लिएँ - कुरो ठिकै हो । पत्रिका त निकाल्ने तर कस्तो पत्रिका र कसरी ? उनको भनाइ थियो - समाचारमूलक पत्रिका । तर त्यो मबाट संभव थिएन । त्यस्तो पत्रकारितामा फट्याईं, छल्याईं, धुर्त्याईं पनि आवश्यक पर्न सक्छ । त्यो मबाट संभव थिएन । र अर्कै कुरा मेरो मुख्य पेशा थियो - जागिर । मैले सरकारी जागिर खाएर त्यस्तो पत्रिका निकाल्नु हुन्नथ्यो ।

मेरो मनमा झट्ट एउटा कुरा उठ्यो - म पनि साहित्य लेखनमा अभिरुचि राख्ने मान्छे, जेनतेन कविकुयि गरेर लेखिएका रचनाहरु पनि प्रकाशित गर्न प्रकाशकहरु कहाँ धाउनु पर्ने । फेरि म जस्ता अन्य धेरै लेखक कविहरुलाई पनि यस्तै प्रकारको समस्या । बरु त्यस्ता सृजनशील नवोदित लेखकहरुलाई प्राथमिकता दिने र हाम्रा प्रति[illegible] लेखकहरुलाई पनि सम्मान गर्ने ध्येय राखी एउटा साहित्य प्रधान पत्रिका किन ननिकाल्ने । त्यसोभएमा मेरी श्रीमतीको रोजगारी भन्दा पनि पढ्यारलाग्दो पढाइलाई केन्द्रित गर्न पाइन्थ्यो ।

पत्रिका प्रकाशित हुने भयो - सामूहिक संकलनको रुपमा, २०४४ साल बैशाख महिनामा । र,नाम राख्ने भयो - दायित्व । अर्थात् जिम्मेवारी । सबैको जिम्मेवारी । सबैको सहभागिता । यस जिम्मेवारीलाई आधिकारिक रुपमा बहन गर्नेहरुको लिष्ट त्यसबेला लामै भएपनि शुरुदेखि यस अंकसम्म निरन्तरता दिनेहरुमा तत्कालिन प्रधान संपादक लक्ष्मी पन्त, वर्तमान प्रधान संपादक रामप्रसाद पन्त, रचना संपादक तारा कार्की र संपादन सहयोगी ठाकुर शर्माको नाम मात्र कायम रहन सकेको छ । तर समग्ररुपमा सम्पूर्ण लेखक तथा पाठकहरुकै जिम्मेवारी हो भन्ने हामीले ठानेका छौं ।

संपादक मण्डलमा फेरबदल हुनुमा पनि एउटा बेग्लै र रोचक प्रशङ्ग छ । मलाई थाहा थियो - साहित्यिक पत्रिका नै भएपनि तत्कालिन व्यवस्थामा जागिरे भएर संपादकीय जिम्मा लिनु ठिक थिएन । भयो पनि त्यस्तै । पत्रिकाको सामान्य सहयोगीको सूचिमा मेरो नाम देखेहरुले प्रश्न उठाए - 'बा' ... जागिरे भएर पत्रिका निकाल्ने ! तर मैले साहित्यको नाममा सामान्य सहयोग भनि कुरा सीमित गरिदिएँ । यस्तो परिस्थितिमा संपादककै जिम्मेवारी लिएको भए के वित्यास पर्थ्यो होला !

। पहिले प्रकाशन प्रा. लि. दर्ता गराउनु पर्ने र त्यसको अधिनमा रही पत्रिका प्रकाशन गर्नु पर्ने प्रावधानले विभिन्न नियम कानून अन्तर्गत रहेर प्रक्रिया चलाउनु पर्दा पत्रिका दर्ता हुन निकै लामो समय पर्खिनु पर्‍यो । अर्थात् २०४६ सालको जनआन्दोलन चलिरहेकै क्रममा पत्रिका मासिक रुपमा दर्ता भयो ।

पत्रिका दर्ता त भयो मासिक रुपमा, तर प्रकाशित गर्ने काम भने सामन्यत: त्रैमासिक रुपमा हुन थाल्यो । कारण स्पष्ट छ - त्यही न हो साहित्यिक पत्रिकाको स्थिति । अनुत्पादक । अनुपलब्धीमूलक । यही त छ सतही ज्ञानको अभावमा व्याख्यान गर्ने नवयुगिन शैली । यसैकारणले गर्दा लेखकहरुले साहित्यिक लेखनलाई पेशाको रुपमा दिन सकेका छैनन् र साहित्यिक पत्रकारहरुले पनि पत्रिका प्रकाशनलाई खानेपीने स्रोत र साधनको रुपमा स्वीकार्न पनि सकेका छैनन् । सरकारी मुखले जति भाषण फलाके पनि जति आश्वा दिलाए पनि व्यवहारमा जिरो हात लागिरहेको छ - केही चिनाजानी केही भनसुनीबाट कसैलाई लाभ पुगेको भए बेग्लै कुरा । यसैबाट प्रभावित अन्य कारणहरु छन् - साहित्य फस्टाउन नसक्नुको । जसको प्रभाव दायित्वमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परेको छ । दायित्व पत्रिकाका सदस्यहरुमा निरन्तरता वा एकरुपता आउन नसक्नुको कारण पनि त्यही हो ।

शायद कतिपय व्यक्तिहरु आर्थिक लाभहुने भ्रममा परे दायित्वको सदस्य बन्ने मनशाय राखे होलान् र कतिले नाम राख इच्छाले सहयोग मण्डलीमा आफ्नो नाम अङ्कित गराए होलान् यदाकदा केही नवोदित लेखकहरुले रचना प्रकाशन गर्न सजिलो हो

भन्ने हेतुले पनि सहयोग पुऱ्याउने अपेक्षा जाहेर गरे होलान् । समयको दौरानमा तिनीहरुले बुझ्दै गए - मेरो / हाम्रो यो भ्रम र हेछ । अनि बिना सूचना पटाक्षेप हुँदै गए । फेरि आए । फेरि गए । यो आउने जाने क्रम चल्दै गयो र चलिरहेछ अझपि ।

यसले गर्दा हामीले बेलाबखत बिना सूचना सम्पर्क टुटेकाहरुलाई संपर्क राख्न आउने सूचना पनि प्रकाशित गर्नुपऱ्यो । आठ वर्षको लामो अवधिमा संपर्क देखि टाढा भएका केही सहयोगीहरुबाट दायित्वको प्याड, छाप र बीलको गलत प्रयोगगरी अनैतिक फाइदा उठाइने गरेकोले त्यस्ता व्यक्तिहरुसंग सतर्क रहन दायित्वका प्रधान संपादकलाई फोनमा संपर्क गरी दिने आग्रह सहितको सूचना पनि प्रकाशित गर्नु पऱ्यो ।

यी सबै कुरालाई बिर्सेर आज 'दायित्व, आफूलाई हुर्काउन बढाउन र पच्चीसबटा पुष्प पुष्पित गर्न योगदान पुऱ्याउने ती सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छ ।

दायित्वलाई पूर्ण सफलताका साथ प्रगतितर्फ उन्मुख गर ऊिन हामीले जे-जस्तो प्रण गरेका थियौं, जे जस्ता बाचा बाँधेका थियौं ती बाचाहरु पुरा गर्न प्रयाश गर्दागर्दै पनि केही काम गर्न सक्यौं र केही गर्न सकेनौं । साथै कुनै लेखकहरुसंग केही कुरा गरेर वा केही आशा देखाएर कर्तव्य निर्वाह गर्नमा दायित्वका कुनै सदस्यबाट केही त्रुटी हुन गएको भए वा दायित्वको नाम लिएर त्यसबाट गलत स्वार्थ लिने दुष्प्रयाश कसैबाट/कतैबाट हुन गएको भए हामी ती सबै लेखक महानुभावहरुमा हार्दिक क्षमा याचना गर्दछौं । र उहाँहरुसमक्ष केही कारणवश/बाध्यताबश भए गरेका घटना वा त्रुटीहरुलाई बिर्सेर अगाडिका दिनहरुमा सधै झैं सहयोग गर्न विनीत याचना गर्दछौं ।

उद्देश्य अनुरुप लक्ष्य प्राप्त गर्ने हाम्रो मूलभूत चाहनालाई गलत व्याख्या गरेर केही व्यक्तिहरुबाट केही कुरा सुन्नमा नआएका होइनन् । उहाँहरुलाई म पूर्ण विश्वास दिलाउन चाहन्छु कि - दायित्वको प्रकाशन अर्थोपार्जनको दिशामा उन्मूख छैन । केही बचेखुचेको रकमलाई अन्यत्र नलगाएर पत्र पुष्प स्वरुप लेखकत्व दिने र दायित्वलाई प्रबर्द्धन गर्ने काममा लगाउँदै आइएको छ । तर विडम्बनाको कुरा यस्तो छ - जुन कुरा साहित्यिक क्षेत्रमा प्रवृत्त साहित्यका मर्मज्ञ एवं आत्मानुग्रही हीतचिन्तक मित्रहरुलाई दायित्वले भोगेको वास्तविक मार्मिक पीडा नबताएर कस्लाई बताउने ।

यो कुरा साँचो हो कि - शुरुका २/४ अंकहरु घाटा बजेटतर्फ उन्मूख भएपनि त्यसपछिका अंकहरुले सो घाटालाई परि पूर्ति गरी समानुपातिक रुपमा हिंडाउन सफल भएका हुन् । तर पत्रिका प्रकाशनको इतिहासमा सबैभन्दा उत्कृष्ट मानिएको 'भार तीय नेपाली साहित्यिक विशेषांक २०५०' प्रकाशनको आर्थिक व्यवस्थाले हामीलाई उत्रनै नसक्ने गरी चुर्लुम्मै डुबाइ दियो । उक्त विशेषांकले थपिदिएको ठ्याम्मै चालिस हजारको थप भार हल्का गर्दै जान हामीलाई हरहमेशा चिन्तित तुल्याएको छ र थप प्रयासमा लाग्न बाध्य बनाएको छ ।

दोस्रो कुरा दातृ पक्षबाट पनि आशानुरुप सहयोग पुग्न नसक्दा भएको हो । उक्त कमी कमजोरीहरुलाई एकछिन बिर्सिदिने हो भनें उक्त प्रकाशनले हाम्रो सत्प्रयास र मिहिनेतलाई उजागर पारि दिएको छ, हाम्रो इज्जतलाई बढाइ दिएको छ, पत्रिका प्रकाशनको फाँटमा हलचल ल्याइदिएको छ । यसैले हामी सन्तुष्ट छौं, सफल छौं । जसबाट हामीलाई घाटा बजेटसँग मुकाबिला गर्ने हिम्मत पलाएको छ ।

प्रेस र प्रकाशकसँग सम्बन्धित यी सबै कुरा यही बिसाइ दिउँ ।

पत्रिका प्रकाशनलाई अबिरल गति दिने प्रमुख कारकतत्व हो - बिज्ञापन । नेपाली साहित्यको क्षेत्रमा बिसेष योगदान पुऱ्याउँदै आएका केही सरकारी संरक्षण प्राप्त पत्रिकाहरुको स्थिति पनि हामीले बुझेकै छौं । बिज्ञापनको अभावमा कति धर्मराउँदै छन् । र, भिन्न बजेटको आधार लिएर भए पनि अस्तित्व बचाइराख्न प्रयत्नशील छन् भने हाम्रो जस्तो निजी क्षेत्रमा आबद्ध पत्रिकाको स्थिति कस्तो होला । बिज्ञ पाठकहरुलाई अवगत नभएको होइन । त्यसैले हाम्रो पत्रिकालाई संरक्षण गर्ने कुनै सरकारी यन्त्र वा संरक्षण प्राप्त संस्थाहरु नभएर गैरु सरकारी संस्थाहरु नै हुन् । ती प्राइभेट एजेन्सीसंग सम्बद्ध यस्ता केही आदरणीय व्यक्तित्वहरु छन्, आत्मीय मित्र र साहित्यका शुभेच्छुक एवं मर्मज्ञाता छन् जसले पत्रिकामाथि सदाशयता देखाउँछन् र व्यक्तिगत रुपमा हामीसंग मित्रताको सम्बन्ध राख्छन् । ती मध्ये बिशेष उल्लेखनीय संस्था हुन् - बालाजु यन्त्रशाला, एभरेष्ट ट्राभल्स, नेपाल ट्राभल्स, पोखरा ट्राभल्स, एयर एक्सप्रेश, डुम्बा प्रा. लि., स्ट्रक्टो नेपाल, एभरेष्ट एक्सप्रेश, गण्डकी नुडल्स । यी संस्थाहरुलाई हाम्रो बिशेष धन्यवाद !

दोस्रो चरणका एजेन्सीहरुमा - याँग्रीमा ट्राभल्स, हिमालयन ट्राभल्स, साम्बाला ट्राभल्स, गणेश एयर कार्गो, साठी नेपाल, सिरिष ट्राभल्स, एटलस ट्राभल्स, नमस्ते ट्राभल्स, मुनाल ट्राभल्स, शङ्कर ट्राभल्स, यूनिभर्सल ट्राभल्स । यी संस्थाहरुलाई पनि हाम्रो हार्दिक धन्यवाद ! तेस्रो चरणका सहयोगीहरुमा ती अर्धसरकारी संस्थाहरुको नाम उल्लेख गर्न सकिन्छ - जसले आफ्नो नीति नियमको परिधिभित्र रही केही राष्ट्रिय पर्वहरुमा तोकिएको बजेट प्रयोग गर्छन् । ती संस्थाहरुलाई पनि हाम्रो धन्यवाद ! जसले पत्रिकाको बचाबटना केहीनकेही भएपनि योगदान पुऱ्याए ।

यी बाहेक बेलाबखत अन्य केही प्राइभेट संस्थाहरुले पनि छिटफुट सहयोग पुऱ्याउँदै आएका हुन् । ती सबैको सहयोगले शीत उघाई घैला भर्ने काम गरेको छ । यसैगरी यस अंकमा केही नयाँ श्रद्धालु दाताहरु देखिनु भएको छ, यस्तै अरुपनि धेरै दाताहरु देखापर्दै

दायित्व

जाउन् र उहाँहरुको सहयोगले दायित्वलाई उच्च शिखरतर्फ उन्मुख गराउन सेतुको काम गरोस् । हाम्रो शुभकामना ।

प्रत्येक लेखक हाम्रा विभूति हुन् । उहाँहरुले लेख्नु हुन्छ र हामीले पत्रिका प्रकाशन गर्न पाउँछौं । हामी कमजोर छौं यस अर्थमा कि - साहित्य कम पढ्छौं, साहित्यिक रसगर्भको असलीस्वाद ग्रहण गर्न सक्तैनौं र गहन अनुभूति नगर्दा आफूलाई उचाईसम्म पुऱ्याउनबाट वञ्चित हुन्छौं । फलस्वरुप: पत्रिकाको स्तर कम हुन्छ र हामीलाई साहित्यिक पत्रिका चलाउन विज्ञापन अनिवार्य भइदिन्छ । अन्यथा लेखक र पत्रिका बीचको सम्बन्ध त यस्तो हुनु पर्छ - एकको वर्चस्व अर्कोसंग आधारित होओस् । अत: हाम्रा सब श्रद्धेय लेखकहरुले दायित्वलाई जसरी यहाँसम्म ल्याउनु भयो, यसैगरी यहाँहरुको सहयोग स्वर्ण अंकसम्म पुऱ्याउनेतर्फ उन्मुख बनोस् ।

अन्तमा म केही त्यस्ता व्यक्तित्वहरुको नाम उल्लेख गर्न चाहन्छु - जसले दायित्वसंग अनुबन्धित नभएर पनि आमूलरुपमा यो सबैको साझा दायित्वहो भन्ने सम्झेर खुल्ला हृदयले सहयोग गर्नु भयो । जसमध्ये प्रथमत: डा. तुलसी भट्टराईज्यूको नाम लिन चाहन्छु । उहाँसंग म विशेष आभारी छु । यसैगरी शंकर कोइराला, शिव रेग्मी, विष्णुबिभु घिमिरे, यज्ञनिधि दाहाल, युवराज नयाँघरे र पत्रिका दर्ता गर्दा सहयोग गरिदिने कृष्ण बाउसे पनि धन्यवादका पात्र हुनुहुन्छ ।

साहित्यिक मासिक पत्रिका
दायित्वको २५ औं रजत अंकको
प्रकाशनको सफलताको निम्ति हामी
शुभ-कामना व्यक्त गर्दछौं ।

बेखारत्न शाक्य
(मेयर)
तथा ललितपुर नगर पालिका (परिवार)

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम
शाहदेव सरकारको
स्वर्ण शुभ जन्मोत्सवको उपलक्ष्यमा
हार्दिक मंगलमय
दीर्घायुको कामना टक्रयाउँदछौं ।

प्रिन्सिपल
तथा हेलिल्याण्ड मा.वि.
बुद्धनगर, काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम
शाहदेव सरकारको स्वर्ण शुभ जन्मोत्सवको
उपलक्ष्यमा हार्दिक मंगलमय
दीर्घायुको कामना
टक्रयाउँदछौं ।

शारदा भक्त भण्डारी
(प्रधानाध्यापक)
तथा सरस्वती मा.वि.
भक्तपुर

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम
शाहदेव सरकारको स्वर्ण शुभ
जन्मोत्सवको
उपलक्ष्यमा हार्दिक मंगलमय
दीर्घायुको कामना
टक्रयाउँदछौं ।

राम भक्त कोख श्रेष्ठ
(प्रमुख)
तथा बनेपा नगर पालिका परिवार

भेटवार्ता

वाङ्मयले व्यक्ति समाज र देशलाई शीर्षस्थानमा स्थापित गराउँछ

- केदारमान व्यथित

वर्तमान नेपाली साहित्याकाशका जाज्वल्यमान नक्षत्रको रुपमा परिचित कविवर केदारमान व्यथित उमेरमा आठ दशक पार गरि सक्नु भएपनि साहित्य लेखन तथा साहित्यिक समारोहहरुमा अद्यापि त्यतिकै संलग्न र सरिक हुने गर्नुहुन्छ। उहाँले जीवनावधिमा नेपाल र नेपालीकालागि जे जति योगदान पुऱ्याउनु भयो त्यो सबै इतिहासको पानामा सुरक्षित भएकोले यहाँ उल्लेख गरिराख्नु आवश्यक परोइन। नेपाली साहित्यमा सगरमाथाको उचाई कायम गरिसक्नु भएका तथा आफूलाई एक ब्रह्मर्षिको रुपमा परिभाषित गराउन पाल्नु भएका श्री व्यथितज्यूले हाम्रो आग्रहलाई अत्यन्तै सहजताकासाथ स्वीकार गरेर वार्तालाप गर्ने जुन अवसर प्रदान गर्नु भयो त्यो उहाँको उच्च विद्वता र विनम्रताको परिचायक हो भन्ने हामीलाई लागेको छ।

नेपाली साहित्यमा १५, कविको मातृभाषा नेवारीमा ४ र मित्र राष्ट्र भारतको राष्ट्रभाषामा ४ गरी कुल २३ ग्रन्थहरुका निर्माता श्री व्यथित ज्यूले साहित्य साधनाको क्रममा सिरपा पुरस्कार (नेवारी भाषामा) वेदनिधि पुरस्कार २०४६, जगदम्बाश्री पुरस्कार २०४८, सीताराम पुरस्कार २०४९, पृथ्वी प्रज्ञा पुरस्कार २०५० प्राप्त गरिसक्नु भएको छ। साथै २०५१ मा सिलसिलाले उहाँलाई रथयात्रा गरायो भने सन् १९९४ मा साहित्य हिन्दी अकादमीले उहाँलाई सम्मान गऱ्यो। यसै प्रकार सुनकोशी साहित्य प्रतिष्ठान र नेपाल साहित्यकार संसदले पनि उहाँलाई अभिनन्दन पत्रहरु टक्याए।

प्रस्तुत छ - नेपाली साहित्यका पितामह श्री केदारमान व्यथितज्यूसंग दायित्व संपादक मण्डलका सदस्यद्वय रामप्रसाद पन्त र ठाकुर शर्माले उहाँकै निवासस्थानमा लिएको लामो भेटवार्ताको सार संक्षेप : -

प्रश्न नं. १ - यहाँको लेखनमा प्रवेश गर्ने आधार र प्रेरणाहरु के होलान् ?

व्यथित - लेखनमा प्रवेश कसरी गरें भन्नेकुरा गर्दा मुख्यत: मेरा पिताज्यूबाट नै त्यो प्रेरणा मिलेको हो भन्न मन लाग्छ। किनकि पिताज्यूको गद्य लेखनमा विशेष अभिरुची थियो। बहाँले लेखेको कुरा मलाई देखाउनु हुन्थ्यो मात्र होइन कि रातिमा बसेर मलाई पढ्न पनि लगाउनु हुन्थ्यो। विशेको ठाउँमा सच्याउनु हुन्थ्यो। त्यही निरन्तरताले मलाई गद्य लेखनमा प्रेरणा जगायो। साथै पिताज्यूका समकालीन विद्वत् वर्गहरु - दुर्गानाथ गुरुज्यू र कृष्णप्रसाद कोइरालासंग बेलाबेलामा साहित्यिक चर्चा हुने गरेकोले पनि केही रुपमा मलाई सिक्ने एउ मौका मिल्यो। अर्कोकुरा त्यो समय यस्तो थियो - सम्पूर्ण नेपाली जनताहरु एक किसिमको दासताको जीवन भोग्दैथिए र त्यसको प्रभाव पिताज्यूसंग भेट हुने माथिल्लास्तरका सम्पूर्ण व्यक्तित्वहरुमा पनि परेको थियो। बहाँहरुको कुरा म सुन्ने गर्थें, केही बुझ्थें। राजनीतिक किसिमबाट सम्पूर्ण जनता दास न थिए तर दुई किसिमका दासत्वमा अल्झेका यहाँका मानिसहरु थिए भन्नेकुरा मैंले बुझेको थिएँ। माथिल्लो स्तरका दासहरु - जो शासकहरुको नजिक बस्ने गर्थे। तल्लोस्तरका दासहरु जो सम्पूर्ण जनताको रुपमा थिनिन्थे। त्यसकारण त्यो अवस्थाको चर्चा परिचर्चाले पनि मलाई लेखन प्रवृत्तिमा अग्रसर गराएको जस्तो लाग्छ। त्यसबेला आपसमा कुराकानी गर्दा पनि [illegible]बाट चियो चर्चा गरिन्थ्यो, सबैमा डर र त्रासको भावना दे[illegible]ो। उहाँहरुले मलाई राणा भारदारसंग कस्तो व्यवहार गर्नुपर्छ, दरबारले जनतामाथि कस्तो व्यवहार गर्छ भन्ने जस्ता विषयवस्तुहरुको बोध गराउनुहुन्थ्यो। भारतीय अखबारहरुमा लेखिएका कुराहरु पनि बडो सतर्कताकासाथ पढ्नुपर्थ्यो, यही कारणले गर्दा पनि मैंले 'बीर बहादुर' उपनाम बाट उद्योग पत्रिकामा कविताहरु छपाउने गर्थें। त्यसपछि केही व्यक्तिहरु मिलेर जनतालाई जागरुक बनाउने उद्देश्यले नागरिक अधिकार समिति गठन गऱ्यौं। त्यसको सभापतिमा शुक्रराज शास्त्री, म संगठनमन्त्री र शंकरशर्मा महामन्त्री तथा प्रचार मन्त्री थियौं र गंगालाल लगायत अन्य धेरै सदस्यहरु थिए। उक्त संगठनमा गीताको प्रवचन लगायत विभिन्न धार्मिक क्रियाकलापहरु हुन्थे। प्रवचन दिनेमा पं. मुरलीधर हुनुहुन्थ्यो, बहाँले कौरव पाण्डव को कथालाई बडो रोचक ढंगबाट बर्णन गरेर सत्य-असत्य, न्याय-अन्याय तथा शासक र शासीत बीचको विभेदलाई प्रतीकात्मक ढंगबाट व्याख्या गर्नहुन्थ्यो।

१९९७ सालको राजनैतिक घटनालाई बहाना बनाई त्यसैक्रममा जनजागरण संबन्धी कार्यक्रममा संलग्न धार्मिक सामाजिक शैक्षिक र अन्य भूमिगत राजनैतिक उद्देश्यमा संगठित भएको शंका लागेका सबैजसोलाई राणा शासकले पक्राउ गरे। यसैक्रममा नागरिक अधिकार समितिका सदस्यहरुलाई पनि जेलमा हाले। जेलमा हामी बत्तिसजना थियौं। त्यो

भद्रगोल जेलभित्र अर्को एउटा ७-८ वटा कोठा भएको जेल थियो । त्यहाँ पौर्वात्य र पाश्चात्य साहित्यका विद्वानहरुको जमघट हुने गर्थ्यो । मानौं त्यहाँ एउटा विश्वविद्यालय नै खडा भएको थियो । त्यहाँ विद्वानहरु बीच शास्त्रगत वादविवादहरु हुन्थे । वादविवाद निकै चर्को रुपमा अगाडि बढ्थ्यो, किताब हानाहान हुन्थ्यो । अन्त्यमा एउटा निस्कर्षमा पुगी वादविवाद टुंगिन्थ्यो । तर त्यस वादविवादमा नलागेर नेवारी भाषाका कवि चित्तधर हृदय तथा सिद्धिचरण श्रेष्ठले एउटा कुनामा बसेर कविता लेखिर हेका हुन्थे । त्यो देखेर मलाई पनि लेख्ने प्रेरणा जाग्दै गयो । त्यसरी बस्दा केही मानसिक आनन्द मिल्दो रहेछ भन्ने अनुभूति हुन थाल्यो र मैले पनि लेखेर चित्तधरलाई देखाएँ उनले प्रशंशा गरे । यो क्रम चलिरह्यो । कवि सिद्धिचरणलाई पनि मैले देखाएँ तर उनले मलाई संशोधन गर्ने पक्षमा नलागेर आफै कोशिश गर्नुपर्छ भन्ने प्रेरणादिए र मैले पनि लेखनलाई स्वयं परि मार्जन गर्ने प्रयाश गर्न थालें । यही नै मेरो लेखनको प्रारंभिक चरण हो र श्रोत पनि ।

प्रश्न नं. २ - राष्ट्रको सर्वाङ्गिण विकासमा साहित्यको भूमिका कत्तो हुनुपर्छ भन्ने यहाँको धारणा छ ?

व्यथित - राष्ट्रको सर्वाङ्गीण विकासमा साहित्यको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले राजनीतिमा सीधा हाम्फाल्दैन, साहित्यिकहरुले हाम्फाल्नु पनि हुँदैन । उनीहरु अपरोक्षरुपमा समाजसँग सम्बद्ध भएर राजनीतिसँग अपरोक्षरुपमा सम्बद्ध भएका हुन्छन् । अथवा साहित्यले समाजका विभिन्न क्रियाकलाप वा प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुसँग सम्बन्ध राख्छ भने राजनीतिसँग अप्रत्यक्षरुपमा सम्बन्ध कायम गरेको हुन्छ । जागरणको नेतृत्व, चेतनाको नेतृत्व, दिशाबोध र सम्माननीय विचारधारालाई कसरी क्रियान्वयन गर्ने, त्यसमा राजनीतिज्ञलाई साहित्यिकहरुले सचेत गराउने र राजनीतिज्ञले बिर एको ठाउँमा खबरदार गर्ने यीनै साहित्यकार हुन्छन् । राजनीतिमा साहित्य हुनु पनि हुँदैन तर राजनीतिको साहित्यमा पूर्ण छाप पर्नु पनि हुँदैन । र राजनीतिज्ञ नभएको ठाउँमा राज्य हुँदैन, राज्य भएपछि राजनीति हुन्छ र राज्य भएपछि जनता हुन्छन्, जनता भएपछि राजनीति हुन्छ तर जनताका विभिन्न भावना खुइएका राजनीतिक क्षेत्र, साहित्यिक क्षेत्र कला क्षेत्र, ज्ञान क्षेत्र र विज्ञानका क्षेत्रमा जो विभाजित छन् तिनीहरुको आ-आपनै भूमिका हुन्छ, आ-आपनै महत्त्व हुन्छ आ-आपनै मौलिकता हुन्छ । तिनीहरुको समष्टि नै राष्ट्र हुन्छ र राष्ट्रको समुन्नतिको थैटा रुप पनि त्यसको माध्यम हुन्छ । समाजलाई बिगार्ने र समार्ने वाङ्मयका साधकहरुबाट प्रेरणा लिएर उनीहरुले दिएका विचारधारा र चेतनाका फिलङ्गाबाट उत्प्रेरित भएर क्रियात्मकता दिन सके समाजमा राजनीतिज्ञले नेतृत्व दिन सक्छ ।

प्रश्न नं. ३ - प्रजातन्त्र र साहित्यको सन्तुलित विकास कसरी हुन्छ, यहाँको दृष्टिमा ?

व्यथित - साहित्यको विकासमा प्रजातन्त्रको विशेष महत्व हुन्छ त्यो पनि होइन, साहित्यको विकासमा एकतन्त्रको महत्व छ भन्ने पनि होइन, सर्वाधिकारवादको पनि होइन, साहित्य आफैमा सम्पूर्ण जीवनको निचोडलाई प्रतिनिधित्व गर्ने र प्रक्षेपण गर्ने विषय हो । साहित्यले पूर्ण मनुष्यत्वको निम्ति समाजलाई प्रेरणा दिएको हुन्छ । साधनाको पूर्णत्वमा प्रजातन्त्र, गणतन्त्र, साम्राज्यवाद, पूँजीवाद, साम्यवाद पञ्चायतवाद, अधिनायकवाद आदिवादहरुबाट साहित्य भिन्न हुन्छ । साधनाको पूर्णत्वमा पुगेको मानिस नै मानव जीवनको अन्तिम लक्ष्य हो, त्यसमा कुनै वाद हुँदैन । साहित्यकारहरु, दार्शनिकहरु, कलाकारहरु, संगीतकारहरु, प्राज्ञहरु पण्डितहरुको पूर्णतालाई वादहरुको फिताले नाप्न सकिँदैन । कुनैपनि वाद र व्यवस्था आफैमा खराब पनि हुँदैन र असल पनि हुँदैन । ती वाद र व्यवस्था संचालन गर्ने व्यक्तिहरुमा निर्भर हुन्छ । ती व्यक्तिहरु लोभी पापी भए भने या स्वार्थीभए भने अथवा आफ्नो र परिवारको मात्र हित देख्ने भए भने वादको बदनाम हुन्छ र अर्को वादको लागि विवाद आउन सक्छ ।

समाज विकासको क्रममा मानिसको ठूलो भूमिका हुन्छ । मानिसले नै पृथ्वीको महत्व बनाएको हो । पृथ्वी सहनशील छन्, नित्य नवयौवना छन्, सुन्दरी तथा आकर्षक छन्, उनीमा सधैं गर्भधारण गर्ने शक्ति छ । मनुष्यको जन्म नै पृथ्वीबाट भएको हो । जन्मले मनुष्य र पशुमा कुनै फरक छैन । जुन मानिसले पुराणको देवता भन्दा पनि बढी महत्वपूर्ण भूमिका राखेको छ । मानिसले मानिस हुन साँचै गाह्रारो छ । उसलाई प्राप्त भएको दैविशक्ति सही ढंगबाट प्रयोग गर्न सक्नु पर्छ । दैविशक्ति सबैमा निहित हुन्छ तर त्यो शक्तिको सबैमा प्रयोग भइरहेको हुँदैन । मानिसले सम्पूर्ण जीवमाथि दयाको भाव राख्नुपर्छ, कुसैलाई पीर-मर्का पार्नु हुँदैन, यस अर्थमा कि - मानिस र देवता यौटै इश्वरीय शक्तिबाट उद्भूत दुई सन्तान हुन् । तसर्थ: विकासको निरन्तरता पहिले देखिनै क्रमिक रुपमा हुँदै आएको हो । साहित्य पनि यसैगरी संगसँगै विकशित हुँदै आएको छ । सन्तुलन भन्ने कुरा मानिसको विवेकपूर्ण भावनाबाट नै अभिप्रेरित भएको छ । मलाई लाग्छ - उल्लेखित अभिव्यक्तिबाट कुरा प्रष्ट भयो होला ।

प्रश्न नं. ४ - लेखन को सिर्जनात्मकता र स्तरीयताको सन्दर्भमा सैद्धान्तिकरुपमा हिजो र आज के फरक पाउनु भएको छ ?

व्यथित - समाजमा जब-जब दुःख, उत्पीडन र जलन हुन्छ अनि समाज जब दासत्वमा परिणत हुन्छ तब सामाजिक मुक्तिकालागि राम्रो साहित्य वा असल साहित्यको जन्म हुन्छ । संक्षेपमा भन्नुपर्दा करुणाबाट नै साहित्यको जन्म हुन्छ । पौर्वात्य साहित्यको प्रारम्भ हुँदा पनि यस्तै भएको थियो । बाल्मिकीले जब क्रौञ्चबध देखे तब उनमा अचानक एक श्लोकको प्रस्फुटन भयो - 'मा निषाद प्रतिष्ठा त्वं ... ।' त्यसपछि पूर्णत्व प्राप्त रामायणको प्रादुर्भाव भयो । यसैगरी हिन्दी साहित्यमा पनि वियोगिनी कवि हुन्छ, रुवाइ र दुःखाइबाट साहित्य जन्मन्छ भन्ने धारणा छ तर दुःख दर्द वा उत्पीडनबाट मात्र कविता जन्मन्छ भन्ने होइन । समाजको विकृति र उत्पीडनबाट पनि कवि संवेदनशील बन्न पुग्छ र कविता जन्माउँछ । यसैगरी मायाप्रीति, सुख-दुःख तथा समाजका भाव-अभाव सबैबाट कविता सृजनकालागि कविलाई प्रेरित गर्छ । नारीहरुलाई जस्तै कविलाई पनि कविता जन्माउने प्रसव वेदना हुन्छ । कवि, कथाकार, लेखक उपन्यासकार जोसुकैलाई पनि प्रसव वेदना लागेपछि खानपिन बिर्सन्छन् । भेटघाट सबै बन्द गरिदिन्छन्, सम्पूर्ण क्रियाकर्महरुलाई बिर्सिन्छन् । लेख्दा उसको मानसपटलमा धामी चढे जस्तो चढ्छ र कवि एकाग्र हुन पुग्छ । त्यस्तो बेलामा जन्मेको साहित्य सक्कली हुन्छ र त्यसमा छन्द, लय, अलङ्कार, ध्वनि, उपमा, उपमेय स्वतः सिर्जित हुन पुग्छन् । अतः बच्चा जन्मेपछि

आमा अति आनन्दित हुन पुग्छे, प्रसवको सम्पूर्ण वेदना बिर्सेर आफू एक प्रकारले पुरस्कृत भएको अनुभव गर्छे, त्यसैप्रकार कविले पनि कविता सिर्जना गरेपछि प्रसव वेदनाबाट मुक्त भए जस्तै आनिन्दित हुन्छ र आफू पुरस्कृत भएको अनुभव गर्छ। संवेदनाले नछोपेको वेला बलात् सिर्जना गरिएको कवितामा शब्दहरुको तालमेल अवश्य हुन्छ तर प्राण हुँदैन। मानौं शील सौन्दर्य सम्पन्न गृहिणी र गरगहनाद्वारा सुसज्जित वाराङ्गनामा देखिने फरक।

प्रश्न नं. ५ - पृथ्वी प्रज्ञा पुरस्कार पाउँदाको खुसी वा प्रतिक्रिया केही छ कि ?

व्यथित - पुरस्कार पाउँछु भनेर केही कुरा लेख्न थालिदैन। जस्तो तपाईले पनि पुरस्कार पाउँछु भनेर यो पत्रिका निकाल्न थाल्नुभएको थिएन होला। लेख्नेले पुरस्कार पाउँला भनेर लेख्दैन र त्यस्तो भावना राखेर लेख्न पनि हुँदैन। त्यस्तै मेरो पनि हो। अहिले मलाई दिइएको राष्ट्रियस्तरको सबभन्दा महत्वपूर्ण एवं अधिकतम राशी भएको यो पुरस्कार दिनुले राष्ट्रियस्तरमा आफूलाई ठूलो मान्यता प्राप्त भएको ठानेको छु। यसबाट मलाई अब एउटा अर्को उचाई निर्माण गर्नुपर्छ भन्ने भावबोध वा कर्तव्यबोध भएको छ। तर म एकासी वर्षको बूढो भइसकें, १५-२० वर्षको भइदिएको भए त्यो अवश्य म पुरा गर्थें हुँला। आफू बूढो भएकोमा म भगवान र प्रकृतिसंग झगडा गर्छु जस्तो लाग्छ कि - किन मलाई बूढो बनाइ देउ। जेहोस् राष्ट्रियस्तर को यो सम्मान पाउँदा मैले आफूलाई भाग्यमानी ठानेको छु। किनकि मेरा अग्रजहरु, साहित्यिक तपस्वीहरु - जो भभन्दा बढी राम्रा कविता लेख्ये, तिनीहरुले सानो भन्दा सानो पुरस्कार पनि प्राप्त गर्न सकेनन्। तर मैले ५-५ वर्षमा प्राप्त हुने यो पुरस्कार पाएर सम्मानित भएको महसूस गरेको छु। यो मेरोलागि ठूलो खुशीको कुरा हो। पुरस्कार भन्ने कुरा सानो वा ठूलो हुँदैन र धनराशीको दृष्टिकोणले विभेद गरिनु पनि हुँदैन।

अहिले वाणीपुत्रहरुलाई सम्मान गर्ने भन्ने भावना केही धनाढ्यहरुमा पनि वृद्धि भएको छ र यसप्रकारका संस्थाहरुको पनि वृद्धि हुँदै गएको छ। यो साहित्य साधकहरुकोलागि अत्यन्त खुशीको कुरा हो।

'स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते', यो भनाइले मेरो जीवनमा पनि कताकता प्रभाव पारेको म अनुभव गर्दछु। साहित्यिक व्यक्तित्व वा अन्य विद्वान् एकदेशबाट अर्को देशमा जाँदा उसले अप्रत्यक्षरुपमा दुई देश बीचमा सौहार्द्र संबन्ध राख्ने काम गरेको हुन्छ। त्यसैले होला - म आफ्नो देशबाट अर्को देशमा जाँदा एउटा अघोषित र अवैतनिक राजदूत जस्तो ठान्दछु । यसैले जुनसुकै देशमा म रहँदा पनि उपर्युक्त कर्तव्यबोधलाई अर्थ प्रदानगर्न सरकार-सरकारबीच, जनता-जनताबीच र वाङ्मयका साधकहरुकाबीचको मैत्री सम्बन्धलाई अझ बढी सुदृढ बनाउन क्रियात्मक रुपमा प्रेरित हुनेगर्छु। एकदेशले अर्को देशको वाङ्मयलाई बुझ्ने र त्यसमा भएको ग्राह्यपक्षलाई अनुभूत गर्न देश-देशका वाङ्मयका विभिन्न विधाको अनुवाद हुनु श्रेयस्कर हुनेछ मात्र होइन कि त्यसलाई अनिवार्यता प्रदान गर्न पनि अतिआवश्यक भैसकेको छ। धनी हुँदैमा त्यो देशको चौतर्फी विकास हुन्छ भन्ने होइन, जीवनको प्रत्येक पक्षमा सन्तुलित विकास भएको हुनु पर्दछ। त्यसकारण वाङ्मयले व्यक्ति, समाज र देशलाई शीर्षस्थानमा स्थापित गराउँछ। जस्तै बी. पी. कोइराला को स्वर्गारोहण हुँदा वहाँको शवयात्रामा आम जनताको जे जति ठूलो सहभागिता हामीले देख्यौं त्यस्तै नारायण गोपालको मृत्युमा पनि अनुभूत गऱ्यौं। यसको पछाडि राजनीतिभन्दा साहित्यकार, अग्रगण्य उपन्यासकार , मूर्धन्य कथाकार र स्वरसम्राट्हरुको संगान र प्रतिष्ठा राष्ट्रियस्तरमा भएको मान्नु पर्दछ।

प्रश्न नं. ६ - करिब ६ दशक देखि साधनारत तथा आज साहित्यको सगरमाथा बनीसक्नु भएका यहाँले साहित्य क्षेत्रमा लागेका नयाँ पुस्तालाई भन्नुपर्दा के भन्नुहुन्छ ?

व्यथित - म त भन्छु - नयाँ पुस्ता भन्ने नै हुँदैन, किनकि दशवर्षपछि त्यो पुरानो हुन्छ। यो त एउटा सोपान हो। जसरी एउटा सोपानमा भएका अनेकौं सिंढीहरुको पारस्परिक सम्बन्ध रहेको हुन्छ। अर्थात् सोपानको माथिल्लो सिंढी र तल्लो सिंढीको अन्योन्याश्रित सम्बन्ध रहन्छ त्यस्तै सम्बन्ध साहित्यमा पनि हुन्छ। तर प्रत्येक अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई केही न केही रुपमा जित्दै जानुपर्छ। बराजुलाई बाजेले जित्नासाथ बराजु पुरस्कृत हुन्छ, बाजेलाई बाबुले जित्नासाथ बाजे पुरस्कृत हुन्छ, बाबुलाई छोराले जित्नासाथ बाबु पुरस्कृत हुन्छ, छोरालाई नातिले जित्नासाथ बाबु पुरस्कृत हुन्छ र नातीलाई पनातीले जित्नासाथ बाति पुरस्कृत हुन्छ। कुन युगले के गऱ्यो भन्ने होइन, प्रत्येक युगमा दायित्व पुरा गरेर पाइला थप्दै गएमा अन्तिम लक्ष पहिल्याउन सकिन्छ। जुन संसार को नियम हो। गुफा युगदेखि आजसम्मको विकास यसरी नै भएको छ। आज मानिस चन्द्रमामा पुगेर पनि नयाँ कुराको खोजी गर्दै छ। प्रत्येक युगमा अमृतत्व र विषतत्त्वको संघर्ष चल्छ। प्रत्येक पुस्तामा विषतत्त्वलाई अमृतत्त्वले दबाउँदै गएको हुन्छ। नयाँ नयाँ कुराहरुको सृजना भइरहेको हुन्छ। यसैगरी वर्तमान साहित्यमा पनि केही न केही नयाँ कुराहरु आइरहेका छन्। यो सबै समयको माग हो। समयको प्रभाव हो। तर साहित्य प्रगतिशील वा अप्रगतिशील भन्ने चाँहि हुँदैन । संसारमा देखिएका नयाँ नयाँ सृजनाहरु जस्तै साहित्य पनि नयाँ नयाँ प्रस्तुतिहरुतिर जीवन्तताकासाथ अगाडि बढिरहने हुँदा सबै प्रगतिशीलनै हुन्छ। र समयअनुसार प्रत्येक युगले आफ्नो दायित्व निर्वाह गर्ने भएकोले सबैको योगदान समानरुपमा प्रतिबिम्बित भएको हुन्छ।

जस्तो कि एउटा डुङ्गा फुटाउन 'क' ले पहिले प्रहार गऱ्यो, फेरि 'ख' ले प्रहार गऱ्यो, एवम् रितले 'क' देखि 'त्र' सम्मको प्रहार हुँदा डुङ्गा फुट्यो। अब तपाई नै भन्नुस् त्यो कसले फुटायो। 'क' ले कि 'त्र' ले ? अर्थात् यसमा 'क' को पनि उत्तिकै योगदान छ, जति 'त्र' को छ। किनकि पहिलो प्रहार 'क' ले गरेको छ र केही न केही चिरा वा केसा पारेका छ। यसैगरी क्रमैसंग दोश्रो र तेश्रोले प्रहार गर्दागर्दै त्यो डुङ्गा 'त्र' मा गएर फुटेको छ। त्यसैले सबैको योगदान बराबर छ। मानौं लिनुस् - साहित्यको विकास पनि त्यही अनुरुप हुने गर्छ। हाम्रो गाउँ घरमा गाइने लोकगीतहरुले पनि साहित्यमा कम योगदान दिएका छैनन्। उनीहरुले गाएका गीतमा पाइने भाव र सरलतासंग हामीलाई प्रतिस्पर्धा गर्न मुस्किल पर्छ। 'फन पर गयो लै लै फन माया लाग्यो बरि लै' यस गीतमा कस्तो सरलता, मिठास र करुणा छ। हृदयमा तरलता उत्पन्न हुने मानिसले गाएको गीत वा लेखेको कविता सँधै सत्य र सार्वकालिक हुन्छ। मैले पनि प्रसन्न हृदय, सफा चित्त

भएर केही लेख्न प्रारम्भ गर्दा कहिले एकै महिनामा दुई-तिनवटा किताब लेखिसक्छु, कहिले भनें बर्षौंसम्म पनि केहि लेख्न सक्दिन। त्यसकारण म के भन्छु भने - स्वयम् अन्तस्करणबाट सृजना भएको अभिव्यक्तिमा जीवन्तता र सरलता हुन्छ। त्यही सत्य हुन्छ, नयाँ पुरानो वा प्रगतिशील अप्रगतिशील भन्ने कुराहरुले स्थायित्व पाउन सक्दैन।

प्रश्न नं. ७ - जनआन्दोलन पूर्वभन्दा आज साहित्यको स्तर खस्केको छ या गतिमन्द भएको छ ! यस भनाइसँग यहाँ कत्तिको सहमत हुनुहुन्छ ?

व्यथित - जनआन्दोलन भन्दा पहिले र अहिलेको साहित्यिक स्तरको कुरा गर्दा म के भन्छु भने - राणाकालीन समयमा मैले लेखेको 'एकदिन' कविता संग्रह (सायद त्यो पाठ्यक्रममा पनि राखिएको थियो !) अन्तरगतको 'नवरात्री' भन्ने कविता तत्कालीन समयलाई प्रहार गरेर लेखिएको कविता हो। त्यसमा भगवतीलाई प्रतीक बनाइएको छ र नरबली दिने कुरा उल्लेख गरिएको छ। राणाहरुको जगजगी भएको त्यस्तो कष्टकर समयमा साहसपूर्वक मैले त्यो कविता लेखें। त्यसमा राजनीतिको कुरा छ, हत्या र उत्पीडनको कुरा छ। जुन कविता आज पनि लेख्न मुश्किल पर्छ। त्यसैले लेख्ने कुरा कुनै प्रेरणाबाट उत्सृजित हुने कुरा हो। त्यसलाई कुनै पनि बेला कसैले पनि रोक्न सक्दैन। जस्तै - लेखनाथको 'पिंजडाको सुगा' देवकोटाको 'प्रभुजी मलाई भेंडो बनाऊ' धरणीधरको 'जाग जाग अब जाग न जाग' सिद्धिचरणको 'क्रान्तिबिना विमबु शान्ति' रिमालको 'आमाको सपना' आदि कविताहरु र बालकृष्ण सम, सूर्यबिक्रम ज्ञवाली आदिले लेखेका रचनाहरु पनि समयसापेक्ष परिलक्षित भएका छन्। नेपाली साहित्यको विकासको कुरा गर्दा प्रवासमा बस्ने नेपाली बन्धुहरुले पनि नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन्। यो हामीले बिर्सनु हुँदैन। तिनीहरुलाई बिर्सेर यो सबै हामीहरुबाट वा मेरो योगदानबाट मात्र भएको हो भन्ने कसैले कुरा गर्छ भने त्यो अर्धबुद्धिको उपज हो। म अहिले आफूबाट अगल भएर स्वयम्लाई हेर्न थालेको छु। यसरी हेर्दा आफूले सम्पन्न गरेका कामहरुमा, आफूले लेखेका कृतिहरुमा बढि त्रुटिहरु, बढ्ता खोटहरु देख्न थालेको छु। यसैले त्यसलाई परिमार्जन गर्ने र नयाँ कुरा थपूँ भन्ने उद्देश्यले यस उमेरमा पनि कलम चलाउँदै छु। परमात्माको इच्छा बिना एउटा सिन्का पनि भाँचिदैन भने मेरो धारणा छ। यसै विश्वासमा म बाँचिरहेको छु। संसार गतिशील छ, संचारमुखी छ, प्रगतिमुखी छ। मानिसको वर्ण र आकृतिमा भौगोलिक र वातारणीय विभिन्नताले प्रभाव पारेको छ। गाई र चौरी, बोको र च्याँगोमा फरक पर्नु त्यसैको कारण हो। संसार को जीवनस्रोत एउटै छ, खालि भावना र बुद्धिको मात्र फरक हो। तसर्थः कुनैपनि समयको साहित्यिक स्तर खस्केको वा बिग्रेको भन्नु संगतपूर्ण हुँदैन। किनकि जनआन्दोलनपूर्वको साहित्यिक विकासक्रममा लेखनाथ, देवकोटा, सम आदिको आफ्नै योगदान र भूमिका थियो भनें त्यसपछिको साहित्य पनि आफ्नैपनले विकसित हुँदै गएको हो। देवकोटाकालीन उर्वर साहित्यको अनुपातमा त्यसपछिको साहित्यको गति केही मन्द भएको महसुस भए पनि केहिनकेही नयाँपन, नयाँ रुप लिएर साहित्य क्रमिक रुपमा अगाडि बढिरहेको छ र यो क्रम जनआन्दोलन पश्चात् पनि चलेकै छ। त्यसकारण स्तर खस्केको वा मन्द भएको भन्न मिल्दैन। समयानुसार केही फरक देखिएको मात्रै हो। मैले नयाँ पुस्ताबाट अरु धेरै पाउने आशा गरेको छु।

प्रश्न नं ८ - यहाँले आठ दशक लामो जीवनावधिमा देखेका, भोगेका कुराहरु मध्ये सबभन्दा खुशीको क्षण र दुःखको क्षण कुन होला ! बताइदिनु हुन्छ कि ?

व्यथित - साहित्यको साधनाना लागेका व्यक्तिहरुलाई जीवनमा अनेक त्यस्ता क्षणहरु आउँछन् जान्छन् तर केही यस्ता क्षणहरु हुन्छन् जीवनको परिधिमा भुल्नै सकिँदैन।

दुःखको कुरा गर्दा मलाई एउटा यस्तो क्षणको सम्झना हुन्छ - मेरी छोरी रजनीलाई म निकै मायाँ गर्थें। बिरामी भई पन्छ शिंपाको औषधि किन्न सापटि खोज्दा पनि कहीं पाइन, त्यो छोरीको मृत्यु भयो। त्यही नै मेरो जीवनको सबभन्दा ठूलो दुःखपूर्ण घटना हो। त्यस मृत्युले मलाई साह्रै दुखित बनायो। मैले 'छ्वास' भन्ने किताब लेखें र त्यो किताब त्यही छोरीलाई समर्पण गरें। नेवारीमा 'छ्वास' भनेको साल नाल फ्याक्ने, मरेका मान्छेको लुगा फ्याँक्ने ठाउँ हुन्छ। त्यस समयमा पोडेहरुको आ-आफ्नो निश्चित ठाउँ हुने गर्दथ्यो। एक ठाउँमा अर्को ठाउँको पोडे आएर केही लिन पाउँदैनथ्यो। नियम उलंघन गर्नेसँग झगडा नै हुन्थ्यो, मुद्दा समेत चल्थ्यो। जनगणनाको हाकिम छ्वास भनेर मैले लेखेको छु, किनकि जनगणना नभएको बेला त्यसले काम चलेको छ। जन्मने मर्नेको गणना त्यसबाट पुरा भएको छ। करिब ३५/४० पेजको यो काव्यले निकै प्रसिद्धी कमाएको छ। त्यसको महत्वबारे समालोचनात्मक ढंगबाट लेखकहरुले सयौं सयौं पृष्ठमा अभिव्यक्ति दिएका छन्। 'छ्वास' लाई जन्ममृत्युको भौतिक प्रगतिको रुपमा पनि लिन सकिन्छ।

खुशीको क्षणको कुरा गर्दा जीवनमा कहिलेकाहीं यस्ता घटनाहरु घट्छन् - जसले जीवनभर सम्झने तुल्याइदिन्छन्, हृदयमा आनन्दानुभूति गराई दिन्छन्। त्यसमा मेरो महत्वपूर्ण क्षण भनेको त्यो हो जो अत्यन्तै उल्लेखनीय थियो। हामी साहित्यिक व्यक्तित्वहरुको एउटा संस्था थियो - नेपाल साहित्य संस्थान। जसमा राजा महेन्द्र स्वयम् संरक्षक, ऋषिकेश शाह अध्यक्ष र म सचिव थिएँ। त्यसबेला काठमाडौंमा साहित्य सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन पनि भएको थियो। जसमा बर्मा, इन्डोनेशिया, श्री लंका, भारत, पाकिस्तान आदि देशहरुको सहभागिता थियो। त्यहाँको [illegible] वर्ष रामपुरमा राष्ट्रियस्तरको साहित्य सम्मेलन भयो। त्यस सम्मेलनमा राजा स्वयम्बाट उद्घाटन भयो, राजा स्वयम् कवि भएकोले त्यस सम्मेलनले आफ्नै विशिष्ट महत्व राखेको थियो। त्यो तीन दिने कार्यक्रमको अन्तिम दिन देवघाटमा कविता महोत्सव भयो। त्यसबेला तीन चार एटा गाडिलाई जोडेर कालीगण्डकी र त्रिशूलीको संगमस्थल देवघाटमा त्यो कार्यक्रम संचालन गरियो। त्यहाँ पनि राजा महेन्द्रको सहभागिता थियो। कविता वाचनकालागि करिब ३०/४० जना सम्मिलित भएको उपर्युक्त गाडिमा कवि राजाको पनि उपस्थिति थियो। त्यहाँ सबैले आ-आफ्ना कविता सुनाए। अत्यन्त रोचकपूर्ण ढङ्गबाट कार्यक्रम सकियो। त्यसैदिन साँझ अतिथि सुरेन्द्रबहादुर शाहले मलाई भन्नुभयो - **'कविजी ! श्री ५ बाट कविता सुनाउने इच्छा थियो, तपाईले ध्यानै दिनु भएन !' यो सुन्दा म अचम्मित भएँ र भनें** - कहाँको जनताको छोरो म

र कहाँ राजा । म कसरी राजालाई कविता सुनाउन अनुरोध गर्दै । राजाको साहित्य प्रति त्यस्तो प्रेम देखेर म ज्यादै आनन्दित भएँ । एउटा देशको सम्राट् समेत संलग्न भएको कवि सम्मेलन संसारमा विरलै होला वा भएकै छैन होला । म त्यसबेला निर्माण र यातायात मन्त्री थिएँ । त्यसबेलाको आनन्द वर्णन गरेर साध्य छैन । स्वयम् राजाको समुपस्थितिमा गंगाको माझधारमा कवि सम्मेलन हुनु त्यो भन्दा ठूलो आनन्द जीवनमा अरु के हुन सक्छ र ।

प्रश्न नं. ९ - दायित्व प्रकाशन गर्न लागेको आठ वर्षको अवधिमा यस पत्रिका मार्फत हामीले समाजलाई के दिन सक्यौं के सकेनौं ! यो सबै पाठकहरुको जिम्मा । यहाँको दृष्टिमा हाम्रो जस्तो साहित्यिक पत्रिकाको भविष्य कसरी कायम गर्न सकिन्छ भन्ने लाग्छ ?

व्यथित - शारदा जस्तो पत्रिका पनि सेलाएर गयो । अरुको के कुरा गर्ने - राजा संरक्षक भएको नेपाली साहित्य संस्थानको मुखपत्रिका 'हिमानी' पनि अर्थाभावको कारण दीर्घजीवि हुन सकेन । हामी मध्यम श्रेणिका सफेदपोश हौं । हामीले हाम्रो वर्ग र केही उच्च वर्गलाई छोएर कविता लेख्छौं, तर सधै बिहान बेलुकाको समस्यामा पिरोलिएका, एक माना राम्रो मीठो खान नसक्ने, एक छाक मीठो खान दशैं तिहार पर्खिनु पर्ने बहुसंख्यक रोग र व्याधिले ग्रसित पिछडिएको तल्लो वर्गका जनताको बारेमा लेख्न सकिरहेका छैनौं । यसरी सबै वर्गलाई समेटेर समाजमा देखिएका विभिन्न विसंगति, कुरीति र कुसंस्कारको बारेमा साहित्य लेख्न सके अवश्य प्रभावकारी हुन सक्छ, नेपाली साहित्यको उच्चतम विकास हुन सक्छ । पत्रिका पनि हातोहात बिक्न सक्छ ।

अहिलेको सन्दर्भमा नियमित साहित्य लेख्ने र पढ्ने व्यक्ति मुश्किलले ४/४ सय होलान् । मासिक, द्वैमासिक, त्रैमासिक र ऋतु पत्रिकाहरु सयौंछन्, तर तिनमा नयाँ विशेषता नभएकोले बिक्री हुन सकेको छैन । मधुपर्क जस्तो पत्रिका पनि गोरखापत्रको विज्ञापनमा चलेको छ । यस्तै अन्य साहित्यिक पत्रिकाहरुको स्थिति पनि सुस्वीर छैन । जुनसुकै बेला पनि अर्थाभावले बन्द हुन सक्ने अवस्था छ । सरकारी स्तरबाट पनि उचित संरक्षण, सहयोग र सद्भाव प्राप्त हुन सकेको छैन । साहित्यको क्षेत्रमा सरकारको दृष्टिकोण उपेक्षापूर्ण छ ।

यसकारण तपाईहरुले वरु सक्नु हुन्छ भने षड्मासिक रुपमा र सक्नुहुन्न भने वार्षिक रुपमा भए पनि प्रकाशन गर्नुस्, तर अलिकति मिहिनेत गरेर, केही नयाँ विशेषताहरु दिएर । जस्तो कि स्तरीय एवम् उत्कृष्ट रचनाहरु छानेर देशान्तरका भाषाहरुमा अनुवाद गरी छपाउनुस् र विभिन्न राजदूतावासहरुको सहयोगमा विदेशी साहित्यिक प्रतिष्ठान वा पुस्तकालयहरुसंग सम्पर्क कायम गरी पत्रिका पठाउनुस् । यसोगर्दा विदेशमा पनि नेपाली साहित्यको प्रचार प्रसार हुन्छ । उनीहरुले नेपाली साहित्य, संस्कृति र कलाको बारेमा जान्ने मौका पाउंछन् र हामीहरुले पनि उनीहरुबाट केही जान्ने मौका पाउँछौं । अर्थात् उनीहरुले आ-आफ्नो देशको साहित्यको विकासमा हुने गरेका गतिविधिलाई जीवन्तता प्रदान गरिएका रचनाहरु, ग्रन्थहरु पठाइ साहित्यिक गतिविधिको परिचय गराउने छन् । यही नै अहिलेको सन्दर्भमा बढि प्रभावकारी सिद्ध हुन सक्छ ।

प्रस्तुतिः ठाकुर शर्मा
रामप्रसाद पन्त

कविता

सपनाको जून: विपनाको घाम

▭ तीर्थराज अधिकारी

मैले -
सपनामा देखेको जून र
विपनामा कल्पेको घामको
यथार्थ रुप तिमै हो
विश्वासको चोखो समर्पण
इमानको सत्य यात्रा
त्यसै कहाँ गल्यो र ।
अब मेरो देवता ।
तिमी हिमाल जस्तै अग्लिराख
तिमी गुराँस जस्तै फक्रिराख ।

मेरो मुटु ।
मेरो प्राण ।
तिमी आकाश जस्तै खुलिराख
तिमी धर्तीभरि फुलिराख
तिमी अनन्तज्योति र
पसिनाका मोती हौ
तिमी स्वाभिमानी शिर र
अविजेय छाती हौ -
उत्सर्ग चम्किराख ।

मेरो जीवन ।
मेरो प्यारो स्वतन्त्रता ।
बलिदान - तिमी वरदान बाँचिराख ।
चट्टान गलायौ
अब गोलबन्दी घेराहरु तोड
स्वागतमा उत्सुक छन्
देहात/देउरालीहरु

मीठो आरती गुञ्जनुपर्छ
ओसिला बस्तीहरुतिर
तिमी न्याना पाइलाहरु हिंड ।
असारे भाकामा तिमी उठ्नुपर्छ
भावनाको तिमी इन्द्रेणी झुल्नुपर्छ
बागमतीको किनारामात्र
-नठान कर्मक्षेत्र ।

मेचीकालीका बगरमा -
अविरल दूधकोशी र गण्डकी बग्नुपर्छ
वीरताको निशानी ।
अब तिमी 'बुद्ध' हुनुपर्छ
नुनिला आँसुलाई -
अब तिमीले धुनुपर्छ ।

गोरखा
हाल: काठमाडौं ।

निबन्ध

आऊ ! बुद्ध - ब्रह्म आऊ !

तेजेश्वर बाबु श्वंग:

विचार ब्रह्माट बुद्ध बिलाउन थालेकोबेला हामीले चहारी रहेको बुद्ध बोधिवृक्ष मुनि बोधिसत्व पाउने बुद्ध बाहेक अरु के हुन सक्ला ? विचार ब्रह्को आध्यात्मिक तत्व बोधिसत्व नभए अरु के हुन सक्ला ? बोधिसत्व आध्यात्मिक तत्व बने विचार विज्ञान आचार संहिताको आधारशूत्र किन नहुन सक्ला ? बुद्ध मात्र विचार ब्रह्मा आलोकित थिएन । उनी अचारणका अधिष्ठाता नै थिए । उनी भेदभाव विहीन विज्ञ्य समूदायका मार्ग निर्माता थिए । जसको मार्ग नै सम्यक थिए भने उनका पाईलामा असम्यक विभेद कसरी सम्भव हुन सक्ला ?

बुद्ध शीलका अधिष्ठाता थिए । शीलका अधिष्ठाता बन्न बुद्धले सिद्धार्थ आचरण अपनाए । शील मात्र प्रार्थनाका बाध्य बाक् पद्धति होईन । शील स्वयम् स्वभावका सैन्दर्य स्वभाव हो । शील भन्नु अनुशिलनको प्रसस्त मार्ग हो । मार्ग पाईला चाल्ने ठाउं हो, दिक साधनाका आधार । पाईलाहरुले मार्ग प्रशस्त गर्नसक्छ, उदाहरण स्वयम् शिद्धार्थ गौतम बुद्ध बने । मार्ग पाईला चाल्नेहरुको दिक् सधाना हो, बुद्धले यसलाई चरितार्थ पारे ।

बुद्ध भन्नु एउटा अद्वितीय चरित्र निर्माण हो । बुद्धले चरित्रकै भरमा विश्व मनुस्य हृदयलाई जिते । जित्नुको प्रयोजन विवेक परक हुन्छ । जित्नु शक्तिको प्रपञ्च हुन सक्दैन प्रयोजन बन्न सक्दैन । बुद्धले मनुस्य [illegible] त्यो स्वान्तः सुखाय थिएन । सिद्धार्थ गौतमको प्रयोजन सर्व कल्याणार्थ थियो । बुद्ध मानिस बने, राजकुमार बनेनन् । सिंहासन त्यागे, प्रियदर्शिनीको कोमल मृदु र अधरको मुस्कानलाई तिलाञ्जली दिए ।

जहां जहां त्याग र तिलाञ्जली छ त्यहां त्यहां बुद्धका सिद्धार्थले अर्थबोध पाएको हुन्छ । जहां जहां अर्थ बोधको व्योम छुन्छ त्यहां त्यहां सिद्धार्थ बुद्धका गौतम गगन चुम्बी सगरमाथा झैं उठेको हुन्छ । बुद्ध स्वयम आफू मित्रबाट बनेका धरोहर मानिस मानिस मित्रका मानिस, मानिस बाहिरका सहृदय मानिस । उनले सम्पूर्ण मानिस जातिका प्रणीलाई मानिस बनाउने चेस्टामा आफूलाई मानिस बनाए सबैभन्दा अगाडि । बुद्धले जानेका थिए, पहिल्याएका थिए, आफै मानिस बन्न नसकी अरुलाई मानिस बन्न सधाउन सकिन्न ।

भौंतारी भौंतारी म बुद्धलाई खोजी रहेछु । मेरै अन्तस्करण भित्र लुकि छिपि बुद्धले मलाई छुन खोजी रहेछ । म बुद्ध देख्ने रहर राख्छु । बुद्धले मलाई पाउने चेस्टा गर्दा हो । म बुद्धलाई भेट्टाउन लम्कन्छु । बुद्धले हात पसार्ई मलाई फेला पार्न । बुद्धले मलाई छुनछुन खोज्छ । म बुद्धलाई देख्न सकिराखेको हुन । बुद्ध र मेरो बीच एक अजीब चहारी मेला लाग्छ । तर, बुद्ध चहारेर भेटन नसकिने लोग रहेछ । बुद्ध त स्वयम् अनेक शील भित्रको शालीनता रहेछ । बुद्ध खोजको विषय रहेनछ ।

यो स्तूप बुद्धकै स्मारक हो । त्यो चैत्य पनि बुद्धकै चेतनाको स्मारिका रहेछ । उ त्यो स्वयम्भूको गुम्बज पनि त बुद्धकै मस्तिष्कको प्रतीक हुंदोहो । त्यो गुम्बजना उतारिएका चित्र पनि त बुद्धका लोलाएका आखाको भाका हुंदोहो । परन्तु बुद्ध स्वयम् एउटा स्मारक बन्न सक्दैन । बुद्ध खाली स्मारकमा सीमित र हुन सक्दैन । स्मारक त संस्मरण गराउने एउटा भौत्ट साधन मात्र हो ।

अघेल म चैत्य वरपर घुमेर बुद्धलाई बन्दना गर्ने गर्दछु । तर, बुद्ध कहां चैत्यकै परिवेश पूरक चेतना बन्छ । चैत्य त चेतना जगाउन प्रेरणा दिने एउटा प्रेरक साज स्थापना मात्र । चैत्य त स्थापत्य कला संस्कृतिका संवाहक मर्मज्ञ चेतनाका एक अभिव्यक्ति मात्र । बुद्ध कहां एउटै मर्मस्पर्शी स्थापत्य कलामा साश्रित रहन सक्छ । बुद्धलाई कुनै स्तम्भ र स्थापत्य शैलीमा ढाल्न खोज्दा म आफै बेढंगसित ढलेको अनुभूतिले मलाई त्राहिमाम पारेको छ ।

न चेतना स्मारिका हो । न त स्मारिका नै चेतनाको बिम्ब बन्न सक्छ -स्थूल रुपमा । स्मारिका चेतना बिम्ब बन्न सक्छ केवल भावनात्मक आलोकमा । भावनात्मक आलोक यस मनुस्य लोकको प्रतीकात्मक चेतना बोध हो । त्यसैले चैत्य बुद्ध चेतनाको प्रतीक बन्यो । अनि बन्यो चेतनामय बौद्ध चैत्य चैतन्य जगतको कलात्मक अभिव्यञ्जना शैली । त्यसैले चैत्य बौद्ध शीलवन्दना आराधना र अनुशीलन तीर्थस्थल । किन्तु, म भने चैत्यलाई टुलुटुलु एकाकी हेर्दै बौद्ध चेतना देखि अनकन्टार टाढा टाढा परि रहेछु । बुद्ध - चेतना जसमित्र अहिंसा मन्त्रहरु गुन्जीरहेको हुन्छ । मेरो, हाम्रो कानमा कानेगुजीले प्रवेश गराउन्न । कानेगुजी परेर हाम्रो श्रवण-चेतना चकनाचूर भएछ ।

चेतन-ब्रह्म पुञ्ज मानिसकै मास्तिष्क आकारमय स्वयम्भू गुम्बज पनि त एक बिम्ब नै रहेछ । स्वयम्भू एउटा प्रकृति । प्रकृति स्वनिर्मित सत्य-शास्वत स्वभाव । त्यहां कृतिमताको लेश छैन । म भनें बुझेर पनि बुझ पचाउने होलीका-भस्म समान बनेछु । आऊ, कोही दीव्य चेतना भए उद्धार गरि दिन अघि सर्दै आऊ । मलाई चेतन-ब्रह्म-पुञ्जकै स्वयम्भू बुद्ध चाहिएकोछ ।

बारम्बार अभिवादन गर्दछु म चेतना बुद्धका बुद्धत्वका लागि । चेतन-ब्रह्म- बुद्धकै आंखा चाहिएको छ मलाई स्वयम् खुलेका दृष्टिकोणहरु भरेका । म भने यहां चर्म-चक्षुमा लोलाएर दीव्य चक्षु चिम्ली रहेछु । स्वयम चर्म-चक्षुमा अभ्यस्त मेरो म अन्तरचक्षु खोल्न विर्सिरहेछु । हामीलाई यतिखेर ब्रह्म-दृष्टि चाहिएकोछ । ब्रह्म-दृष्टि नै चाहिएकोछ यसभेला जसमा दृष्टि-ब्रह्म दिगन्त सर्वेक्षण गर्न सकोस् । आऊ, बुद्धका आंखाहरु ! आउ त यहां स्वयम्भू स्तूप देखि काठमाडौं उपत्यका सम्म आऊ । आऊ बुद्ध चक्षु हरु आओ, आऊ यहांका नानी एकफेरा नियाल्दै आऊ ! आंखा बिनाका दृष्टिहरु र दृष्टि बिनाका आंखाहरु एकैछिन एक पटक आपसमा आंखा छामछाम छुमछुम गर्न आऊ । सके, बुद्ध तिमीले एकपटक आफ्ना आंखाहरु बांडी देउ, सबैलाई काठमाडौं उपत्यका बासिलाई, मेची - महाकालीका सार्वभौम आंखा दिनुपर्ने हरुलाई, एशिया महाद्विपलाई, युरोप महाद्विपलाई, अमेरिका महाद्विपहरुलाई, अफ्रिका महाद्विपलाई, दुबै ध्रुवीय महादेशलाई । आखिर बुद्ध भन्नु पनि त आंखै आंखाको आलोक न हो । मलाई आलोकित बुद्ध चाहिन्छ । मलाई बुध्दको आलोक चाहिन्छ ।

बुद्ध चाहनाको यो बेला चील र गिद्धहरुले मलाई ठुक्री रहेछ, संसार लाई उल्टै अनि । बुध्दको संदेशलाई गिद्धहरुले संवाहन गरी रहेछ । कहां बुद्ध, कहा गिद्ध । बुद्ध सुमसुम्याउने हत्केला । गिद्ध सुझाचुडी गर्ने ठुङ्गाहु । गिद्ध र चीलहरुले ठुङ्दा ठुङ्दै छिपा छिपा परेका विछ्तै देहहरु विक्षिप्त छन् । बुद्ध तिम्रा अप्रमाद आचार संदेश गिध्दहरु दुभ्दैनन् । बुद्ध तिम्रा चिवर रंगको अर्थ उनी हरुलाई आउंदैन । रंगका भाषा शास्वत हुन्छन । भन्छन रंग बोल्न थालेपछि शब्दले बोल्न लगाई रहनु परोइन । शब्द भन्दा रंगको बोली व्यापक बन्छ । तर गिद्धका आंखा रंगका भाका पढ्दैनन् । उन्लै रंगमा परिणती पाईसकेका होउन् गिद्ध त सिनो नै चहारी हिंडछन् । हो गिद्धका आंखा चानाचो हुन्छन् र योजनौ योजनको हरी भेषबन्छन् । परन्तु बुद्ध ! उनका चनाचा आंखाहरु चल्ला र सिनो चहार्न मै मात्र प्रयुक्त छन् ।

गिद्ध दृष्टि युक्त युगमा म बुद्ध । तिमिलाई बन्दना गरी रहेछु । बुद्ध एक पटक तिमी स्वयम्भु सिद्ध हुन आऊ यस गिद्ध लोकमा अब । बुद्ध । तिमी आऊ शान्त्वनाको अभिशेक भन्दा स्वस्थ आचरणका हत्केला उचालेर आऊ । आऊ बुद्ध, आऊ यहा तृष्णालाई दहन गर्न आऊ । म संत्रस्त छु । असंख्य म जस्ता महरु पनि संत्रस्त छन्, बुद्ध । आऊ बुद्ध । संत्रासयुक्त गिद्ध परिवेशबाट उन्मुक्त गराउन महरुलाई आओ । अहिले यसकै लागि बुद्धम् शरणम् चाहिएको छ । यसकै निमित्त संघम् शरणम् चाहिएको छ । यसकै लागि अनि चाहिएको छ धम्मम् शरणम्, बुद्ध । बुद्ध ब्रह्म माथि गिध्र दृष्टि सेलाउनु छ ।

बुद्ध । तिम्रा भीक्षापात्रमा अनाशक्त थियो । अनाशक्त भीक्षापात्र तिम्रो त्यसैले चुहिएको थिएन । तिम्रो भीक्षापात्रमा पात्रता थियो । पात्रता स्वयम् बुद्ध थियो- स्वयम्भू । तर, बुद्ध । अचेल भरी यहांका भीक्षापात्रहरु प्रायस: चुहिएका छन् । चुहिएर भीक्षापात्र अनाशक्त सबैभन्दा पहिले पात्रबाट चुहिएछ । अनाशक्त चुहिदै टप्कदै जाँदा हे बुद्ध । अब भीक्षापात्र भरी आशक्तिपन टनाटन भरिएको आभाश भईरहेछ । त्यसैले अनाशक्त बुद्ध आऊ । यी आशक्त पात्रहरु पात्रताले टम्म टालिदेउ अनाशक्त ब्रह्मले । बुद्ध । मलाई पनि अनाशक्त बनाई देऊ । म आशक्तिपनबाट हैरान हैरान छु । मेरा अनन्त महरुलाई मेरा बुद्ध भावनाहरुले नुहाई दिन आऊ । त्यसैले आशक्तिपनले मुरमुराएको यो गुम्मलाई अनाशक्त, जीवनदायिनी वर्षा बनी छोई दिन आऊ । पखाली दिन आऊ ।

निष्ठार्छे,

सूर्यबिनायक मार्ग, भक्तपुर ।

समालोचना

'दायित्व' पछाडि फर्केर नियाल्दा

रामप्रसाद राहाल

लगभग आजभन्दा छ सात वर्ष अगाडि यस पत्रिकाका कार्यकार ी सम्पादकज्यूले बडो विनम्रतापूर्वक निश्वार्थरुपले साहित्य सेवा गर्ने कुर ा उठाउदै पाटन क्याम्पस पछाडि रहेको भूकम्प कार्यालयको कोठा र क्याम्पसको बाटो ओहोर दोहर गर्दा दायित्व साहित्य प्रधान मासिक पत्रिका निकाल्ने र त्यसकोलागि हेमलालजी र तपाईले सहयोग गर्नु पर्‍यो भनि भनेका पूरा आधा वाक्य -वाक्यांश कता कति मेरा मनमा ताजै छन । तर आज म जिल्ल परिरहेको छु दायित्व पछाडि फर्केर नियाल्दा ।

दायित्व पत्रिका प्रकाशित हुँदै गएछ । कुनै दायित्व मेरो हात परेछन कुनै नियमित पत्रिका नपढिदिने बानीले होला मेरो आँखामा नपरिकनै दायित्व अगाडि लुकामारी खेल्दै खेल्दै गएछ र आज पच्चीस अंकको जोशिलो वैश बोकेर मेरो सामु चासो खुल्दुली र रहरलाई अझ तिव्रता दिन जन्मने तरखर गर्दैरहेछ । यी सबै कुरा मित्र रामप्रसाद पन्तज्यूबाट सुनेपछि म मा एक किसिमको अनौठो अनुभूति उत्पन्न भईरहेछ । म मा दायित्व फर्केर हेर्नु झन दायित्व भएको छ । यसै पृष्ठभूमिमा साहित्यिक पत्र पत्रिकाको लेखक भन्दा पाठक कम भएको यो बिरसिलो बजारमा त्यसैदिए नपढिदिने पैसा हालेर नकिनिदिने हामी नेपाली पत्रिकाका पाठकहरुमा कसरी दायित्वले आफ्नो चौबीस पुष्पगुच्छाहरुलाई समर्पण गर्न सक्यो यो नै प्रश्न चिन्ह खडा भए जस्तो छ । उत्तर सायद यस पत्रिकाका सम्पादक प्रकाशक परिवारको व्यथा र कथा बनेको होला । त्यसलाई मैले ज्यादा खोतल्नु त नजाने गाउँको बाटो सोध्नु जतिकै ठहरिने हुनाले यस प्रसङ्गलाई यत्तिनै ।

दायित्व पछाडि फर्केर नियाल्दा यो एक विशुद्ध साहित्यप्रधान मासिक पत्रिका हो । यस पत्रिकाले आफ्नो आफ्नो विकास यात्रामा नेपाली साहित्यका सिद्धहस्त लेखक देखि शिकारु लेखकसम्म सबैलाई कुनै न कुनै रुपमा आफ्नो प्रयासमा समेट्न खोजे जस्तो देखिन्छ । नेपाली साहित्यका विविध विधाहरु - कथा, कविता, निबन्ध, यात्रा साहित्य जस्ता विविध सिर्जनामूलक अभिव्यक्तिहरु एकातर्फ समेट्न खोजेको देखिन्छ भने अर्कोतिर समालोचना र आलोचनालाई स्थान दिएर स्थापित लेखकका कृतिहरुको विवेचना समावेश गरेको देखिन्छ । अन्तरवार्ता र अनुभवलाई समेत समावेस गरिएको पत्रिकाको आकारलाई हेर्दा लगभग ६० पृष्ठमा फिजारिएको देखिन्छ । विभिन्न अंकमा नै विविध विशेषांक निकालिएको यसपत्रिकाका विविध रचनालाई हेर्दा भने कतै बिरामीकोलागि मेथी जाउलो कतै बूढी आमाकोलागि राखिएको खोरीको मह जस्तो खादा अति स्वादिलो कतै कतै निकै बेस्वादिलो के यो पनि साहित्य ? भन्ने प्रश्न उठाउने खालकै पनि रचना फाट्ट -फुट्ट नदेखिएको होईन । कुनै अंकमा निकै गन्हूँगो काम पनि भएको रहेछ । यैरै प्रवासी लेखक बन्धुहरुलाई स्थलगत रुपमा नै भेटि प्रवासी साहित्यकारहरुले नेपाली साहित्यमा गरेको योगदान र करिरमाको मूल्याङ्कन प्रतिभाको प्रस्फुटनको संकलन । यदि मैले आफूलाई संकुचित पार्ने हो भने मेरा निम्ति प्रवासी साहित्यकारको निमित्त प्रकाशित दायित्व र समालोचना तथा पुरस्कृत प्रतिमा विशेषांकको अंकनै गहकिलो साबित भएको छ । अन्य अर्थ नलिएमा ।

समग्रमा दायित्वलाई भित्र पसेर फर्केर नियाल्दा यो रचना र त्यो रचना भनेर शिकारु लेखकको कलिलो मुनालाई चुड्ने प्रयास नगर्ने हो भने कतै कविता कतै अकविता छापिएको छ, कतै कथा कतै अकथाले स्थान पाएको छ, कतै निबन्धको ठाउँ प्रबन्धले लिएको छ, कतै यात्रा साहित्य पनि इतिवृत्तात्मक शैलीको मीठो कथा बनि दिएकोछ । शैलीको दृष्टिले हेर्ने हो भने पनि इतिवृत्तात्मक शैली देखि सूत्रात्मक र सांकेतिक शैलिमा लेख रचनाहरु छापिएका छन । तर चिन्ता छैन दायित्वलाई । किनकि उ स्पष्ट छ र पूर्णाङ्क १७ को सम्पादकीयमा भनिएको छ - समयको प्रवाहसंगै साहित्यिक प्रवाहमा पनि नयाँपन र केहि नौलो विचार तथा अनुभूतिहरु जन्मदै छन । यही नयाँपन र नयाँ अनुभूतिहरुको संगमस्थल नै दायित्व हो । यसै दायित्वमा देखापरेका नयाँ अनुहार र तिनैबाट व्यक्त अभिव्यतिले पत्रिकालाई उजागर बनाएको छ ।

दायित्व पत्रिकाको १७ औं अंक हातमा पर्नासाथ दायित्व पछाडि फर्केर नियाल्नु पर्ने औचित्य मैले देखिन । १६ अंक सम्मका विस्तृत गतिविधिहरुलाई कृष्णप्रसाद पराजुलीका "दायित्वका कविता हेर्दा" गोपीकृष्ण शर्माको "दायित्व र यसका कथाहरु" डा. तुलसी भट्टराईको "दायित्व: दायित्व हो" नामक समालोचकीय लेखहरुले नै पर्याप्त व्याख्या

र विश्लेषण गरिसकेका हुनाले यसभन्दा पछाडिका अंकहरुलाई केन्द्रित गरी केही कुराहरु राख्दैछु ।

कथा विधालाई चर्चा गर्दा रुद्र जवालीको अनुत्तरित प्रश्न, शून्य समय नामक कथाहरु छापिएका छन् र समसामायिक समस्याको चित्रित यिनका कथाहरुमा यौवनका छचल्काहरु, अल्लारे प्रेम र यौन भोकलाई खोतल्न खोजेको देखिन्छ भने कथाको संरचना पक्षमा केही शिथिलता देखिन्छ । यस्तै ज्ञानेन्द्रको श्रीमतीको चाहना कथाले नारीहरुको आंकाक्षा वा उनीहरुको मानसिक र भौतिक भोकहरुलाई टिप्न खोजे जस्तो देखिन्छ । खिला तुम्वाहाम्फेको आफैमा अल्झिएका विवशताहरु कथाले नारी अस्मिता सम्बन्धमा वकालत गरेको देखिन्छ । सामाजिक विषयवस्तु नै कथाको मूल धार रहेको देखिन्छ । सबिन शाक्यको त्यो फेरी फर्कन्न, मथुर ा के.सी.को दुर्व्यसन अनि दुई प्रेमी, पूर्ण राईको पासाङहरुको कथा, भाष्कर भण्डारीको मसाल, प्रेम प्रधानको विवशताभित्रका इच्छाहरु, मनिक्रम शर्माको गुफा, ध्रुव नेपालको क्रमश: मृत्युहरु, कमला स्वरुपको आत्मघात, संगिता स्वेच्छाको धमिलो अस्तित्व, सुनिल सापकोटाको बेसहाराका सुस्केराहरु, तुलसी भट्टराईको प्रश्न आफैमा, आदि कथाहरुलाई पढ्दा कतिपय कथाहरुले समसायिक समस्यालाई जल्दो बल्दो रुपमा उठाएको देखिन्छ भने कतिपय कथामा प्रणय प्रेमका घटना दुर्घटना र यौन आवेश तथा शोषक शोषित पक्षको कारुणिक चित्कारहरुलाई चित्रण गर्न खोजेको देखिन्छ । रामप्रसाद पन्त भने यस पत्रिकामा विविध विधामा देखापरेका छन् । सायद दायित्वलाई विविध पक्षबाट आकर्षण गर्न सकियोस र सबै खाले विचारहरु साहित्यमा समेटन सकियोस् भन्ने प्रलोभनमा परेरै होला कतै कुशल समालोचक कतै घुमन्ते यात्रि कतै कथाकारको रुपमा पन्तजी देखिनुहन्छ । समग्रमा भन्दा जोश जाँगर सिर्जनाको त्रिवेणीमा बहकिएका छन् पन्तका साहित्यिक रचनाहरु ।

दायित्वले समेटेको कविता र मुक्तक विधालाई हेर्दा विधाको तुलनामा यो फाँट नै बढी देखिन्छ । लघुत्तम र लघु कविताहरुले मानवीय संवेदनशील पक्षहरु समय सापेक्ष रुपमा देखाउन खोजेको पाइन्छ । पूर्ण विराम, बाबा बस्नेत, श्रवण मुकारुढ, कृष्ण बाउसे, शैलेन्द्र साकार, केदार सुबेदी, रत्ननिधि रेग्मी, कुलचन्द्र कोइराला, मुकुन्दराज पथिक जस्ता स्थापित कविका कविताहरुले लय, भाव र भाषाको सन्तुलित स्वरुप देखाई केहि नयाँ पन र केहि नयाँ सन्देश दिन खोजेको देखिन्छ । यस बाहेक पनि कैयौं नव प्रतिभाको नव प्रस्फुटन पनि प्रभाति किरणले दिनभरिको संकेत दिए झैं भावि दिनहरुमा राम्रै संकेत दिने खालको देखिन्छ । कविताका पक्षलाई केलाउँदा भने बढी गद्य शैलीका कविताको फाँट नै ज्यादा उर्वरा देखिन्छ । त्यसपछि मात्र लयात्मक गीत, गजल र मुक्तक कविताको फाँट देखिन्छ ।

समालोचना र समीक्षाका क्षेत्रमा हेर्दा कृष्णप्रसाद पराजुली, ठाकुर शर्मा, तुलसी भट्टराई, गोपीकृष्ण शर्मा, राजेन्द्र सुबेदी, रामप्रसाद पन्त, इत्यादि व्यक्तिहरुको खारिएको समालोचकीय आँखाले आलोचना भन्दा समालोचना नै बढी राखेर लेखेको देखिन्छ । दायित्व बारे नै कतिपय समालोचना लेखिएका छन । कतिपय स्थापित साहित्यकारका कृतिहरु माथि प्रकाश पारिएको छ । जसमध्ये कृष्णप्रसाद पराजुलीको नौलाख तारा उदाए का कविसंग, राजेन्द्र सुबेदीको कथाकार ध्रुवचन्द्र गौतम, रामप्रसाद पन्तको 'बन्द तगारो' लाई नियाल्दा, ठाकुर शर्माको रिडी र राची (हाँसै हँदै) सामान्य केही कुरा कसै कसैको छोडेर स्तरीय र महत्वपूर्ण विश्लेषणमा केन्द्रित समालोचना र समीक्षाको स्वरुप देख्न सकिन्छ । तर खासै यस क्षेत्रमा दायित्वले आशाजनक प्रकाशन गर्न नसके जस्तो मलाई लागेको छ ।

भेटवार्ता, धर्म संकृति, नाटक, संस्मरण जस्ता कुरालाई पनि दायित्वले कुनै न कुनै अंङकमा कुनै न कुनै रुपले समेट्न खोजे जस्तो छ । गोपाल योन्जन, कृष्णभक्त श्रेष्ठ, पारिजात, सिद्धिचरण श्रेष्ठ, जस्ता व्यक्तिका बारेमा संक्षिप्त रुपमा भएपनि साहित्यिक व्यक्तिको चिनारीको रुपमा राखिएको छ । तथापि यी भटर्वाताहरु उपलब्धिमूलक नैं रहेको देखिन्छ । 'आमा, तिम्रो नाम' जस्तो श्री कृष्ण गौतमको रोचक शैलीमा दार्शनिक पाराले व्याख्या गरिएको यस लेखले पनि केही संन्देश पाठकलाई दिइरहेको देखिन्छ । फणिन्द्रराज खेतालाको सामाजिक विषयवस्तुमा आधारित 'बूढो गोरु' नाटक छापेर दायित्वले नाट्य विधामा प्रवेश गर्न खोजे जस्तो छ । यसबाहेक पनि यात्रा - नियात्रा र संस्मरण छापेर दायित्वले नेपाली पाठकलाई नेपालकै कुना काप्चा र त्यहाँको जनजीवन घटना दुर्घटनालाई चिनारी गराउन खोजेजस्तो छ । दार्सिङवासे माईलोको 'बाबा मलाई छाडेर....' समझदारीको अर्थ, रामप्रसाद पन्तको लुकेको अस्तित्व लुकेरै अन्त्य भयो, निकै रोचक हुनुका साथै पाठकलाई मार्मिक छाप छोड्न सफल भए जस्तो लाग्यो । मिलनराज गर्तौलाको पोखरा जो मरो आँखाबाट...., गोविन्द श्रेष्ठको कान्तिपुर देखि बुद्ध भूमिसम्म जस्तो सूचनामूलक यथार्थपरक यात्रा नियात्राको वर्णनमा पनि विरोध जनाई हाल्नुपर्ने ठाउँ म देख्तिन ।

उल्लेखित विधाहरु बाहेक पनि निबन्ध विधालाई दायित्व मासिकले छाडेको छैन । यस क्षेत्रमा रामप्रसाद शर्मा, मधुबन पौडेल, प्रतिक ढकाल, विष्णुगोपाल रिसाल, खिमानन्द पोखरेल, श्री ओम रोदन, पदमबहादुर गरुङ, कृष्ण प्रधान, हरि मन्जुश्री, इन्द्रकुमार श्रेष्ठ सरित जस्ता साहित्यिक रथीहरुका निबन्ध लेखहरुलाई दायित्वले समेटेको छ । सूचनामूलक सामग्रीका साथै आदि मध्य र अन्त्यको क्रम मिलेका केही निबन्धहरु निकै उत्कृष्ट देखिन्छन् । कतै-कतै कलिलो हात लम्पकिएकोले विषयको विस्तारमा अलमल्ल परेजस्तो देखिन्छ ऐतिहासिक सामाजिक सन्देशहरु नै विषयवस्तुका रुपमा राखिएका यी निबन्धहरु समग्र रुपमा भन्दा ज्ञानवर्धक नै देखिन्छन् ।

अन्त्यमा दायित्वलाई पछाडि फर्केर नियाल्दाको काम सकिसकेपछि मलाई जिम्मा दिएभन्दा बाहिरको कामको चर्चा गर्न यस लेखमा खस-खस लागिरहेछ । अब म किन दायित्वतर्फ फर्केर नहेरौं । त्यसैले म भोलिको दायित्व प्रति दायित्व परिवारलाई केहि कुरा राख्न चाहन्छु । जसरी दायित्व यहाँ आइपुग्यो त्यसकोलागि दायित्व परिवार बधाइको पात्र छ । अब आउने दायित्वमा भने संदेशमूलक स्तरीय आजको मानव सभ्यताको यान्त्रिकता जटिलता वा मानवीय जिजीविषालाई चित्रण गरिएका उल्लेखनीय रचनाहरु छाप्ने गरौं, सदैव स्तरलाई ख्याल गरौं र धेरै विधा छाप्ने लोभमा परी स्तर लाई नबिगारौं । अब प्रकाशित हुन लागेको पच्चीसौं रजत अङ्क देखि प्रत्येक अंकले ठोस गति लिन सकोस यही दायित्व प्रतिको हार्दिक शुभकामना ।

कथा

सुकुम्वासी

शङ्कर कोइराला

साँझ परिसकेको थियो । यसैले अँध्यारो गाढा हुँदै शहरका गन्हाउने गल्ली र दुर्गन्धी चोकहरुमा घुसेर बसेको थियो । सधैं झैं त्यो यसैगरी हप्तापीच्छे भारदै शहरवासीहरुलाई युद्धको आक्रमणबाट बचाउन रिहर्सल गरिरहेको हुन्थ्यो । कोही बहादुर हातमा राँको लिएर जुलुस निकाली नारा लगाउँदै थिए - अन्धकार चाहिँदैन भन्दै । तर कोही कोठा र मूल ढोका बुजेर आफूलाई सुरक्षित ठानिरहेका थिए । टाउको नालीको दहमा गाडेर भए पनि बिना क्रन्दन र बिना प्रतिरोध ।

इष्टमुनि आफ्नो घरको गल्लीको मुखमा गजघम्म बाटै छेकेर बसेको काले बर्दी लगाएको चोर वा ज्यानमारालाई देखेर झस्के झैं मुटु ढक्क फुलाएर टाढै ठिंग रोकियो अगाडि बढ्न नसकेर । पछि सर्दै सडक छेउसम्म पुग्यो । सडकमा बटुवारेहरु आदतले गर्दा अँध्यारोमा पनि निर्धक्क हिंडदै थिए ।

उसले अगाडि हेर्दै सोच्यो - त्यहाँ कोही छ ! बन्दुक नभए पनि ढुकुरी लिएर उभिरहेको छ कसैलाई पस्न नदिएर त्यस गल्लीभित्र । अनि उसका शागिर्दहरु गल्लीभित्र घरमा पसेर लुटमार गर्दै होलान् ।

अनि उसले एउटा बटुवारेलाई 'कति बज्यो होला ?' भनी सोध्यो । यत्तिकैमा बत्ती घर-घरै बले ।

त्यो चोर ज्यानमाराका ठाउँमा फोहोर फाल्ने कन्टेनर पो र हेछ जो शायद आजै मात्र राखिएको थियो ।

"... अन्धकार हटाउनलाई बिजुलीको मात्र भर पर्ने हाम्रो आदत भइसकेको छ । बत्ती निभाएर अँध्यारोमा बस्ने बानी हामीले सुधार्न सक्नु परेको छ । अँध्यारो हटाउनलाई बिजुलीको खपतले म्याउनेतिर ध्यान दिंदा हामीले अँध्यारोमा पनि हुन सक्ने उद्योगधन्धाको विकासतिर पनि ध्यान दिनुपर्छ्चोरी डकैती अपहरण पनि समाजकै अंगहरु हुन् । यिनको विकासले यिनकै विनाश गर्छ । महँगीले महँगी हटाउँछ । अँध्यारोले अँध्यारोलाई हटाउन बल पुग्छ । भनाइ पनि छ - कण्टके नैव कण्टकम् । काँडालाई निकाल्न काँडा नै चाहिन्छ ।" - खुला मञ्चमा विद्युत् आपूर्ति मन्त्री कुर्लीकुर्ली भाषण दिंदै थिए ।

भाषण सुनेर इष्टमुनिको ज्ञानचक्षु खुल्यो । यस्तो शिक्षा त विद्यार्थीहरुलाई पाठ्यपुस्तकमा समावेश गरी अनिवार्य गर्नु पर्ने थियो ।

इष्टमुनिका ६३ वर्षीय बाबु वीर अस्पतालको कमन रुमको एउटा बेडमा लडिराखेका थिए कलेजो र उच्च रक्तचापको रोगले ग्रसित भएर । उनको अवस्था झन् झन् नाजुक हुँदै थियो ।

डाक्टरले लेखेको ओखती किन्न धौ धौ भएपछि ऊ बाबुलाई माया पार्ने मनोबल आफूमा पैदा गर्ने प्रयास गर्दै थियो । बाबु कहाँ ओखती किनेर लैजाने हिम्मत थिएन । त्यसको सट्टा मन्त्रीको भाषण सुन्दै मनलाई दरो गर्दै थियो । अरुसित ऊ पनि थपडी लगाउँदै मस्त हुन्थ्यो र त्यसबेला को बाबु को आमा एक छिन भए पनि बिर्सन पार्उँथ्यो ।

ऊ माष्टरी पेशा गरेर आमाबाबु र आफ्ना जहान बच्चालाई पाल्दै आएको थियो - पन्छीहरुलाई चारो खुवाए झैं । सरकारी विद्यालय पनि होइन पब्लिक । खटाएको तलबबाट गुजान गर्दै जीवन धान्दै थियो । अब बाबुको थप दुःख पनि बोक्न नसकी नामर्द हुनु परेको अनुभव गर्दै ऊ पनि एक दिन अकस्मात सिकिस्त भएर अस्पताल भर्ना हुन पुग्यो । बाबु सुतेको कोठामा अन्य रोगीहरुका बीच । उसको किड्नी फेल भएको डाक्टरले शंका गरेका थिए ।

एकातिर घरमा भोकभोकै मर्नुपर्ने परिस्थिति, अर्कोतिर ससुरा र लोग्नेलाई ओखती उपचारको खर्च समेत मास्टर्नी देवमायाले कता हेर्ने । सबैतिर म्याड । छोरा दुइटा स्कूलमा पढाउनलाई फीस तिर्न नसक्ता नपढाउनु नै बेस ठान्नु परेको थियो । सरसल्लाह दिने लोग्नेको पनि त्यो दुर्दशा । माया मार्नु पर्ने अवस्था ।

बूढा ससुराले देवमायालाई बोलाएर मलीन स्वरमा भने - "म मरेर क्यै छैन । इष्टमुनिलाई जसरी पनि रीनसिन गरेर भए पनि घर बेचेर भए पनि ओखती गर्नू है । नातिहरुलाई पढाउनुपर्छ । उनीहरुको भविष्य हेर्नुपर्छ । मेरो भविष्य के छ ! सासु ससुरा नै डाँडा माथिको जून भन्ने सम्झनू । स्यांस्यां गर्दै बोल्दा बोल्दै चुप लागेर आँखा चिम्ले ।

त्यही दिन (लोड शेडिङ्को दिन) ससुराले तनक्क तन्किएर देहत्याग गरे ।

इष्टमुनिले अस्पतालमै बाबुको मुख हेऱ्यो र गहभरि आँसुको तर्पण दिएर बिदा गऱ्यो । मर्नेबेला बाबुले छोरा चाँडै निको हुनू भने होलान् तर म जस्तै लोडशेडिङको दिन नमर्नू पनि भने होलान् - उसले सोच्यो ।

उनको काजक्रिया सिद्धिएपछि इष्टमुनि औषधि उपचार गर्न घर फर्किंयो । तर उसलाई थाहै नदिई ससुराको आज्ञा अनुसार देवमायाले उसको उपचार गर्न घरै बेच्नु पऱ्यो । घर बेचेको बाँकी रुपियाँले एउटा सडकै छेउको तीन आना घडेरी जग्गा दलालद्वारा किनेर एक तल्ला टिनको छानो भएको घर ठड्याए । अनि त्यही घरमा एउटा खिची मिची तरकारी र डेरीको दूध आदि राखेर दुवै लोग्ने स्वास्नीले गुजारा चलाउन शुरु गरे ।

इष्टमुनि फेरि तन्दुरुस्त भएपछि आफ्नो मास्टरी पेशा सम्हाल्न पुग्यो । पुरानो घर अब थिएन । बिजुलीको लाइन ल्याउन सकेका थिएनन् यस नयाँ घरमा । यसैले लोडशेडिङको पीर चिन्ता पनि थिएन । पानी पनि केही पर बुंगेधारोबाट ल्याउने गर्थे । यसैले धाराको महँगो महसूल पनि तिर्नु परेन ।

तर जीउ धन सरकारको भन्ने पुरानो भनाइले उनीहरुलाई पछ्याउन छोडेको थिएन । त्यसरी गए गुड्रेको अवस्थामा गुजान गर्दा पनि अचेल रेडियोले दिनहुँ सूचना गरिरहेको हुन्थ्यो - सडकछेउ दुवैतिर पच्चीस मीटरभित्रका घर टहरा झुप्रा कटेरा ...गते सम्म आफैले भत्काएर नहटाए सडक विभागले नै बुल डोजर लगाई भत्काउने छ ... आदि ।

दलाल मार्फत किनेको सडक छेउको घडेरी यस्तरी ठगाइमा पर्नु पर्ला भन्ने उनीहरुलाई के थाहा ! आनाको एक लाख रुपियाँ हालेर

दशा किने जस्तो अनुभव गर्न लागे । भत्काएर ईंट, ढ्याल, ढोका र मालसामान लैजानलाई पनि अन्त जग्गा थिएन । कसैले जिम्ना लिए पनि उही मालिक हुने ठाने । उनीहरुले आफ्नो घर आफैं भत्काउन सकेनन् ।

ख १/२३८ डिल्लीबजार
२०५२।१।६।४



मधुले कामगर्न बाहुनबाट थाहा पाइन् - रमा र उसकी आमा सदाकोलागि बस्न आज यो घरमा आउँदैछन् । मधुलाई लाग्छ - मानौं यो खबर अपमानको हस्ताक्षर भएर आफ्नो मुटुको पत्रपत्रमा कोरिंदैछन् । शोक सन्तप्त र प्रलयको बडेमाको जाँतोभित्र उनी निर्ममतापूर्वक पिसिन थाल्छिन् । उनको विवेकको आँचल यस्तरी फाटन थाल्छ - मानौं उनको सम्पूर्ण अस्तित्व कुनै सजिव प्राणीको नभई एउटा प्रलयकारी र विनाशकारी तूफान हो । उनी आफूलाई थाम्न सकिनन् मानवीय विवेकको धरातलमा । उनी फाट्छिन्, टुक्रिन्छिन्, चिच्याउँछिन्, रुन्छिन् र चिडिन्छिन् बडबडाउँछिन् । यस्तो लाग्छ - उनी स्वयम् पागल भएर आफ्नो कोठालाई पागलबस्ती बनाउँदैछिन् । कहिले दराजका बिछौनाहरु भुईंभरी फालेर आफ्नो रिस खन्याउँछिन् । कहिले किताबहरु च्यातेर, कहिले बिछ्यौनाहरु भताभुङ्ग गरेर र कहिले भित्ताका फोटोहरु थुतेर आफ्ना सम्पूर्ण क्रोधका आगाहरु सल्काउँछिन् । उनलाई हरेक कुराहरुप्रति मोहभंग भएको छ । लाग्छ - एक थोपा स्नेह पनि उसको हृदयको रसिलो फाँटमा छैन । सुकिसकेको छ । निखिसकेको छ । निष्ठुरता उनीभित्र यति चरमबिन्दुम पुगेको छ कि आफूप्रति मात्र होइन - सम्पूर्ण निर्जीव वस्तुहरुप्रति पनि । उनी निष्ठुर भएकी छिन् । आत्मपीडक भएकी छिन् । एउटा विक्षिप्तताको ज्वार उम्लिएको छ उनी भित्र । जो लगातार पोखिंदैछन् - सल्कंदैछन् ।

ती आमा छोरीको यत्रो हिम्मत यो घरमा बस्न आउन । के यो घरमा उनको अस्तित्व छैन ? के उनीसँग डरभर केही भएन ? आमालाई आफ्नो बाटोबाट हटाएर नपुगी के मलाई पनि यो घरबाट हुत्याउन यो षडयन्त्र गर्न लागेको त होइन ? कसरी सहने ? कति सहने ? सहनुको आगोमा मान्छे जल्न बाध्यहुन्छ भने मान्छेको मूल्य के ?

आमाले मर्नुभन्दा अघि मधुलाई सम्झाउँदै भनेकी थिइन् - "छोरी । तिमीमा सहिष्णुताको अभाव छ । तिमी त अर्काको घरको संघार नाघेर जाने जात । केही कुरा सहने पनि गर ।"

आमाले छोरीको विद्रोह र रिस देखेर कहालिन्थिन् जब मधु बाबुसँग रिसाएर झगडा गर्थिन्, बदला लिन खोज्थिन्, आमाले भन्थिन् - नानी । म तिम्रो बुबासँग रिसाए पनि, झगडा गरे पनि केही फरक पर्दैन । तिमी त छोरी हौ । तिमीले बुबासँग रिसाउने र झगडा गर्ने नगर ।"

यसरी आमाले मधुको सारा क्रोधको नदीलाई बाँध बनेर छेक्थिन् । मधुलाई लाग्थ्यो - आमाको लागि बाबुसँग झगडा गर्नु पर्छ - आमाको रक्षाकवच हुनु पर्छ । तर छोरी बाबुबाट टाढा नहोस्, बाबुको स्नेहबाट बंचित नहोस् भन्ने स्वार्थले आमाले त्यो रक्षाकवच आफैंले च्यात्थिन् अस्वीकार गर्थिन् ।

आमाले सहनुको परिभाषालाई एकदिन पासोमा झुण्डिएर देखाइन् - जब आमाको विरोधको बावजुद पनि बाबुले ती आमाछोरीलाई घरमा ल्याएर, अनेकौं मिष्ठान्न खुवाएर, दिनभरी बैठकमा राखेर डेरामा पठाएका थिए - त्यही रात आमाले त्यो लिला देखाएकी थिइन सिलिङ पंखामा झुण्डिएर । बिहान मान्छेहरुको भिड थियो । तमासा थियो - पुलिसहरुको । आमाको लास कोठामा तेर्छाइएको थियो - उनको लासमाथि सँधै ओढ्ने ढाकाको पछ्यौराले छोपिएको थियो । बिहान बुबाको डरलाग्दो आवाज सुनेर मधु दगुर्दै कोठामा जाँदा उनी अलमलमा परेकी थिइन् केही बुझ्न नसकेर । बाबुले क्रोधित भएर भनेका थिए - "लौ हेर तिम्रो बदमास आमाले यसरी छोडेर गइन् ।" सारा स्थिति बुझेपछि मधु मुर्छा परेकी थिइन् । कति घण्टासम्म उनको होस फर्केको थिएन ।

पछि उनले दुईचारजना आमा पट्टीका आफन्तहरुबाट सुनिन् - मधुको बुबाले नै आफ्नी स्वास्नीको घाँटी थिचेर हत्या गरेपछि आत्महत्याको नाटक गरेर मोटो तारमा झुण्डाएका थिए । यो हत्याको मुद्दा जित्न मधुको बुबाले लाखौं रुपैया डाक्टर र पुलिसहरुकोलागि खर्च गरेका थिए - तराइको खेत बिक्री गरेर । मधुको बुबाले हत्याको मुद्दा जिते पनि, उनी नैतिक रुपले पराजित भएका थिए । सबैको हृदयमा यो कुरा गहिरिएर अंकित थियो - मधुको बुबा नरेरा हत्यारा हुन्, स्वास्नीमारा हत्यारा ।

मधुले सोचिन् - जब मनभित्र सहनुको सीमारेखा नाघेपछि हर मान्छेले आफ्नो जीवनमा या अर्काको जीवनको मोडमा निर्णायक भूमिका खेल्छन्, चाहे त्यो उचित होस् या अनुचित । चाहे त्यो बबण्डर हुरी होस् या स्नेहको गंगा नै ।

मधुकी आमाले सम्पूर्ण असहिष्णुता, बैमनस्यता र पीडाको पर्वताकाष्ठामा पुगेर अरुलाई नडलाई आफैंले आफैंलाई आत्मपीडक बनाएर डलाएकी थिइन् ।

त्यसपछि मधुको मनको शिखरबाट बाबुप्रतिको सम्पूर्ण श्रद्धा ममता र आदरका रेखाहरु सर्लक्कै मेटिएका थिए - कहिल्यै नकोरिने गरेर । उनको वाणीबाट 'बाबु' शब्द हराएको थियो । बिस्तारै मधु बाबुको सम्मुख पर्न छाडेकी थिइन् । एउटा असमझदारीको बाक्लो परखाल बाबु छोरीको सम्बन्धको बीच उभिएको थियो । दुवैजना एक अर्कादेखि लुक्ने र भाग्ने क्रम जारी रह्यो । मधुको हृदयभित्र बाबुप्रति घृणाको दह जन्म थाल्यो । ती दुईटी आमा छोरीको सम्मोहनभित्र बाबुको विवेकको ढोका बन्द भएको थियो ।

मधुलाई लाग्छ - उनको बाबु उज्यालो शिखरमा होइन, अंध्यारो कोठाभित्र बन्द भएका छन् । सधैं आफ्नै सुखान्त किरणहरु छोप्न दगुरिरहेका बुबाभित्र अर्काको चोट दुर्भाग्य र पीडाप्रति कुनै संवेदनशिल

भावना थिएन । उनी सधै आफ्नै परम इच्छाहरुको लस्कर लिएर बाहिर यात्रा गर्थे निष्ठुरता पूर्वक । उनको यो निजी यात्राले कतिजनाको कमलो हृदय व्यथित हुन्थ्यो, कति आघात बर्षन्थ्यो, कतिको मनोदशा बिग्रन्थ्यो, कतिको मानस पटलमा दु:खका बीउहरु रोपिन्थे, कतिको जिन्दगीको यात्रा निरन्तर तीखो काँडा जस्तै हुन्थ्यो - जसको लेखाजोखाने थिएन । प्रसरी मन बचन र कर्मले मधुको बुबाका इच्छा र पाइलाहरु गलत मोडतिर लागेका थिए - जो सर्वथा अनुचित थिए । अस्वीकार्य थिए । असहनीय थिए मधु र उनको आमाकोलागि ।

हरे, मान्छेको मनभित्रको इच्छा यदि गलत छ भने कतिसम्म खतरनाक हुँदोरहेछ । आफ्ना गलत इच्छाको डोरीले मन कसिएपछि पश्चाताप र प्रायश्चित गर्ने मानवीय सनातन धर्म पनि कुंठित र मौन हुँदोरहेछ ।

जब बाबु ती विधवा स्वास्नी मान्छे र उसकी छोरीसँग लागे - बाबु हुनुको सम्पूर्ण गुण र दायित्वबाट उनी ओझेल भए, पलायन भए । सम्पूर्ण स्नेह, अपनत्व र हार्दिकताको उर्वरा माटो बंजर भूमिमा परिणत भयो - त्यही बुबाको अनुचित इच्छाले गर्दा घरमा दु:खान्त र अशान्तमय स्थिति सृजना भयो - जसको चेपमा परेर आमाले आफ्नो निरस, निरुत्साहित र काँडासरी जिन्दगीलाई सदाकोलागि बिसर्जन गरिन् । आमाले आफ्नो एक्लो जिन्दगीलाई मधुसँग बाँध्न सक्नुपर्थ्यो, संघर्षको डोरीले बाँध्न सक्नु पर्थ्यो, आफूभित्रको तूफानलाई आत्मविश्वासको ढोकाले रोक्न सक्नु पर्थ्यो तर यो हिम्मत आमामा भएन । आखिर आमालाई मानसिक यन्त्रणाले अन्तत: खाइहाल्यो ।

आमाको मृत्युपछि बुबाले यस्तो अनुभव गरे - मानौं उनी सम्पूर्ण बन्धन र बारबाट मुक्त भएकाछन् - उनको बाटोमा तेर्छिएको तगारो हटेको छ । स्वभाविक, सहज र हँसमुख भएर नै बुबाले घरको तला थप्ने काम कोठाहरु बनाउने र सजाउने काम गर्न थालेका थिए । आमाको मृत्युपछि एक प्रकारले विक्षिप्त र क्रोधी भएकी मधुलाई घरका तलाहरु किन थपिँदैछन् - यो कुरा पाहा थिएन ।

जब शुरुमा बाबु आमाबीच झगडा हुन्थ्यो उनलाई अनौठो लाग्थ्यो - किन बाबुआमा सँधै जसो झगडा गर्छन् ? धेरै पछि थाहा पाइन् -बाबुको एउटी विधवा र उसकी छोरीसँग नाजायज सम्बन्ध छ । तर अर्काको अगाडि बाबुले ती विधवाकी छोरीलाई छोरी नै भन्थे, अत्यन्त माया गर्थे, घुमाउन बाहिर लैजान्थे, जहाँ पनि सँगै हिड्ने उसका फर्मायशहरु पुरा गरिदिन्थे । सबैले भन्ने गर्थे - "त्यो छोरी कसरी हुन सक्छे ? न त आमातिरको नाता नत बाबुतिरको नाता ।

यी सब कुरा सुन्दा मधु बेहोस् जस्तै हुन्थिन् - बाबु शब्द सँधैको लागि उसको मनमस्तिष्कबाट हराएर जाओस् भन्ने चाहन्थिन् । आफ्नो शीर उचालेर 'बाबु' भन्न पनि उनलाई ग्लानी महशूस हुने गर्थ्यो ।

एकदिन बाबु एकहप्ताकोलागि बाहिर गए । पहिले त उनले गाउँ जाने भनेर बहाना गरेका थिए, पछि मधु र उनकी आमाले थाहा पाए - बाबु ती विधवा र उसकी छोरीलाई लिएर दिल्ली घुम्न गएका रहेछन् ।

यो सुन्दा आमालाई भन्दा मधुको हृदयमा बढी धक्का लाग्यो । उनले पनि आफ्नो बाबुसँग दार्जिलिङ घुम्न जाने इच्छा व्यक्त गर की थिइन्, त्यसबेला मधुको कुरा अस्वीकार गर्दै बाबुले भनेका थिए - "अहिले घुम्ने सुम्ने होइन । पढाइमा ध्यान देउ, फेरि अहिले म सँग घुम्न जानलाई पैसा पनि छैन ।"

कस्तो अनौठो । किन बाबुलाई परिवारको प्रेमले आकर्षित गरेन ? किन बाबु बाहिरी प्रेमको भोको छन् ? मधुलाई बाबुको यो व्यवहार ले उनको सम्पूर्ण मानसिकता, भावना र मर्ममा जबर्जस्ती कुठाराघात परेको थियो । बुबाको यो कस्तो मन हो , प्रेम के परिवारमा केन्द्रीत हुन सक्दैन ? जहाँ सामाजिकता र नैतिकता निषेध हुन्छ त्यो ठाउँ प्रेमको केन्द्रबिन्दु हो कि स्वार्थको केन्द्र बिन्दु हो ? आजसम्मको बाबुको पारिवारिक यात्रा के अप्रेम यात्रा हो ? होइन भने घरकी स्वास्नी र आफ्नी सहोदर छोरीको कसिलो मुटु माँचेर ती विधवा स्वास्नी र उसकी सुन्दरी छोरीलाई लिएर स्वतन्त्रपूर्वक घुम्न जाने, होटेल जाने र फिल्म हेर्न जाने यी सबको अर्थ के हो त ? हामी के मा कमी छौं र ? के हामीबाट भन्दा बाबुले तिनीहरुबाट आत्मिक सन्तोष पाउन सक्छन् ? घरको सम्मान गर्न नजान्नेले कहीं पनि कसैलाई माया र सम्मान गर्न जान्दैन । जुन गहिरो सम्बन्ध बाबुको ती स्वास्नीमान्छेप्रति उन्मुख भइरहेछ त्यो बाबुको धोखा हो - भूल हो । बाबुको वासनात्मक प्रेम हो । पक्कैपनि त्यो स्थल प्रेमको अनुपम स्थल होइन । त्यो प्रेम बाबुको घृणित प्रेम हो - बाबुको मनमोजी स्वभाव हो ।

बाबुले एकहप्ता दिल्ली घुमेर फर्केपछि भनेका थिए - "म गाउँमा गएको थिएँ ।"

यसरी बाबुले उनीहरुको हृदयको फाँटमा भयंकर झुठको खेती गरेका थिए ।

एकपल्ट मधुले आफ्नै आँखाले ती विधवाकी छोरी रमासँग फिल्म हेर्न गएको देखेकी थिइन् । उनलाई यति लाज र घृणा लागेको थियो कि उनी नदेखेको जस्तै गरेर हिडेकी थिइन् । उनलाई लागेको थियो - बुबालाई यो उमेरमा कसरी वासनात्मक लहर चल्यो होला ? कति संकोच र लाज नलागेको होला ? किन बाबु, बाबुको गरिमामय स्थानमा बस्न सकेनन् ? कसैको हृदयको शिखरबाट गिर्नु पनि त स्वाभिमानमा धक्का लाग्नु जस्तै हो । बुबा किन आफ्नै स्वार्थको संसारमा रम्नु हुन्छ ?

एकदिन बाबुले ती आमाछोरीलाई घरको विशिष्ट पाहुना बनाएर दिनभरी कोठामा बसेर तीनजना गफमा मस्त भएका थिए, त्यो थुनिएको ढोका खोल्न कतिपल्ट मधु आँधी बनेर गएकी थिइन्, कतिपल्ट जथाभावी गाली बेइज्जती गर्ने प्रयास गरेकी थिइन्, तर आमाले कुनै तर हले मधुलाई रोकेकी थिइन् । यसकारण कि बाबुको मधुप्रतिको स्नेह बिलाएर नजाओस् । बाबु छोरीबाट टाढा नभइदिउन् । यसरी दिनभरी मधु क्रोधको तरवारमा सेरिँदै गएकी थिइन् । आफैं भित्र-भित्रै उखेलिँदै गएकी थिइन । आमाले किन हो कुन्नि लाटी जस्ती भएर कोठामा पल्टेकी थिइन । न त क्रोधको तातो कराहीभित्र उम्लेकी थिइन न त ज्वालामुखी भएर पड्केकी नै थिइन् । लाग्थ्यो - मानौं आमाका एक एक धमनीहरु शिथिल बन्दैछन्, शायद पराजयको विष यस्तै हुँदो होला ।

त्यसैरात आमाले आफूलाई पराजयको डोरीमा झुण्ड्याएकी थिइन । रातदिन बुबासँग झगडा गर्दा गर्दा आमाको सम्पूर्ण मानसिकता

पर्यावरण प्रदूषित र तनावपूर्ण भएको थियो उनी भित्र भित्र खोक्रो, आतंकित र संकटग्रस्त हुँदै थिइन् । जसले गर्दा आमाले आफ्नो अस्तित्वलाई शुभविचारको खोंबोले अड्याउन सकिनन् ।

उनलाई लाग्छ - आजदेखि आफू यो घरबाट मुक्त हुनुपर्छ । आमाले जस्तै डोरीमा झुण्डिएर मानवीय जीवनको महत्ता र मूल्यलाई घटाउनु हुन्न । यस्तो अस्तित्व संकट मधुले अनुभव गरेकी थिइन् जसको निराकरण यो घर छोड्नु मानै छ । जुन अनैतिक र अमानवीय मूल्यको बाटोमा बाबु हिंडिरहेछन् - त्यो बाटो हेर्नु भन्दा र बाबुलाई मन नलागीकन पनि भेट्नुभन्दा यो घरबाट टाढा बस्नु नै राम्रो । किन म ती आमाछोरीको छाँयामा बस्ने ? जे सुकै गरुन् ।

मधु आफ्ना सुगाहरु आमाले दिएका केही गहना र पैसा सुट्केशमा राखेर पहिले साथी अंजलीकहाँ जाने निश्चय गरेर कोठाबाट बाहिर आउँछिन् । उनको हृदयमा त्यसबेला एकसुरको अलाप घम्किरहेको हुन्छ - "यो घरबाट निस्कनु पर्छ - यो घरबाट निस्कनु पर्छ ।"

उनले ट्याक्सी रोक्छिन् - एउटा अघाह पीडा भक्कानिएर उनलाई बुलमुलाइदिन्छ । एकछिन ट्याक्सीको ढोकामा टाउको अड्याएर ट्वाल्ल पर्छिन् ।

एक्कासी मधुको बुबा हस्याङ फस्याङ गर्दै दगुर्दै आउँछन् - "मधु ! सुट्केश लिएर कहाँ जान लागेकी ? किन जान लागेकी ?"

मधुभित्रको पीडा घृणामा बदलिन्छ, रुखो स्वरमा भन्छिन - "म यो घरमा अब बस्न सक्तिन । जहाँ मेरो मानसिकता पतन हुन्छ, जहाँ अमानवीय पीडा खप्नु पर्छ, जहाँ सम्पूर्ण रुखहरु नै बिषालु भएकाछन्, त्यस्तो घरमा रातदिन आँधीसँग लड्दै बस्ने सामर्थ्य छैन मसा । मेरी आमा र मेरो प्रतिद्वन्दीको हालीमुहाली भएको ठाउँ मेरोलागि नर्क भन्दा केही होइन । तपाईको यो संसार - जसलाई तपाईले आफ्नो स्वर्ग र जीवनको वास्तविक सुख सम्झनु भएको छ - त्यो मेरोलागि सबभन्दा घृणित र पीडाको संसार हो ।"

मधु हत्तपत्त ट्याक्सीमा बसेर आन्छिन् । बाबु ट्याक्सी पछि पछि दगुर्दै आन्छन् एकोहरो कराउँदै - "रोक मधु ट्याक्सी, नजाउ मधु मलाई छोडेर । तिमीलाई म सम्पूर्ण सुख दिएर राख्छु ।" ट्याक्सीले पछाडिबाट फालेको धुलोको बादलभित्र बुबाका शब्दहरु हराउँदै जान्छन् । मधुको ट्याक्सी स्पीडमा गइरहेको हुन्छ ।

मधुका बाबु जहाँको तही उभिएर मधु गएकोतिर हेरिरहेका हुन्छन् । अघि ती आमा छोरीको आगमनको प्रतिक्षामा बाबु जसरी अधैर्य भएर पर्खेका हुन्थे - यतिखेर त्यो उत्सुकता चाहना छैन किन हो उनीभित्र फुटेको सिसाको ग्लास झैं टुक्रिएर छरिन्छन् । त्यही क्षण उनको काँधमा कसैले स्पर्श गर्छ । उनी फर्केर हेर्छन् - रुमा र उसकी आमा मधुरो मुस्कान लिएर उभिएका हुन्छन् । तर उनले त्यही मुस्कानमा ती आमाछोरीलाई स्वागत गर्न सक्तैनन् । निभेको मन लिएर लुरुलुरु उनीहरुको पछि लाग्दै माथि जान थाल्छन्, बिरात शून्यता र ग्लानीले भुतुक्कै भएर ।

राष्ट्रियता, राजमुकुट र प्रजातन्त्र

□ प्रेम मान डंगोल

राष्ट्रियता

आफ्नै देशको माटो उठाई हेरे
त्यहाँ राष्ट्रियताको ढुकढुकी पाइन्छ ।
वीर बलभद्र, अमरसिंह र भिमसेन थापाको
अस्तित्व थोकेको यो देशको माटोमा
राष्ट्रवाद र राष्ट्रियताको मूल जरो भेटिन्छ ।
राष्ट्रियता हाम्रो स्वाभिमान हो
राष्ट्रियता हाम्रो अस्तित्व हो
हाम्रो सारा तन, मन र धन
राष्ट्रियताको जगेर्नाको लागि समर्पित छ ।
गाउँ-गाउँको झुप्रोमा पाइने आस्था हो राष्ट्रियता
बस्ती-बस्तीमा पाइने आस्था र विश्वास हो राष्ट्रियता
बाहुन, क्षेत्री, नेवार, मगर अनेकतामा एकता
चार जात छत्तिस वर्णको कल्पवृक्ष हो राष्ट्रियता
हाम्रो प्राण भन्दा प्यारो राजमुकुटको आस्था हो राष्ट्रियता
दुई करोड नेपालीका मुटुमा पाइने ढुकढुकी हो राष्ट्रियता ॥

राजमुकुट

राजमुकुटकै छत्र छाँयामा हुर्किएको छ
यहाँ राष्ट्रियता र राष्ट्रिय एकताका भावनाहरु
राजमुकुट हाम्रो आस्थाका धरोहर हुन्
राजमुकुट हाम्रो विना हामी बाँच्न सक्दैनौं
हाम्रा प्राण पखेरु राजमुकुटको संरक्षणमा
हामी मर्न तयार छौं जुनी जुनी सम्ममा

प्रजातन्त्र

जनचाहनाकै कदर स्वरुप पाएको हामीले प्रजातन्त्र
जोगाई राखौं यसलाई हामीले नपारी परतन्त्र
जनता माथि दमन होइन सेवा सबले गरौं
गरीब गरुवाको उत्थान गरौं , मर्यादामा रहौं
अनुशासनमा सबले रही विकास देशको गरौं
प्रजातन्त्रको मूल्य र मान्यता जोगाई सबले राखौं ॥

हामी जति अध्ययन गर्छौं त्यति नै हामीलाई आफ्नो अज्ञानको आभास हुँदै जान्छ । — शेली

कविता

जीपशी जवानी - प्रत्युत्तर

□हरिप्रसाद गोर्खा राई

प्र. हे जीपशी जवानी, पत्र तपाईको पाएँ,
एक जिउँदो रामायण गाएँ ।
हे जीपशी जवानी, प्रिय मेरो शक्तिमान जिउँदो,
हामी सितै रहि जानुस् न त है के बर्षा के हिउँदो ।

उ. नाइँ नाइँ चलायमान हुँ म हुँदिन कसैको पाहुना,
प्रवाहमान हुँ म छेकेर छेकिन्न कसैले
कुरि बस्दिन कसैका कुना ।
समय हुँ म बलवान हुँ म, आफ्नै समयमा राज गर्दछु,
चक्र हुँ म पीताम्बरको, मायाको छायाँ ली जन्मदछु मर्दछु ।

प्र. हे जीपशी जवानी, लेख्नु हवस न रामायण चामायण हरि भक्तायण
सुनाउनु हवस् सबैलाई एकत्र पारी
छुट्टिएका लुट्टिएका चेप्पिएका हेप्पिएका
माता हाम्री धर्ती भने पिता अनन्त-नाग-सायन
सागर सङ्गम होस् महा मिलनको
जन्म होस् हजारौं भानुभक्त को ।

उ. तथास्तु,
हुन्छ हुन्यैछ हे नेपाली तरुण तरुणी वगे
'आत्मानं विद्धि' स्वयंलाई जान अनि अग्रसर हौ
हातमा ली लेखनी खड्ग
हे लेखनी-राजकुमार हो,
ज्वालामुखी ती लखनीले जन्माउनेछन नयाँ सूर्य ।
शान्तिको बीउ जगतमा छर्दै बजाउ नेपाली तूर्य
जीपशी म होइन, शाश्वत हुँ, मनभित्र सबैको छु म,
बगाई दिनेछु ब्रह्मपुत्रलाई पारै काटी ब्रह्मकुण्डको
सुवर्णधारा साहित्य हासो पृथ्वी भरि बहोस्,
अमृत दायिनी सृजनी शक्ति दियालो सितै रहोस् ।

१४।७।९५
गुवाहाटी

कविता

केही छैन यस संसारमा

पुस्कर लोहनी

कडा घामको रापले खरुङ सुकेका मोटाहरु
लुमुक्क परेर खुम्चिएका
अझ खुम्चिन पनि नसकेर गह्राइएका
इच्छाहरुको बोझले थिचिएका दया लाग्दो अनुहार
खुटपटाएर चिम्याउँदा पनि सान्त्वना पाउन नसकेको दयनीय अनुहार
सहारामा लागि आत्मसमर्पण ।
रातका समयहरुलाई बन्धकी राख्नु पर्ने माध्यता
उज्यालो सँग घुस घुसाएर गरिएका कलङ्कित सन्धीहरु
आंखा झुसेर ध्याम्पो भित्र बनाईएको रक्सीको गन्धहरु
ढोकाका पत्रहरु अति बास्तो भएता पनि
नाक थुनेर हिंडनु पर्ने शुनसान गल्लीहरु ।
पलेंटी मारेर बुढले अति गहिरो आसन जमाएपनि
एउटी कुकुर्नी माथि बसिएका ढांगाहरुको खेलाहरु चिम्यावट
बुढले आंखा चिम्नु पर्छ
बुढले कान थुनेर बहिरो बन्नु पर्छ ।
त्रिशूल हातमा लिएर
एकहाउले आशीर्वाद दिएर शिवले पनि पलेंटी मारिसकेका छन् ।
आफैंलाई थानको लागि
आफ्नै मतियारहरुलाई उन्मत्त पार्नको लागि
माथ मिलाएर पानी फर्दै तयार पारिएका रक्सीका ध्याम्पाहरु
त्यही रक्सी पिएर एउटा बूढो ज्यापु
आफ्नो भूकीसित ठट्टा गर्न पछि पर्दैन
त्यही रक्सी पिएर एउटा अझैसे
आफ्नै सहिनीसित बिस्कन पनि लाज मान्दैन
त्यही रक्सी पिएर एउटा युवक
थोपिएकी रम्भीसित बिस्किंदै अझ मस्किंदै
आफ्नो सम्पूर्ण हृदय सुम्पन पनि हिचकिचाउँदैन ।
त्यही रक्सी भित्र चुर्लुम्म डुबेर
एउटी सुत्केरी
फेरी आफ्नो कुकुरो बयानीलाई तताएर ताजा बनाउन खोज्दै ।
थकित आँखाहरुको इच्छा
सेलाउन नपाउँदै ताजिन खोज्दा आफैंमाथि पछारिन पुग्छ ।
बाध्यो माथि एउटा अदृश्य शक्तिको टेवा
बोझले थिचिएर जमिनभित्र घुस्न पुगेको अनुहार
गडेको आंखा
लुमुक्क परेर इच्छा
शिथिल भएको शरीर
स्वयं दुसाएर निस्कन खोज्छ ।

नाचाय मात्र भोकेको अनुहार
उठिदै, पचारिदै, ठोकिंदै,
अझ त्यतिले नपुगेर रगताम्य भएर छताछुल्ल हुन पुग्छ ।
मानिस आफै बिस्त पर्छ
मानिस आफै आत्मसमर्पण गर्छ
मानिस आफैंसित तर्सेर आफैंबाट भाग्न खोज्छ ।
गति टोकाएर हेर्छ -
महाकालको स्वरुप
काल भैरवको स्वरुप
उन्मत्त भैरवको स्वरुप
टाउको निहुराउनु सिवाय अब केही छैन
केही पनि बाँकी छैन अब मानिस भित्र
अँध्यारो कुनामा कसैले थाहा नपाउने गरेर
भिल्काउनु सिवाय ऊर्जा अब केही छैन ।
केही छैन भिल्काउनु सिवाय यस संसारमा
केही छैन निहुराउनु सिवाय यस संसारमा
ठिङ्गो उभिनु सिवाय अब केही छैन यस संसारमा ।

रातो भाले युग-युग बास्छ ।

□ पवन कुमार चाम्लिङ्

एउटा रातो भालेलाई स्यालले लग्यो भनेर
अन्धकार रातले भन्दो हो ! !! –
अब भाले बास्दैन भनेर,
सधैं अँध्यारो हुन्छ –
र मेरो राज सधैं हुन्छ
बिहानी फेरि कहिल्यै हुँदैन भनेर
उज्यालो भएर घाम लाग्दैन भनेर ।
उएटा रातो भालेलाइ स्यालले लाँदैमा
एउटा भालेलाई बौलाहा स्यालले खाँदैमा
रातो भाले कहाँ सकिन्छन् र !
एउटा भालेलाई अन्धकार रातमा
स्यालले खायो भन्दैमा
रातो भाले कहाँ बास्न छोड्छन् र !
यी राता भालेहरु त –
अन्धकार रातको विरोधमा उठेका
महाशक्तिका समवेत् आवाज हुन्
अन्याय, अत्याचार र पाप नाश गर्न
सिर्जना भएका शक्तिका प्रखर रुप हुन् !
एउटा भालेलाई स्यालले खायो भन्दैमा
नरमाऊ है, ए अँध्यारो रातकी रानी !
तिनी त निस्लोट कालो अन्धकार हौ
तिनीलाई त तिर्न रुप कस्तो छ –थाहा छैन !

किनभने–
अँध्यारोको प्रतिबिम्ब हुँदैन,
तिमी त कालो रात हौ ,
तिम्रो केहीसँग तुलना हुँदैन
तिमी केवल अन्धकार हौ,
असत्य र पापको स्वरुप हौ,
यसैले सानो जूनकीरीसँग पनि
तिमी सँधै हारेका छौ,
एउटा माचिसको सिन्काले पनि
तिम्रो अस्तित्वलाई नाश गरेको छ
किनकि तिमी जिउँदो लाश हौ,
पापको पुञ्ज हौ !
यसैले –
मान्छेको संसारबाट
तिम्रो ताण्डव-लीला नाश गर्न
असत्यसँग ठगिएको सत्यलाई,
अन्यायसँग दबिएको न्यायलाई,
दानवसँग हारेका मानवलाई,
निदाएको मान्छेको मनलाई,
सुतेको मान्छेको विचारलाई,हनन् भएको मान्छेको अधिकारलाई,
तड्पेको मानवतालाई,
ब्यूँझाउन, उठाउन, जगाउन
एक होइन,
अब यस धरतीमा
लाखौं, करोडौं भाले बास्नेछन् :
मेरो रातो भाले बास्ने छ, बासिरहने छ ।

कवि पवन चाम्लिङ प्रगतिवादी , आशावादी, स्वच्छन्दवादी र क्रान्तिको चेतन जगाउने चिन्तनशिल परिवर्तनका अगी हुन् । उनका कविताले विसगति युगलाई पोलीरहेको छ ।। भारतीय नेपाली कविता लेखनमा पवन चाम्लिङ सिद्धहस्त प्रतिनिधि कवि हुन् । उनका प्रकाशित कृतिहरु – "प्रारम्भिक कविताहरु" (कविता संग्रह), "अन्तहिन सपना" (Perennial Dream) कविता संग्रह, "म को हुँ ?" (कविता संग्रह), "दामथाङ हिजो र आज" (अभिलेख संग्रह) र "निर्माण" पत्रिकामा सन् १९७९ देखि प्रकाशित साहित्यिक सम्पादन । ओहदा – हाल सिक्किमको मुख्य मन्त्री पदमा आसिन हुनुहुन्छ ।

कविता

अपरिचय

शारदा शर्मा

धेरै धेरै पहिले
एउटै लयमा
साथै गाएका थियौं हामीले एउटा गीत
कहाँदेखि आरम्भ गरेर्यौं कुन्नि यात्रा
एउटा दोबाटोसम्म साथै आएका थियौं ।
समयको प्रभावले
बोल बिर्साएको छ गीतको
शब्द पन्किएका छन् विस्मृतिमा
सम्झना निराकार भएकोछ
एउटा अस्पष्ट धुन ब्यूँझन्छ हृदयको नेपथ्यमा ।
मित्रमित्रै अन्तरमा
प्रेमले भिजेको मधुरो राग ब्यूँझन्छ
जेसुकै भए पनि विषय
त्यस दोबाटो सम्म
हामीले अनुभूत गरेको भाव एउटै थियो ।
समयको बलवान धारमा
हाम्रा बाटा छुरि
दिशा छुट्टिए
शनैः शनैः
बेग्लै पृष्ठ भूमिमा गुञ्जन पाले हाम्रा कण्ठ ।
लय परिवर्तित हुँदै गए
काव्य परिवर्तित हुँदै गए
हामीले अनुभव नै नगरीकन
छन्द परिवर्तित हुँदै गए हाम्रा
एउटै सन्दर्भलाई,
हामीले लगाउने अर्थ भिन्न हुँदै गए ।
हाम्रो साझा सङ्गीतको उद्भव देखि
निकै टाढा
यात्राका
अनगिन्ती दोबाटाहरूमा
सधैं म एउटा हराएको समभाव खोज्ने गर्छु
तिमीलाई खोज्ने गर्छु
हामी छुट्टिएको जस्तो दोबाटो
फेरि भेटिएन ।
एउटै आकाशमा
त्यस दिशामा बग्छन् तिम्रा उच्छ्वास
मेरा स्वरहरु यस दिशामा उड्छन्
अपरिचयको तीव्र पीडा
बर्सौं देखि,
एक अर्काका आँखा भित्र नियालिरहेछौं हामी
छुटेको एउटा पुरानो दोबाटो
र त्यहाँ अल्मलिइरहेको एउटा बेचारिले गीत
एक अर्कालाई खोजिरहेछौं ।

कला

नियतिले ठगिएको चित्रकार

ज्ञानेन्द्र विवश

जीवन गुल्जारको मेलामा बामे सर्नकैनिम्ति अनेकौं पीडाजन्य संघर्ष झेलिसकेर पनि मन बुझो कहीं - कतै र कहिल्यै ढुक्क हुनसम्म नपाउनुभएका कलाकार जीतबहादुर रायमाझीलाई यद्यपि निरश र हीनताले किचेको छैन । धैर्य संगाल्दै जरु जीवनलाई नजीकबाट बुझ्ने मौका मिलेको छ ।

५१ वर्षीय परिपक्व प्रौढ उमेरमा हिडिरहनुभएका उहाँ प्रथमतः एक सिर्जनशील चित्रकार हुनुहुन्छ । पहिलोपटक बनारस गएर चित्रकलामा स्नातक गर्नुहुने रायमाझीले अन्ततः त्यो उत्साह र कला साधनाक्रमलाई निरन्तरता मात्र होइन चाहेको बेला रचना कर्ममा समय दिन पनि सक्नुभएन । फलतः उहाँको चित्रकार व्यक्तित्व एवं समग्र सिर्जनाको भोकले प्यासमेटेन समेत पाएन ।

पारिवारिक पीडासंगै सौतेनी हेलाले आजीत भएर मावलीकै शरणमा बाल्यकाल गुजार्नुभएका जीतबहादुरले जीवनका हरेक समय हार बहादुरकै रुपमा रहनु पर्‍यो । तर उहाँले हिम्मत हार्नुभएन । अगाडि संवेदनाका वाक्यमा यस्तो शब्द पोख्नु हुन्छ - "कलाकारितामा डुबेकै हुनाले इच्छा विरुद्ध घाइते भए पनि म त्यसबाट घाइते भइनँ" ।

अध्ययन र अनुभवले पाकिसक्नु भएका कलाकारकानिम्ति कतैबाट प्रोत्साहन र सहानुभूतिको उच्चारण भएन । सिर्जनामा सधैं र माउन चाहने तथा आफ्नो सीपको उचित प्रयोग होस् भन्दाभन्दै उहाँले उपेक्षाकै धरातलमा धरमराउनु पर्‍यो । आफ्नै जन्मथलो सिराहाको बस्तिपुर जस्तो गाउँलेबस्तीमा सिर्जना यात्रालाई गुम्स्याउनु उहाँकालागि मात्र होइन मुलुकलाई पनि ठूलो नोक्सानी हुन्थ्यो । तर यस्तै भइदियो मीठो सपनाको महललाई उहाँले विपनाको यथार्थमा विउँझाउन सक्नुभएन । अन्ततः स्वयंको नियतिले ठगिएर कलाकारी जीवनलाई त्यस मेलोमा हिडाउनबाट सधैं टाढिन बाध्य हुनुभयो ।

कलाकार जीतबहादुर रायमाझीले शारीरिक अस्वस्थाका कारण पनि कतिपय त्यस्ता अमूल्य क्षणहरुलाई गुमाउनु पर्‍यो । किनभने त्यसले उहाँको भाग्योदय हुन सक्थ्यो । यद्यपि सधैं अभाव र हण्डर खपेरै त्यस परिणतिमा अल्झिएर उहाँ बाँच्न विवश हुनुभयो । सामान्य रेखाङ्कन जस्तै चित्र कहिलेकाहीं बनाउनु भए पनि मन रमाएर वा सिर्जनाको स्वतन्त्र धुनलाई उपयोग गरी काम गर्न सक्नुभएन ।

बनारसबाट कला अध्ययन गरी फर्किनुभएपछि उहाँले पहिलो एकल कला प्रदर्शनी नाफा आर्ट ग्यालरी नक्सालमा (०२९) गर्नुभएको थियो । त्यस प्रदर्शनीमा उहाँका शैली माध्यम र प्रयोग विधिको ३९ थान चित्रकृति प्रदर्शित थिए । शुरुमा लोक कलाबाट प्रभावित कलाकार रायमाझीले परम्परागत र वस्तुवादी तथा मुगलकालीन कला, राजपुत शैली, अजन्ता आदि लेख-रचना पनि गर्नुभयो । कलापरक लेख रचनाका साथै तत्कालीन सभ्यतामा डुब्नुभएका उहाँ कविता सिर्जनामा पनि रुचि राख्ने गर्नुहुन्थ्यो

। तथापि हिजोको त्यो रायमाझी र आजको रायमाझीबीच ठूलो अन्तर आइसकेको छ । उहांको अनुभव अद्यापि तीतो छैन, बरु मीठो संस्मरण सुनाउने-संझने गर्नुहुन्छ । उहां भन्नुहुन्छ - वास्तवमा आनन्दमय जीवन नै कलाकारको हुन्छ । यस्तोमा अरुको दुःख पीडाको कुरा छाडौं आफ्नै वेदनाको पनि ख्याल हुंदैन । अझ बाच्ने प्रेरणा मिल्छ । सांच्चै भनौं भने आत्मग्लानी भएर मर्नबाट रोक्छ ।

उहांले आफ्नो जीवनमा खानुभएको ठक्कर र भोग्नुपरेको कठिनाइ संझेर किन्चित दिक्क मन भए पनि उहांमा साहस छ, अठोटका दर्बिला पाइला छन् । त्यसैले भन्ने गर्नुहुन्छ - कलाकारहरु दुःखमा पनि रमाइलो प्रेरणा भेट्छन । अनि त्यसलाई आनन्दको अनुभव गर्दै अरुले पनि त्यस्तो अनुभूति लिउन भन्दै सिर्जनामा बेखबर हुन्छन् ।

हुन त, जीतबहादुर रायमाझी पढाइ सकिएपछि उतै बनारस बस्नुभएको भए राम्रो जागिर मिलेको थियो । उहांका कलागुरुले चेलाको कलाकारितावाट सन्तुष्ट भई उपयुक्त पेशा मिलाइ दिएर पनि उहांले परदेशमा बसेर आफ्नो सीप खेर फाल्न मनपराउनु भएन । यसै विचार को कारण स्वदेश फर्किएर काम पाउने आशाले उहांले व्यर्थ समय खर्च गर्नुभयो । उहां र उहांको सिर्जनशील प्रतिभालाई कसैले बुझ्न सकेन । सोधीखोजी वा त्यस्तो अवसरको भेटसमेत उहांले पाउन सक्नुभएन ।

त्यसो त, त्यो बेला कला गतिविधिमा विस्तार थिएन । संक्रमणकालीन त्यस बखत रायमाझी जस्ता सिर्जनाको खाकामा बस्ने एकसुरे कलाकर्मीले मौका पाउनु गाह्रो थियो । तर त्यसपछिका दशक जति नेपाली कला क्षेत्रमा विकास यात्राका परि दृश्यहरु देखा पर्दै आए कतै उहांले भरोसाको कुनै क्षीण संकेतसम्म पाउनुभएन । उहाको लामो अनुभवको निचोड छ - म जस्तो सोझो र आफ्नै काममा रमाउने एवं कतै दायां-बायां लाग्न नजान्नेले जीवन गुजाराको मौका पाउन कठिन हुन्छ । तर कलाकारितामा डुबेको हुनाले कठिनाइबाट म विचलित भइन ।

जीतबहादुर चित्रकलामा १२-१३ वर्ष उमेरदेखि नै लाग्नुभएको हो । ०२०सालमा जनकपुर हाइस्कूलमा ८ कक्षामा पढ्दा नै उहांले राष्ट्रिय कला प्रतियोगितामा भाग लिनुभएको थियो । त्यसपछि उहां चित्रकलामा पढाइ नै छोडेर लाग्नुभयो । एस.एल.सी. गरेपछि कानून पढ्ने धोको भएपनि उहांले बनारस गएर कला अध्ययन गर्न थाल्नु भयो । ७ वर्ष पश्चात उहांले कलाको स्नातक पूरा गर्नुभयो त्यसै प्रशस्त सानूहिक कला प्रदर्शनीमा पनि भाग लिनुभयो ।

कलाकारना व्यक्तिवादी सोचाइ भएकोले सनकालिन कलाको गति अगाडि संगठित भएर बढ्न नसकेको उहांको धारणा छ । उहां यतिबेला मिथिला लोक कला सम्बन्धी कार्यपत्र तयारी गर्न त्यसको अध्ययनमा लाग्नुभएको छ । जीवनको पछिल्लोपल्ट खास कामना लाग्ने मौका पाउनुभएको यही पहिलो हो ।

श्रृङ्खलाहीन मनोदशाहरु

श्रीओम श्रेष्ठ "रोदन"

सुखी सपना र दुःखी विपना । अयथार्थ र यथार्थ । सपना सुखमय हुन्छ किन ? पूर्णतामा सहाराको आवश्यकता छैन । विपना दुखमय हुने भोगिएर नै होला । दुःख सुख महसुसका कुरा त हुन नि । हामी निरन्तरताका उपज हौं, क्रमशः पूर्वजहरुसंग शान्निकट छौं । समूहको पर्खालभित्र सम्बद्ध भएका छौं । सदा एक्लो बृहस्पति सांचो ठहर्दैन । वैदिक कालीन ऐन हो यो । कुरो मीठो सपनाको थियो । विपनामा पूर्ण गर्न असमर्थ हरुका लागि सरल उपाय । तर के गर्ने सपनाकै दृष्टिले समय रङ्गिन हुने भए पो ? तिलस्मिक कथाका भँवरा झैं फूलमा लिन हुनासाथ फूलसंग राक्षसको मृत्यु हुने वर्तमान कतै प्रदर्शन बन्नसकेका छैनन् । अल्पायु र अस्थिरताको के महत्व, पानीका क्षणिक फोका झैं हरेक सपनालाई सार्थकता दिने मेरो मत र नारा हैन । असम्भवमा सम्भावनाको गोरेटो खन्नु निरर्थक पसिना तप-तप । योग्य लडाकुहरुका डफ्फालाई अयोग्य नेतृत्व हुंदाको जस्तो, सिकारु चालकले यात्रावाहन विमानलाई आकाश चाहार्दाको भयावह स्थिति र सपनालाई यथार्थमा परिवर्तन गर्नेमा धेरै धेरै समानता नै छ । हिजो अस्तिका लोककथाहरु वर्तमान जस्तो र वर्तमान सपना जस्तो बनाउने देवदेवीहरुका पनि इच्छा छैनन् ।

त्यसै पनि घुम्ने मेचले मान्छेलाई अन्धो बनाउँछ । कुरो चर्मचक्षुको हैन मात्र दिव्यचक्षुको । भूपिको आसय पनि हो यही । उनको कथन उनी गएर पनि साथ लान सकेनन् । सत्यता यही हो । उनी भन्दा असल उनको विचार सार्वजनिक बन्नसक्यो । विचार बलवान बनाउने चाहना छ र घुम्ने मेच चाहिं मन-तनको डर बनेको छ । यो समय हो विचार र व्यक्तिलाई एकैसाथ कसै डोऱ्याउछ । दुई मध्ये जुन गढ्ने हुन्छ त्यही स्थिर बन्छ ।

पीडाको पोखरीमा स्नान गर्नु र मृत्युपूर्ण पीडा नियन्त्रण गरी शोक मनाउनु पृथक् मान्यता हुन् । यसको अनुभूति रङ्गिन हुन सक्दैन । मस्किएको प्रहर हरुमा जसरी मुस्कानको संगीत गौण बन्दछ त्यसरी नै आंसुका रागहरु मृत्यु बन्छन । कलेजाका ओसहरुमा अट्टहालिका संचारित हुन्छ । इन्द्रेणीले माला गांस्दा धुनहरु विरह बन्नुपर्ने कुनै बाध्यता छैन । बाल स्मृति अद्यापि वयस्क भइ धेरै स्मृतिहरुका खप्टाइमा पनि लुप्त बन्न सकेका छैनन् । स्मृतिहरु कलिला भए पनि मेटिन नसकिने ढोबहरु बन्छन । त्यतिबेला डण्डिबियो र तेलकासा कम रमाइला खेल बन्दैनन् । स्कूलमा माष्टरसाबलाई सन्धो नभएको ढांटलाई विश्वासिलो बनाएर भागेर नदीमा पौडी खेलेका पलहरु, किताबलाई ढाडमा घुसारेर आलुबखडा चोर्न जांदा तारमा अडकेर कमिज च्यातिंदाको आमाको डर घण्टाकर्णको दिन ताराङ्ग तुङ्ग दान लिन व्यस्त र भागको पैसा कम मिठा थिए र ? नभन्दा पनि नमान्ने अलिनो स्वादको भोजन जस्तो ।

सपनाको धनुषबाणले एउटै फूल झार्न सक्दैन । फूलमा झैं जीवन्तता सपनाको खोकिलामा कट्न सक्दैन । लङ्गडा आंखा प्रदुषित मनस्थितिले आकाशमा कतै स्वच्छ दृष्टि हुन्छ ? समयले आज उधारेकोबेला खाते प्रमाणित हुन्छन् । सबै सडकको यो प्रकृतिसंग गुनासो हैन र हैन डलर उनार्ने खेती गर्ने कृषकहरुसंग पनि । बरु सन्तोष नै मानौं मोटो खन्नो जे होस् भोकाएर सिलाबरका पालहरु पान्नु त परेका छैनन चिन्ताहीन, रुनयपाहीन भएर दाल भात डुकुना सांझ बिहान गुजारेकै छन । अर्थनेटिक वा अलजेब्राको सूत्र मिल्यो मिलेन ? यो प्रश्न हो तर समस्या नै चाहि होइन कि अर्को शङ्का सिचाईले खेत यढी सिन्चित भयो कि खेती गर्ने कृषकहरुले सरल उत्तर भएपनि जटिल र अनुसन्धान आवश्यक प्रश्न बनेको छ । न त भन्छु यो हाम्रो परम्परा हो

संस्कृति हो हाम्रा पूर्वजहरुले धर्मका नाममा स्वीकारेको हामीले क्रमश : अनुकरण गर्दै आएका । कसैको नाममा सर्मपण गर्नु र शोख चाहि आफै गर्नु । बात पनि नलाग्ने र लाजपनि मान्नु नपर्ने आफ्नो नाममा आफैले गर्ने भए पो ? अर्काको नाममा सुख र मनोरन्जन लिने वेदकालिन कुराहरु हुन महान राजनीतिज्ञ हुन ती यस्ता सिद्धान्तका प्रर्दुभाव गर्नेहरु साँप पनि मर्ने र लट्ठी पनि नभाचिने बोराको खोलमा सङ्गमलिको बगलि थाहापाउने पनि दश उपकारको पनि प्रदर्शन देखिनेहरु झन आश्चर्यमा सूत्रधार चाहि सबैतिर सन्तुष्टिको इन्द्रजालको प्रचार र प्रदर्शनीमा प्रफुल्ल यो प्रफुल्ल कात्रो जस्तो हो मेरो मन बाटारिएका क्षणका अभिव्यक्ति हुन् । मसानमा लास पोलेर मान्छेलाई मान्छेको अस्तित्वबाट चूर्ण पारी मान्छेको पेट भर्ने उपाय हो यो । स्वस्नीलाई घाटीमा पोते ओठमा मीठो हासो र रति सौन्दर्यका लागि र छोरा छोरीका कापि र कलमका लागि । मान्छे पोल्ने पेशामा बरु इमान्दारीता देख्छु । तर यी त छि. छि. कति घीन लाग्दा काला कर्तुतहरु हत्केलाले सूर्य छोपेर मुस्कुराउने कुटिल हंसमुखेहरु । भ्रम नपरोस् यो अंगुर अमिलो छ भन्ने उखान संग अलिकति पनि तादात्म्यता राख्दैन । यो पनि संस्कार हो हाम्रो । देखे जति राम्रो, नभेटेपछि नराम्रो । यसप्रति सरोकार प्रत्यक्ष अप्रत्यक्ष कुनै रुपमा पनि छैन । भन्नु यति हो कि चन्द्रमामा ग्रहण लाग्दा जस्तो अपवित्र ठहरिन्छ त्यसरी नै मान्छेको मनमा ग्रहणको टीका लागेका पित्त फुटेको झोल जस्तो । मेरो सार्वजनिक र अभिष्ट हो यो । बोरामा कस्मीराले टालेको सुहाउदैन बोरालाई बोरानै चाहिन्छ । अब बढी खोतलेर निफन्नु नर्पला ।

नौदिन टाढा भए नौलो हुने र बीसदिन टाढा भए बिसिंने यो लोकोक्ति प्रमाणित होस् नहोस् मलाई चाहिने कुरा हैन । त्यसैले चलेको होला माया र एकै भएका एउटै मोहरका दुई छाप यता पल्टाए माया उता पल्टाए मृत्यु । हो जस्तो र हैन जस्तो पनि कुन बढी र कुन घटी भन्ने तराजु त्यतिबेला देखिन्छ । जतिबेला मायामा उद्वेलित वा विचलित भएको हुन्छ । यस्ता तथ्यहरु समय सन्दर्भ अनुकुल र सामयिक बन्ने, कसले चलाए होलान, ? सुनिएकै हो नि कहां बज्छ मादल कहां नाच्छे मारुनी ? रिमोट कन्ट्रोल झै । एकातिर थिच्यो अर्कौतिर असर । एकठाउंको क्रिया प्रतिक्रया अर्को ठाउंमा भूमिगत कार्य प्राय: यस्तै हुन्छन् रे यु. जी. अर्थात अण्डर ग्राउन कार्य देशमा धेरै कुरा यस्तै हुने गरेका छन । कुनै व्यवस्था परि बंतनले कुनै सरकार र विचार परिवर्तनले रिमोट कन्ट्रोल कार्यमा कुनै अन्तर आउन सकेको छैन । हो तौर तरिकामा भने परिवर्तन छ । मूलतत्व अपरिवर्तनशील छ । खोल भए पो फुकाल्न मिल्छ । विगत र वर्तमान कुनै दूरी छैन वर्तमान र भविष्यमा पनि कुनै पृथकता नहोला नै । जहां इतिहास वर्तमान बन्छ र वर्तमान इतिहास बन्छ त्यहां सदैव मादल र मारुनी बिनाको संगम नै ताल र नित्य हुन्छ । अनवरत र निरन्तरको प्रतिक हो यो ।

आंखाले पिएको र मनले दृढ गरेको यथार्थ हो आत्मतुष्टिका लागि । प्रदर्शनीहरु यथार्थ हुने र नहुने प्रावधान न्यायना छ । वकालतको धर्म हो अन्धोलाई दृष्टियुक्त बनाउनु र देख्न सक्नेलाई आंखामा पट्टी बांधेर अन्धो घोषणा गर्नु पेशा हो । जसले जति तराजु गढ्ढी बनाउन सक्यो त्यो त्यति नै सफल । परिभाषा निष्पा र सत्यको हो । धर्म र पापको व्याख्यानले सत्ययुगको अनुमान र आमन्त्रण वर्तमानका लागि सहय हुन सक्दैन । बोल्नेको पीठो बिक्ने कुरा अहिलेको हैन । अहिलेको मौसम नै यस्तै छ । पाउनसके त्यो आफ्नो खोजिएकोलाई अंश बनाउनु र प्रतिक्षालाई प्राप्ति ठान्नु सार्वजनिक प्रतिष्ठाको परिचय बन्दैन । अनुमान र भाग्योदय चिट्ठ्ठाले सम्पन्न हुने कुरा हो र ? प्रचार र प्रदर्शनीले म आफुलाई बाटी बाटी बुन्दथे । धोकापूर्ण आकर्षणमा विश्वासको मत दिनु क्षणिक आनन्द प्राप्तिको सागरमा पौडनु जस्तै हो मेरो कतिपय अनुभवहरु कमाईमा जन्मा भएका ब्यालेन्स बनेका छन । आवश्यकता नहुन्जेल खाता बलियो देखिने । आवश्यकता परेमा प्रेम गर्न खोज्ने सपना झै झस्काई खाने । यस्ता सपनाहरुले मेरा पैतालाहरु धेरै खिईएका छन । समयहरु सस्ता बनेका छन ।

विगतमा धेर गएका पैताला र समयहरु सम्पति नै हुन भन्ने मेरो चित्त बुझाई छ । अहिले म सदा खबरदारीमा छु । मेरो विश्वास छ भविष्य नाफा गराउने लाभांशको मीठो स्वादहरु भोग गर्नेछ । जे होस् यी बांच्ने उपक्रमहरु हुन । मेरा भनुं धेरैका र अझ नढांटि भन्दा सबैका । जीवन रथ यसरी नै गुडदै छ । नाटक जस्तो जीवन भएर र जीवन जस्तो नाटक भएर । समय जस्तो हामी बांचेर र हामी जस्तो समय रोकिएर । विगत होस् या वर्तमान वर्तमान होस् वा भविष्य नै । कुरो उही हो । उही हो कुरो । जताबाट भने पनि हो उही कुरो ।

गीत

□ होम परिबाग

मान्छे यिनै हुन्, तिमी त्यही हौ,
केको ऋणको अल्झेलोले मलाई बचायौ

न मन रह्यो न धन रह्यो
उँड्थे होला, डुल्थें होला पंख खोसिदियौ

यी आँखा सग्लै, [illegible] सध्यै छ, मन भाँचियो
घाइते भई बाँच्नु पर्ने तिमील्यै बनायौ

पाप भयो आफ्नो भन्नु सजाँय यस्तो भो
कहाँ रह्यो आफ्नो कुरा, यो कस्तो हुन गो

मान्छे यिनै हुन्, तिमी त्यही हौ,
घाइते भई बाँच्नु पर्ने तिमील्यै बनायौ

सिक्किमका सिर्जनशील गीतकार बलि सुब्बा

तारा कार्की

उपहार केही नदिए पनि
केही याद दिएर जादैछु
तिमी नरोउ आंशु नझार
सम्झना लिएर जादैछु ।

गीत जीवन हो, गीत हृदयको फूल हो, गीत भञ्ज्याङ्गको शीतल हो, गीत मुटुको ढुकढुकी हो, गीत एउटा सिङ्गो राष्ट्र हो, गीत मानव जीवनमा घट्ने यथार्थ घटनाको दुःख सुख, प्रेम, बिछोड, विरह वेदना र भावनामा छचल्किने अन्तर्भावनाका शब्द रचना अर्थात सिङ्गो जीवन कथा हो । त्यसैले गीत हृदयभित्र बज्नुपर्छ, बाँच्नुपर्छ, त्यो त्यही सुन्दर फूल हो जो हरित अविनाशी भएर फुलिनुपर्छ । तिनै माली सङ्गीतकार, गीतकार र गायककार बीचको त्रीपक्षीय प्रयासले फुलाएको सङ्गीतको फूललाई जगेर्ना गर्न सक्यौं भने मात्र गीत गीत भएर गुञ्जिरहन्छ , अन्यथा हामीले भाषा-साहित्य, कला र संस्कृतिलाई सभ्यताको नाममा आफ्नो राष्ट्रियता, धर्म र जातिलाई बिर्सिदिएर पश्चिमी संस्कृतिलाई प्रश्रय दिंदै आफ्नो मुलुमा हुल्यौं भने हामी आफ्नै राष्ट्रकै कलङ्कित बन्ने छौं । इतिहासले हामीलाई श्राप दिनेछ । यी भावना व्यक्त गर्ने गीतकार यो मुलुकको होइनन् । सिमाना अलग भएपनि कर्मथलो यो देश नभए पनि, यहाँको माटोमा उनको पसिना नचुहे पनि उनले यही माटोमा आफ्नो भावना पोखेका छन् । अन्तर मनको सुन्दर शब्दको धुङ्गाहरू गीत बनाएर बुद्धको जन्मभूमिमा सिंचिएका छन् । मेची र महाकाली किनारहरूमा उनका गीतात्मक छालहरू भाका लेर बगिरहेका छन् । तराई लेकवेंशी धानको बालासंग उनका गीत गुञ्जीरहेको छ । यद्यपी, आफ्नो जन्मथलो परदेश भए पनि उनी नेपालीत्वलाई संधै शीरमा राख्न चाहने, नेपालीको अस्तित्वलाई बचाइराख्नुपर्छ भनी विश्व धरातलमा नेपाली कलालाई पुऱ्याउनुपर्छ भन्ने अदम्य जोश राख्ने, यी प्रतिभाशाली युवाको पुर्खौली मातृभूमि नेपाल हो ।

उनको जन्म भारतको सिक्किम राज्यको नाम्चे दक्षिण याम्चे दस्तीमा भएको हो । गीतकार बलि सुब्बा नेपाली सङ्गति फाँटका लागि परिचित नाम हो । यिनका दर्जनौं गीतहरु रेडियो नेपालबाट बज्ने गर्छन् । एउटा गीतकार तथा कविको नाताले नेपाल र सिक्किम बीच गीत सङ्गीत बारेमा उठाएको प्रसङ्गमा केही अंशहरू-

- *तपाईंलाई गीत कविता लेख्ने प्रेरणा कसरी जाग्यो ?*
- प्रेरणाले मात्र सबै साहित्यकार हुँदैनन् । नत प्रेरणाले गीतकार नत कवि नत डाक्टर इन्जिनियर । प्रथम त व्यक्तिभित्र नै भिन्न विचार सोचाइ अलग्गै प्रकृतिको स्वभाव भएको हुनुपर्छ, आफूले सोचेको कुनैपनि लक्ष इच्छालाई पूर्तिगर्न त्यस कामप्रति निरन्तर साधना अभ्यास गऱ्यो भने हामीले प्रेरणा आएको काममा सफलता प्राप्त गर्न सकिन्छ । प्रेरणा मात्र भएर त हुँदैन साधना भएन भने प्रेरणाको अर्थ के ? मलाई कता कता याद छ, मेरो बाल्यकाल बाल सुलभ अरू साथीहरूभन्दा फरक थियो ।

प्रकृति, झरना, आकाशको इन्द्रेणी र बादललाई हेरेर हरेपल रमाइरहन्थें । मनमा साङ्गीतिक शब्दहरू गुञ्जिन्थ्यो । रेडियो नेपालबाट बज्ने गीत गजलहरू सुन्नमा पनि अति आनन्द लाग्थ्यो ।

उता मेरो घरमा स्वयं साङ्गीतिक वातावरण थियो । सिक्किमका राजा छोगेलको पालामा मेरो बाबाले मुरली बजाउने गर्नुहुन्थ्यो र आमा पनि सङ्गीतमा नै रूची राख्नुहुन्थ्यो । घरको साङ्गीतिक वातावरणले त मलाई झन गीत कविता लेख्नमा जाँगर चल्न थाल्यो ।

- *किन गीत लेख्नुहुन्छ ?*

- गीत एउटा छोटो र मीठो साहित्य हो । यही छोटो गीतमा मानिसका जीवनका घटना , प्रेम बिछोड, माया, मोह , दुःख सुख-हाँसो रोदन समेटिएको हुन्छ र त्यही गीतमा साङ्गीतिक स्वर भएर आम जनतामा गुञ्जन्छ । यस अर्थमा आम श्रोताले बुझ्न सक्ने मीठो साहित्य नै गीत हो ।

- *गीत रचना र अन्य साहित्यिक रचनामा तपाईं आफैंले के भिन्नता पाउनुहुन्छ ?*

- कथा र उपन्यासको Area ठूलो हुन्छ । कथाको र गीतको कुरा एउटै हो, तर गीतमा हामी तीन चार पङ्क्तिमा एउटा सिङ्गो कथाको रूप दिन सक्छौं । जो मान्छेले क्षण भरमा सुनेर पढेर जिन्दगीको अर्थ लगाउन सक्छ, त्यसैभित्र सिङ्गो कथा अटाएको हुन्छ । त्यही गीतमा यथार्थता वास्तविकता, राष्ट्रियता र जीवनका सबै परिवेशहरू लुकेका हुन्छन् । त्यो छोटो रचना नै गीत हो ।

- *गीत रचना गर्दा कसरी गर्नु हुन्छ ?*

- गीतमा शब्द संयोजन, अर्थपूर्ण भाव रचना रेडिमेड, टोनवाट सङ्गीत बन्छ, गीत रचना गर्दा गीतको द्वार खुल्नुपर्छ, गीत बन्नुपर्छ- फूल जस्तै गीत फूल्नु पर्छ, फूल जस्तै सुवास भई गीत जीवित हुनुपर्छ । खासगरी मैले गीत रचना गर्दा कुनै सङ्गीतको धुन बज्दा नलेखिएका गीतमा पनि गीत रचना गर्न सकिन्छ । उदाहरण स्वरूप २०४३ सालमा बुलुमुकारूङ ले सङ्गीतको धुन बजाउँदैथिए । मलाइ पनि गीतका भावना फूर्‍यो । त्यो गीत यस्तो थियो -

"सम्झनाले मुटु पोल्छ, आँखा भरी पानी
साउनको भेल बग्यो आफ्नै जीन्दगानी"

त्यसरी नै अरूको व्यथा मर्म, कसैलाई घटेको घटनामा म पनि त्यहीभित्र पुगेको हुन्छु, त्यो घटना आफ्नै जस्तै लाग्छ, त्यसरी गीत लेख्न मलाई सजिलो पनि लाग्छ । जस्तै फिल्मी गीत सुन्दा र पर्दामा फिल्मी घटना देख्दा आफूसँग कागज भए हुन्थ्यो जस्तो लाग्छ । अरूलाई दुख्दा मलाई पनि दुख्ने गर्छ, सायद त्यही कोमल हृदय भएकोले होला , मैले गीत लेख्न सकेको हुँ । गीतमा प्राण हुनुपर्छ, बेवारिस फगत गीत क्षणिक हुन्छ । छिटै जन्मेर छिटै मर्दछ । आयु नभएको गीतको अर्थ हुँदैन । गीतमा जीवन्तता हुनुपर्छ ।

- *सिक्किममा लेखक कलाकारहरूको भविष्य कस्तो देख्नुभएको छ ?*

- अहिलेसम्म सिक्किमका कथाकारहरूको भविष्य अन्धकारमा डुबेको छ । सिक्किममा कला साहित्यमा रूची लिने मानिसहरू पनि कमै पाइन्छन् । जे जति कलाकार साहित्यकारहरू हुन्, तिनीहरू कुण्ठित अवस्थामा ब्यापिएका छन् । त्यस्ता कलाकार, लेखकहरूलाई चिन्न र चिनाउन खोज्दैनन् । सिक्किममा साहित्यकार केवल अभियान्ता र इन्जिनियर उच्च तहका अधिकृत जस्ताका मात्र लेख रचना पुस्तक, प्रकाशित हुन्छन् । ती ठेकेदारी अथवा गोजीका साहित्यकार मात्र बनेका छन् ।

- *सिक्किमकी छोरी गायिका सुस्मित आफ्नो जन्म भूमि छाडेर विदेशिनु पर्‍यो । के सिक्किममा नै कलाको विकास गर्न सकिदैन ?*

- सकिदैन, किनभने सिक्किममा गायन कलाको मार्केट छैन । जहाँ रेकर्डिङ्ग स्टुडियोको अभाव छ, राम्रो अत्याधुनिक प्राविधिकहरू छैनन् । सरकारले यसतर्फ बेवास्ता गरेको छ । यसरी कलाकारको सृजना गर्नुपर्छ भन्ने धारणा सिक्किम सरकारको मगजमा पुगेको छैन ।

दिदी सुस्मित जस्ती कोकिल कण्ठी भएकी गायिकालाई यो मानो परिवेशमा उनको त्यो सुमधुर स्वर खुल्दैन, सुहाउँदैन । त्यसैले उहाँले नेपालमा जुन फाटिलो साङ्गीतिक मोड मेट्नुपर्थ्यो त्यो उहाँको भाग्य हामी सिक्किमेली कलाकारहरूको पनि अहोभाग्य हो ।

- *कतै तपाईं पनि नेपालतिर जाने मनसाय राख्नुभएको त छैन ?*

- न त सिक्किम छोड्दिन, साहित्यकार, कलाकार संसारको जुनसुकै देशमा पनि पुग्न सक्छ ।

सिक्किमबाट नै मैले मेरो रचनालाई नेपाल पुऱ्याउन सक्छु । कलाकार साहित्यकारको न देश हुन्छ, न प्रदेश, न घरबार उ जहाँ पनि मौलाउन सक्छ । यसर्थ नेपाल मेरो शीरमा हुन्छ, म जहाँ टेकुं, जहाँ नरूं, नेपाल म भित्र बाँचिरहेको हुन्छ ।

- *तपाईं एउटा कलाकार यो साँघुरो परिवेशमा रमाउन सक्नु हुन्छ ?*

- सन्तोष त पट्कै छैन, यदि नेपालमै मेरो जन्म भूमि भएको भए म फन्टाउन सक्ने थिएं होला । तापनि मेरो गीतको शुरुवात रेडियो नेपाल मार्फत भएको हो । मलाई बलि सुख्या बनाउने रेडियो नेपाल हो ।

- *नेपाली सङ्गीत फाँटका सङ्घर्षशील सङ्गीतकारलाई मान्नुहुन्छ ?*

- गोपाल योञ्जन नेपाली सङ्गीत फाँटका सङ्घर्षशील नेता हुन् । उनकै सांगीतिक नेतृत्वमा आज नेपाली कलाकारहरू जुर्मुराएका छन् । उनको सङ्गीतमा नेपालीका राष्ट्रियता र देश भक्तको राग बजेको हुन्छ । तराइ फाँट, लेक बेशीको भाका बाँधिएको हुन्छ, पहाड र झरनाको आभास प्रतिध्वनित भई गोपाल योञ्जनको सङ्गीतले सङ्गीतप्रेमी जो सुकैलाई अतृप्त बनाई छाड्छ । मलाई जाहिले पनि याद आउँछ- गोपाल योञ्जनको सङ्गीतबद्ध गीत-

"देशले रगत माँगे मलाइ बलि चढाउ .
रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी"

यस गीतमा हाम्रो नेपालपन, नेपालीत्व, वीरताप्रति साहस पर्याप्त पाइन्छन् । यसकै उदाहरण लिएर हामीले हजारौं गीतहरू जन्माउन सक्नुपर्छ । श्री गोपाल योञ्जन ज्यू ले

गेप्नुभएको सङ्गीतको बेनां हरियाली भई अजर अमर भएको छ। नेपाल मात्र होइन, बाहिर मुलुकभित्र पनि उहाको प्रभाव फैलिएको छ। हामी सबै गीतकार, साहित्यकार, गायक, गायिकाहरूले उहाँले खनीदिनुभएको गोरेटोलाई अपनाउनु उहाँप्रतिको आदर सम्मान हुनेछ।

- *नेपाली आधुनिक गीतकारहरूमा अस्तित्ववादी र राष्ट्रियताका भावार्थ झल्कने गीतकार को को हुन् ?*

- गोपाल योञ्जन, स्व. हरिभक्त कटुवाल, कालिप्रसाद रिजाल, स्व. भूपि शेरचन, मन बहादुर मुखिया, स्व. नोरदेन रूम्बा, वि.वि. सुब्बा, अगमसिंह गिरी, चाँदनी शाह, म.वि.वि. शाह, क्षेत्र प्रताप अधिकारी, भिम विराग, जस योञ्जन प्यासी, भिम अधिकारी, गगन विरही, बुद्धवीर लामा, श्यामदास वैष्णव आदि गीतकारहरूको गीत शब्दना आफ्नो जातियता, जातीय सद्भावना अस्तित्व, राष्ट्रियता लोक संस्कृति लोक परम्परालाई ज्यूँदो बनाउनमा सफल छन्। यस्ता गीतकारहरूलाई राष्ट्रले पनि सम्झनुपर्छ।

- *यहाँले मन पराउनुभएका साङ्गीतिक स्वरहरू को को हुन् ?*

- गोपाल योञ्जन, कुमार सुब्बा, शान्ति ठटाल, अरुणा लामा, निरा राणा, सुमित्रा गुरुङ, लाम्मीत राई, शम्भु राई, नारायण गोपाल, तारादेवी, लोचन भट्टराई, दिनेश सुब्बा प्रायः सबैको मन पराउँछु।

- *नेपालमा तपाईं विदेशी गीतकारको नामले चिनिनुहुन्छ। तपाईंलाई रेडियो नेपालमा गीत बज्ने र बजाउने प्रकृयामा भेदभाव जस्तो लाग्छ ?*

- भेद भाव छ या छैन, तोकेर भन्न सकिँदैन। किनभने रेडियो नेपाल, नेपालका कलाकारहरूको लागि मात्र नभएर प्रवासी कलाकारहरूको पनि साझा सम्पत्ति हो। मलाई यसमध्ये अरू भन्नु छैन।

- *अहिले पप सङ्गीतको जमना आइरहेको छ, कतै पप सङ्गीतले आधुनिक, क्लासिकल सङ्गीतलाई नै ध्याल्ने त होइन ?*

- पप सङ्गीत अति नै वैशालु सङ्गीत हो। जुन पप गीतहरूमा भाव-अर्थ शैली शब्द गायन सङ्गीतमा निस्तो फिकापन मात्र पाइन्छ। त्यस्ता गीतहरूलाई (सिजन रङ्ग) भनिन्छ। यसको आयु अति नै छोटो हुन्छ।

-पप गीतको शब्द संयोजन कस्तो लाग्छ ?

- अर्थविहिन, वेशुर धन्काई, अस्लील शब्द हुन्छ। यस्ता पाश्चात्य पप सङ्गीतमा मानव विकृतपूर्ण नमीठो शब्द फटाहा भाइहरूको लागि मात्र सुहाउने हुन्छ। यस्तो समाज राष्ट्र सुहाउँदो हुँदैन। तो गीत सुन्ने श्रोता पनि अर्थ विहीन श्रोताहरुले मात्र सुन्ने गर्छन्। यस्ता सङ्गीतले साङ्गीतिक पोलुसन् ल्याउने काम मात्र गर्दछन्।

गीत सङ्गीत र स्वर लयमा सम्बन्ध कस्तो हुनुपर्छ ?

- उच्च कोटीको शब्द सङ्गीत पनि गीतकै उच्च कोटीको र कलाकार गायकको गाउने शक्ति पनि उस्तै उत्कृष्ट हुनुपर्छ। यी तिनै चीजको निखार नै एउटा असल गीतको जन्म दिनु हो।

- *सुलि जी, तपाईंलाई आनन्दको क्षण कति बेला नतशुत्त गनुहुन्छ ?*

- जब कुनै लेख लेखिसक्छु, जस्तै आमाले बच्चा जन्माउँदा उसलाई पीडा हुन्छ, उ मार्मिक हुन्छिन्, जब बच्चा जन्मन्छ, आमा खुशी हुन्छिन्। त्यस्तै गीत कविता रचना गर्दा रचनाकार भावनाको गहिराइमा डुबेको हुन्छ, जब रचनाको सृजना हुन्छ म खुशीले रमाएको हुन्छु।

- *समकालिन सङ्गीतकारको नाम लिनुपर्दा कस्को लिनुहुन्छ ?*

- नेपाल खाल्डो बाट हेर्यौ भने एउटा कमंठ सङ्गीतकार बुलु मुकारूङ, नुर्वछिरङ राई, शान्तिराम राई, सरोज कार्थक, दिनेश सुब्बा, राम थापा हुन्।

गीत

कसरी लगूँ तारी !

□ कृष्णप्रसाद पराजुली

छेक्न खोज्यौ बाटो मेरै अँधेरीमा झारी
कसरी म जँघारमा लगूँ फेरि तारी !

घामले पोल्यो छाँया दिएँ
जीवनभरि माया दिएँ,
प्रत्येक पाइला सघाएयें
शिरमा हात लगाएयें -

हिंड्न खोज्यौ बिसिंएर धुजाधुजा पारी
कसरी म अँधेरीमा लगूँ फेरि तारी !

रुझ्यौ तिमी ओत दिएँ
अड्न सक्ने बोट दिएँ,
अझै केही आँखा दिन्यें
सुसेलीको भाका दिन्यें -

तान्न खोज्यौ भुमरीना उल्टै फेरो मारी
कसरी म जँघारमा लगूँ फेरि तारी।

✱

कविता

कृष्ण

□ नकुल सिलवाल

कृष्ण ।
के गर्दै होलान ?
असंख्य गोपिनीका माझ
तेलकासा खोल्दै होलान् ।
कि सुसेलेर बाँसुरी
क - कसलाई
फकाउदै होलान ।
होइन भनें
कृष्ण के गर्दै होलान्
कि कृष्ण राधाको
पन्छाउनै नसकिने जालमा छन्,
त्यसोत कृष्ण
दहीको ठेकी छानीरहेका हुनसक्छन्
के भन्न सकिन्छ र ।
सायद कृष्ण
पाण्डवहरुलाई बल र बुद्धि दिदै होलान्
या कसैलाई
रणनीतिको पाठ घोकाउदै होलान् ।
केही छैन,
मैले प्रत्यक्ष नदेखेको, नचिनेको कृष्ण
अवस्य ।
कहीं कतै केही गर्दै होलान्
तर मैले प्रत्यक्ष चिनेका, देखेका
अनगिन्ति कृष्णहरु ।
दिन दिन भरी खेत खनेर
दुङ्गा फोरेर, भारी बोकेर
साँझ बिहान
फेरि र फेरि
मट्टितेल, नुन र चामलको लाइनमा छन् ।

पढ्ने र पढाउने कृष्णहरु
चिठ्ठीपत्र छर्ने
र गिलास पखाल्ने कृष्णहरु
जो सन्तुष्टिको पुरापेट
सायद खाँदैनन्,
र आनन्दको पुरा निद्रा
सायद सुत्दैनन् ।
ती आत्मीय
असंख्य कृष्णहरुदेखि
म चिन्तित छु
यो घडी
एक कृष्णको होइन
सयौं कृष्णको खोजीनीतिमा छु
पतिखेर मलाई
एउटा कृष्णले बजाएको
बाँसुरीको धुन होइन
हजारौं कृष्णको सुस्केरा प्रिय छ ।

बानेश्वर, काठमाडौं ।

कविता

गन्तव्य

□ प्रहलाद पोखेल

खोक्रो पेट भरिन्न रे । सरसिलो खाई मिठो भाषण
नाङ्गो आङ न ढाकिइन्छ कहिल्यै ओढेर आश्वासन
भोकै खान म तम्सिदैछु अहिले पाऊँ कहाँ भोजन ?
बैलाए जनता - जनार्दनहरु केले बुझाऊँ मन ??

बन्ने छैन नि कोपिला अब यहाँ यो फूल जो फक्रियो
अर्पन्यौं शुभकामना तर अझै आस्था यहाँ कक्रियो
भोगी क्रूर कडा कठोर घटना भर्खर उज्यालो भयो
सोचेथें अब दुख्ख सिद्धिन गई संकष्ट सारा गयो ।

खेप्यौं खेपिनसक्नु पीर पनि झन् आनन्द टाढा भयो
झेल्यौं झेलिनसक्नु घात-घटना झन् दुख्ख गाढा भयो
थाक्नै हुन्न कदापि वीरहरुले कर्तव्य पूरा न भै
यात्री थाकिसके परन्तु किन हो गन्तव्य टाढा अझै ।

गोमन् सर्प उठाउदैछ किन हो आफ्नो अबासी फणा ?
अज्ञानीहरु गर्दछन किन अझै आफन्तमा नै घृणा ??
टाढा पुग्नुछ आज अल्मल गरे आफ्नै निजी स्वार्थमा
धिक्कार्लान् इतिहास, देश जनता पाइन्न कैल्यै क्षमा ।

कथा

सन्तो मर्दा

चुनिलाल घिमिरे

प्रत्येक बिहान देखे हातमा हलुवेको मग, दाहिने हातमा बेचुवा झाडु बोकेर भ्याए जति सबैको घर - आंगन बढार्न आउने त्यस मान्छेलाई हामी सन्तो भन्छौं। खुट्टामा प्लास्टिकको काली जुता, लेसको लट्टा नरीयलको डोरीले टनटन कसेको, पापेनलाई जितेर झरेको गोलो घाँटीको मैलो सुइटर, सुइटरका बाहुला त्यसको हात भन्दा ज्यादै लामा भएकाले नाडीदेखि केही मात्तिर डोरीले कसकास पारेको। कहिले साबुन नदेखेको कपाल त्यसमाथि कसैकोबाट बक्सिस् पाएको छत्रे टोपी। रुखो जमीनमा बल्ल बल्ल उग्रेको फापर जस्तो बोके दाढी, ओंठमाथि बियाम तिलचामे जुंगा हाँस्ता देखिने मैलो दाँत - दाँतको चेपचेपमा खैनीका कस। यस्तै छ हाम्रो सन्तो, बुढापाकाको सन्तो तरुनीहरुले जिस्काउने सन्तो, केटाकेटीले हँसाउने सन्तो, हाम्रो सन्तो, सानो बजारको सन्तो।

त्यो बिहानै उठेर आउँछ। आंगनतिर लप्याक लप्याक ननि ठुटे झाडुले त्यहाँ भएको मैला, नालीको चेपचाप बढारिसकेपछि घरको धनीले हलुवेको मगमा चिया हालिदिनु पर्छ, पाकेको केही छ भने दिंदा त्यसले नाइनास्ति गर्दैन। उसले भेटाएको खानेकुरा नखाइ छोडेको कमै पाहा छ मान्छेहरुलाई। लाटा नै पनि होइन तर बाठा पनि होइन - लाटा र बाठाकै बीचको जे भने पनि हुने सन्तेलाई यस भेकका प्रत्येक आँखाले चिन्छन्। उसको लोकप्रियता बाधजुंगे मुखियाको भन्दा बेसी होला कम भने अवश्य छैन। प्रत्येक मृत्यु भएको घर अथवा बिहे घरमा सन्तो पुगेको नभए त्यसको खोजी हुन्छ अर्थात त्यो कहीं टुट्दैन। भोंडा मस्काउ सन्तो, मैला तोर सन्तो, दाउरा चिर सन्तो, घाँस काट सन्तो, पानी ओसार सन्तो। हाँस सन्तो, मनोरञ्जन गर सन्तो। सजिलो छ सन्तो किनकि त्यो लाटा र बाठा बीचको मान्छे। भक्भक् गर्छ र एक राम्रो सट्याङरो बोल्न त्यसलाई हम्मे हम्मे पर्छ। भनेको कुरा बुझ्छ तर जवाफ दिन सक्तैन।

'बिहे गर्छस् ?' भनेर हातको शहनाई बजाएर देखाइदिंदा मुर्छा परेर हाँस्छ 'हया... हया हया ... ।' त्यसलाई बिहे बटौल र मरौ परौमा खाको हेर्नुपर्छ जति दिंदा पनि नाइनास्ति गर्दैन। लुगाका झुत्रामा मनग्गे जुत्ता छ भन्ने प्रमाण त्यसको कन्याइबाट चाल पाउन सकिन्छ। त्यो कसैसंग रिसाउँदैन अर्थात रिसाउन जानेकै छैन, कसैले साच्चिकै गाली गरि दिंदा पनि त्यो हुरुक्क हुरुक्क भएर हाँसिदिन्छ - रीस उठ्नेको मनै फर्काउँछ सन्तेले। मेरो घरमा बढार्न आउँदा चिया थाप्दैन खैनी माग्छ मसँग। खैनी खाए पछि गजबले सलाम ठोक्छ।

यसरी सधैं हाँस्ने सन्तो निकै गंभीर देखिएको दुईदिन भयो। आँगन बढार्दा सधैं जस्तो फूर्ति छैन त्यसमा। त्यो बढारिरहेप्यो आँगन - मैले हाँसोस भनेर हातको शहनाई बजाको जस्तो गरेर देखाँए तर हाँसेन त्यो। अलिक नजीक बोलाएर खैनी दिएँ, थापेर मैला हातले दाँतको मुनि चेप्यो तर सलाम ठोकेन - यसलाई के भएको छ मैले अड्कल काट्न सकिन। आँगनको कलना फूलमाया पानी थाप्न आई। कसैले फूलमाया भनिदिए त्यो ज्यादै रिसाउँछे, त्यो हेना अरे। हेना भनिदिंदा असाध्यै खुशी हुने लठेप्री फूलमाया र सन्तेको जोडी धेरै कोणले मिल्छ। तर कुरा के भने यी दुबैले एकअर्कालाई पटक्क मन पराउँदैनन्। सन्तेले बैदारकी छोरी सानुमतिलाई हुरुक्क भएर हेर्छ भने फूलमाया मसित तीनठुन्का भएर मस्किन्छे अर्थात तिनीहरु आफ्ना निम्ति नराम्रा छैनन्। मैले सन्तेलाई जिस्काउन फूलमायालाई देखाएर हातको शहनाई बनाएँ - अरुबेला फनक्क फर्केर प्लास्टिकको जुत्ता येचार्ने सन्तो तर आज माया लाग्दो उभिइरह्यो। फूलमाया भने रीसले कराउँदै मलाई कलको पानी छ्यापी। सन्तेको गंभीरता मलाई पचाउन गाह्रो भैरहेको थियो - फूलमाया गइसकेकी थिई।

राती अलिक अबेर सुतेकोले बिहान अलिक अबेर आँखा खोलियो। घाम निकै माथि आएपछि तलतिर मानिसहरुका खैलाबैला र होहल्लाले मलाई ब्युँझाएको थियो - आँखा मिच्दै उठें। सन्तो सुत्ने छ बाइ आठको अँध्यारो खोली अगाडी निकै मानिस भेला भएका रहेछन्। म हतार हतार त्यहाँ गएँ। मनमा चिसो पस्यो - सन्तो मरेछ। हेर्दा राम्रै सुतेको जस्तो तर सधैं हाँसिरहने सन्तेको अनुहारमा हाँसो पटक्कै थिएन - बरु शान्त, निश्छल सागर जस्तो सुतेको थियो कहिले नउठ्ने गरी।

सानो बजारभरि सन्तेको मृत्युले शोक छायो। त्यसको आफन्त कोही नभएकाले बाधजुंगे मुखियाले सबै कुराको अंगभार लिए। तैपनि हामीले आफ्नो आफ्नो गच्छे अनुसार पैसा उठाएर त्यसको संस्कार गर्ने सल्लाह गर्यौं। एताउति गरेर लाश निकाल्यौं तर बाहुनै छैन रहेछ, त्यसको जात, धर्म के हो हामीलाई थाहा थिएन। त्यहीबेला मास्तिरबाट दाइ मित्रलाल ढकाल 'बाहुन म हुन्छु' भन्दै आएर शंख फुक्न लागे। लाश खोलामा पुर्याइयो। खोलाको बगरमा लाश राख्दा घाम चटक्क लाग्यो - उंभो हेरे, इन्द्रेणी पनि लागेको रहेछ। बगरको डुंगामा बसेर हामीले कुरा गर्यौं - कति राम्रो मरण सन्तेको। न बिमार न अस्पताल न अप्रेसन न लाचारी। कसैलाई दुःख नदिई सुटुक्कै गयो परै। मृत्युले एकदिन हामीलाई समाउँछ यो सत्यलाई जान्दा जान्दै पनि हामी स्वार्थको लालचमा अर्कालाई होच्याउँछौं। शत्रुता पाल्छौं, क्षणिक आडम्बरमा अरुलाई गन्ती गर्दैनौं। तर जीवन आखिर खरानी न हो एकमुठी। सन्तेको लाश र राजाको लाशमा के फरक छ ?

लाश चितामा हालेपछि फुकालिएको लबेदामा प्रभात संघको एकजना भाइले लिफा भेटेछ एउटा। मलाई ल्याएर दियो।

लिफा निकै बाक्लो रहेछ, के रहेछ भनेर उत्सुकतावश मैले लिफा उघारें। पोष्टकार्ड साइजको पुरानो श्यामश्वेत फोटो रहेछ कुनै दम्पतिको।

'अरे दाजु यो फोटो त सन्तेकै जस्तो छ त ? हेर्नोस्न त कोठी - निधारको ठीक बीचमा।' सोनाम भाइले भनेपछि हामीले गौरसंग फोटो हेर्यौं - सन्तेको दाढी जुंगा काटेर, टोपी फुकालेर हेर्यौं, त्यो हुबहु सन्तो थियो। सन्तो नै थियो। त्यसो भा यो आइमाई को होली ?

लाश जलिसकेको थिएन तर मेरो मन जलिरहेको थियो, भुटभुटिरहेको थियो। सबै मलामी फर्किसकेपछि अन्तमा मित्र दाइ र म आएर त्यसको कोठा छान् मार्यौं तर काम लाग्ने वस्तु केही भेटाइएन। अरुहरुले हाबाना उडाए त्यो यथार्थलाई। तर मेरो मनमा भने अहिलेसम्म त्यो कुरा बसिरहेकै छ -

सन्तो को हो ?

आईमाई को हो ?

जवाब छैन - किनकि अब सन्तो नै छैन।

गान्तोक ।

समालोचना

दुई दर्जन 'दायित्व' को अनुशीलन

- शिव रेग्मी

२०४४ सालको नयाँवर्ष सँगसँगै नेपाली साहित्यमा नयाँ दायित्व बोकेर उदाएको 'दायित्व' सामयिक सङ्कलन नेपाली साहित्यिक पत्र-पत्रिकाको इतिहासमा एक उपलब्धिमूलक सिद्ध भएको छ। शुरुमा प्रधान सम्पादक लक्ष्मी पन्त र प्रबन्धकमा रामप्रसाद पन्तको व्यवस्थापनमा प्रकाशित भएको यो पत्रिका केही समयपछि उल्टोरुपमा अर्थात प्रधान सम्पादकमा रामप्रसाद पन्त र व्यवस्थापकमा लक्ष्मी पन्तको नाम उल्लेख छ। 'दायित्व' आफैंमा एक उदाहरणीय नमूना बन्न सकेको छ। यो प्रयास निरन्तर जारी रहोस् भन्ने कामना पनि छ।

'दायित्व' पूर्णाङ्क १० सम्म सामयिक सङ्कलनको रुपमा र पूर्णाङ्क १२ देखि मासिक रुपमा प्रकाशित भएको देखिन्छ। यसरी हेदा यो पत्रिका हालसम्म पूर्णाङ्क २४ प्रकाशित हुनुले के प्रमाणित गर्छ भने 'दायित्व' चाहीं नियमित हुन सकेको छैन। खल्तीको पैसाले पत्रिका निकाल्न चाहने सम्पादक-व्यवस्थापकहरुको यो प्रयासमा सराहना गर्नु बाहेक अरु थोक भन्न मिल्दैन। तर जे भएपनि नेपाली साहित्यमा आफ्नो गाँस काटेर साहित्य सेवा गर्ने थोरै साहित्यसेवीहरु मध्ये पन्त दम्पती एक हुन् भन्नु पर्दा भने छाती गर्वले फूल्छ। 'दायित्व' ले थालनीमा गरेको प्रण अनुसार यो त्रैमासिक हुनुपर्ने हो तर एक अङ्क त्रैमासिक निकालेर तुरुन्त मासिकमा उक्लनु चाहीं सम्पादक-व्यवस्थापकको उत्साहले सफलता प्राप्त गरेको मान्नु पर्दछ।

"हामी समक्ष देखा परेका आजका कैयौं साहित्यिक पत्र-पत्रिकाको अगाडि 'दायित्व' पत्रिकाको आफ्नो मूल्य र मान्यता छ। यसले साहित्यिक क्षेत्रमा केही योगदान गर्न खोज्ने तर बाटो नदेखेर अलमलिइर हेका बर्गलाई प्रोत्साहित गर्ने मुख्य उद्देश्य लिएको छ " - भन्ने सदाशय लिएर प्रकाशित भएको 'दायित्व' को अनुशीलन गर्नु यो लेखको अभिप्राय हो।

'दायित्व' का प्रकाशित २४ अङ्कहरु मध्ये सर्वश्रेष्ठ अङ्कको रुपमा 'भारतीय नेपाली साहित्यिक विशेषाङ्क', पूर्णाङ्क २१, २०५० छ भने पूर्णाङ्क १७, २०४९ समालोचना तथा पुरस्कृत प्रतिभा विशेषाङ्कको रुपमा प्रकाशित भएको छ। यसैगरी पछिल्लो अङ्क पूर्णाङ्क २४ कविता अङ्कको रुपमा प्रकाशित छ। यसैगरी 'दायित्व' पूर्णाङ्क १४, २०४८ जन आन्दोलन अङ्कको रुपमा र पूर्णाङ्क १३, २०४७ सार्क बालिका दशक अङ्कको रुपमा प्रकाशित भएपनि त्यति सराहना गर्नु पर्ने सामग्रीहरु ती अङ्कहरुमा पाइँदैनन्।

'दायित्व' गद्य प्रधान साहित्यिक पत्रिकाको रुपमा देखिन्छ। कविता प्रकाशित नभएका होइनन् - प्रशस्त मात्रामा छन्, छुट्टै एउटा कविता अङ्क प्रकाशित छ। तर ती कविता अधिकांश कटमेरो तालका लाग्छन्। केही उल्लेखनीय कवि र कवितामा श्यामदास 'वैष्णव' को स्वाभिमानको 'हुँकार' कृष्ण बाउसेको 'नेताहरु' वियोगी बुढायोकीको 'तिमी बहादुर हुन सक्तैनौ' दुबशी क्षेत्रीको 'बहिनी इश्मिराको नाममा एउटा पत्र' गङ्गा उप्रेतीको 'शहीदको आगमन तथा प्रल्हाद पोखरेलको - बदमाश आदि छन्। अनुवाद कविताहरु भने बरु साऱ्है नै स्तरीय एवम् रोचक खालका छन्। यसरी अनुवाद गरिएका कविताहरुमा स्पेनिश, जापानी रामा छन्।

'दायित्व' मा प्रकाशित कथाहरुमा डा. मथुरा के. सी, रामप्रसाद पन्त, रुद्र ज्ञवाली, शङ्कर कोइराला, ध्रुवचन्द्र गौतमका स्तरीय एवम् रोचक लाग्छन्। यसैगरी अनुवाद कथा पनि केही रोचक र सरस प्रतीत हुन्छन्। यसरी अनुवाद गरिएका कथाहरुमा फ्रेन्च तामिल पाकिस्तानी र बंगाली भाषाका देखिन्छन्। यसका साथै मधुबन पौडेल, इन्द्रकुमार श्रेष्ठ, खगेन्द्र संग्रौलाका आफ्ना पनका कथाहरु प्रकाशित छन्।

'दायित्व' मा प्रकाशित लेख रचनामा गोपीकृष्ण शर्मा, डा. मथुरा के. सी., रामप्रसाद पन्त, इन्द्रकुमार श्रेष्ठ 'सरित', रामप्रसाद दाहाल, डा. तुलसी भट्टराई, शङ्कर कोइराला तथा खगेन्द्र संग्रौला सम्झना लायक र उल्लेखनीय लेख रचनाका स्रष्टा हुन्। यसैगरी कृष्ण प्रधान, दार्सिङ्वासे माइलो, रामप्रसाद शर्मा आदिका लेख-रचना पनि उल्लेखनीय एवम् रोचक देखिन्छन्।

'दायित्व' साहित्यिक पत्रिकाको एउटा विशेषता 'अन्तरवार्ता' प्रकाशितमा देखिन्छ। झण्डै डेढ दर्जन अन्तरवार्ता नेपाली साहित्यका लब्ध प्रतिष्ठित साहित्यकारसंग लिइएको छ। सम सामयिक विषय र आफ्नै लेखन प्रवृतिसंग सम्बन्धित विषयसंग लिइएका यस्ता अन्तरवार्ताहरु आँफैमा रोचक र चाखलाग्दा भएका छन्। नेपाली साहित्यमा अन्तरवार्ताको कमी त यसै देखिन्छ त्यसमा पनि विभिन्न पत्र-पत्रिका प्रकाशित बाहेक संगालोको रुपमा प्रकाशित अन्तरवार्ता धेरै कम रहेको तथ्यलाई विचार गर्दा 'दायित्व' मा प्रकाशित स्वदेशी तथा विदेशी साहित्यकारहरुसंग लिइएको अन्तरवार्ताका संकलन निकाल्न सकिएमा नेपाली साहित्यको अभिवृद्धिमा एउटा बलियो खुड्किलो साबित हुन्थ्यो। 'दायित्व' ले आफ्नै प्रकाशनमा एउटा संगालो निकाल्नेतर्फ विचार गर्न सके कस्तो हुन्थ्यो। नेपाली साहित्यमा अन्तरवार्ताको प्रयोग स्व. शङ्कर लामिछानेले गरेका हुन र स्व. उत्तम कुँवरले यसमा सफलता प्राप्त गरेपछि यसमा त्यति सक्रियता आएको देखिँदैन।

'दायित्व' को अर्को एउटा विशेषता यसका विभिन्न अङ्कहरुमा प्रकाशित संस्मरण, यात्रा निबन्ध र आत्मपरक निबन्धहरु हुन्। यस्ता निबन्धहरु खास गरेर डा. मथुरा के. सी. फणीन्द्रराज खेताला, रामप्रसाद पन्त, रामप्रसाद शर्मा, दार्सिङ्वासे माइलो आदि उल्लेखनीय छन्।

कृति समीक्षा र विश्लेषणमा ठाकुर शर्माको 'रिङी र खाँची' (हाँस्दै रुँदै), गोपीकृष्ण शर्माको 'कुञ्जिनी खण्डकाव्यमा वस्तु संयोजन', इन्द्रकुमार श्रेष्ठ 'सरित' को अश्लील कविता निर्लज्ज कृति' डा. तुलसी भट्टराईको 'सिपाहीको चिठ्ठी' बाट केही शब्द अध्ययनीय छन्। यसैगरी व्यक्ति परिचयमा 'आस्थाका आयाम मित्रका कृष्ण प्रसाद पराजुली' 'महाकवि निराला व्यक्ति र कृति' 'कथाकार ध्रुवचन्द्र गौतम र उनको प्रतिनिधि कथाका प्राप्तिहरु' 'नौलाख तारा उडाए' का कवि संग आदि लेख रचना मननीय एवम् अध्ययनीय छन्।

'दायित्व' ले सबै विधालाई ओगट्ने प्रयासमा धर्म र संस्कृति, ज्ञान-विज्ञान तथा पुस्तक परिचय समेत समेट्ने प्रयास गरेको छ तर ती त्यति उल्लेखनीय एवम् प्रशंसनीय मान्नु पर्ने देखिँदैनन्। तर पनि नहुनु

'मामा भन्दा कानु मामा निको' त हुने भयो ।

खोजपरक लेख निबन्धको कमी र खाँचो 'दायित्व' को कमजोरी हो । यसमा दुइटा मात्र लेख खोजपरक भरेका रहेछन् । आउँदा दिनहरुमा खोज तथा अनुसन्धानमूलक लेखरचनालाई खोजी खोजी छाप्नुपर्छ भन्ने सल्लाह दिन्छु । नाटक विधामा एक दुइटा मात्र भएपनि फणिन्द्र राज 'खेताला' यसमा पहिला भएका छन् ।'

अन्तमा; 'दायित्व' पूर्णाङ्क २१ भारतीय नेपाली साहित्य विशेषाङ्क यसको सर्वोत्कृष्ट अङ्क भएकोले त्यस अङ्कको बारेमा नलेख्नु यो लेख अधूरो हुने भएकोले अब त्यसतर्फ लागौं ।

भारतीय नेपाली साहित्य विशेषाङ्क अनुपम एवम् अनुकरणीय संकलन बनेको छ 'दायित्व' को निकै मेहनत र दौडधूपबाट तयार गर्न सकिएको प्रस्तुत अङ्क मेहनत र परिश्रम अनुसार उपलब्धिमूलक पनि बन्न सकेको छ । यसमा कसैको दुइमत होला जस्तो लाग्दैन ।

। अविनाश श्रेष्ठको 'पूर्वाञ्चल भारतमा नेपाली साहित्यको विकास : केही महत्वपूर्ण बुँदाहरु' लेख साँच्चिकै यस अङ्कको महत्वपूर्ण लेख भएको छ । छोटो मोटो इतिहास छ यसमा । राधाकृष्ण शर्मा र बुद्धिमान प्रधानसंगको अन्तरवार्ताले नेपाली भाषा र साहित्य सम्बन्धि ज्ञान बृद्धि गर्न महत पुऱ्याएको छ भने विजय बा[illegible]ा को 'सिक्किमेली साहित्य पृष्ठभूमि र पत्रकारिता, वर्तमान परिप्रेक्ष्यमा सिक्किमेली साहित्य र पत्रकारिताको सानोतिनो इतिहास बोक्न सफल छ । यसैगरी राधा प्रधानको 'सिक्किमेली नारीहरुको महत्वपूर्ण योगदान र भूमिका' लेख, सुधीर क्षेत्रीको 'भारतीय नेपाली कविताको प्रवृति'ले धेरै कुराहरु व्यक्त गरेका छन् । कृष्णप्रसाद ज्ञवालीको 'अमरा, अक्षता र हाम्रो दशैं' निबन्धले हिन्दु संस्कृतिको प्रतिनिधित्व गरेको छ । लीलबहादुर क्षेत्रीको 'प्रतीक्षा' नाटक, हरिप्रसाद 'गोर्खा' राईको 'मेरा अपरिचत साथी' कथा, दिलकुमारी भण्डारीको 'अधिकार खोज्नु पर्छ र खोल्नुपर्छ, लेख तथा शोभित राईको कविता मलाई मन परेका रचनाहरु हुन् । तर अरु रचनाहरु नराम्रा भन्ने अर्थ भने नलागोस् अरु पनि राम्रा रचनाहरु छन् । जगत क्षेत्री र शिव प्रधानसंगको अन्तरवार्ताले धेरै ज्ञान दिएका छन् भने इन्द्रबहादुर राईको अन्तरवार्ता यस अङ्कको उत्कृष्ट अन्तरवार्ता पनि हो । यसैगरी गोपीकृष्ण शर्माको 'इन्द्रबहादुर राईको संगालो' 'पहाड र खोला' माथि निकाल्दा, कृष्ण गौतमको 'राजनारायण प्रधानको आलोचना' यसका राम्रा लेख रचना हुन् ।

नेपाल र भारतका बीच भाषा, साहित्य र संस्कृतिको पुलको रुपमा काम गरेको 'दायित्व' को यो अङ्कले डा. तुलसी भट्टराईको 'नेपाली भाषा साहित्यको विकासमा नेपाल भारतको समन्वयात्मक सम्बन्ध' जस्तो लेखले सुनमा सुगन्ध थपेको छ भन्न सकिन्छ ।

२९ असोज २०५२
२६३, बत्तिस पुतली

कविता

म नेपाली

▭ नव सापकोटा

शौर्यशीलताका सगरमाथामा चढी
इमान्दारिताका आँखा छर्दा
निम्त्याइरहेको देखें
समग्र विश्वले स्वागत तोरण टाँगेर ।

गरें प्रस्थान हिमवन्तदेखि
कर्मशीलताका वाहनमा चढी
छातीमा राखेर मेरो शिवलाई
धरतीका चारै दिशा ।

नाश गरेर्थे कालरुपी अँध्यारो यस धराको
मेरो प्रदीप्त प्रकाशले
केही हजार वर्षअघि पनि ।

अलनसारिताका मन्त्रले
सेवा गरें भातृलाई
कर्तव्यको अस्त्रले
रक्षा गरें मातृलाई
सह अस्तित्वका भावनाले ।

मिलाएँ स्वत्व,
सिंचें मानवलाई
शान्तिप्रियताको
'सर्वे भवन्तु सुखिन' अमृतले

मानवकृत विभाजनमा
म हुन्न खण्डित -
'वसुधैव कुटुम्बकम्'
फैलिएँ माता पृथिवीका अंग-अंगमा;
गरें सेवा धर्मपरायणताले
'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी'
म पृथिवीको नागरिक ।

सक्नेछैनन् छुट्याउन मलाई
मेरो भातृ समाजदेखि
मेरो मातृ अंगदेखि
बोलीको लगामले वा
धर्मको विभेदले ।

म हिमाली । म नेपाली ॥
पुजारी म -
सत्यम्, शिवम्, सुन्दरम्को !!!
मेरो मानसवेदीमा
प्रतिष्ठित छ -
कल्मसनासी मेरो शिव ।
कल्याणकारी मेरो पशुपति ॥

म हिमाली । म नेपाली ॥
सारा पृथिवीको नागरिक म!

गुवाहाटी

कथा

हिउँ परेको बिहान

श्रीमती कुमारी खाती

सेताम्मे हिउँ परेको बिहान - एक विधवी वियोगमा छटपटिँदै सिउ सिउ ओंठ कमाउँदै बाहिर हेर्छे। पारिको भित्ता र पाखामा परेको हिउँले सेतो बस्त्रले ढाकेको आभास दिन्छ।

हिज-आज उ सेतो बस्तु देख्दा सान्है आत्तिन्छे। किनकि यही सेतो बस्त्र नै उसको निस्तब्धताको प्रतीक बनेको छ। जब उसले चुरा, सिन्दुर र पोते पतिको लाशलाई सुम्पी, तबदेखि उसको मन सेतो बस्तुदेखि बहकिने गरेको छ।

पतिसंग हुँदा उसलाई यो सेतो हिउँले खुबै प्रवाहित गर्थ्यो र भन्थी - सुन्नु भो, सबै घुम्न गए। हिउँ खेल्न गए। हामी पनि हिउँ खेल्न जाउँ न। साँच्चै तपाई कस्तो मान्छे हो ? केही चाँसो लाग्दैन ... !' भनि रिसाएको अभिनय गर्थी।

समय चालै नपाई कति द्रुत गतिमा बितीसकेछ। आज फेरि त्यही हिउँ सेताम्मे चारै तरफ ...। उ बिरक्त मान्दै हेर्छे। संधै झैं आज उसलाई रमाइलो लाग्दैन। प्यार भरि बिगतका सम्झनाले उ व्याकुल हुन्छे र पतिको चिहान सम्झन पुग्छे। उसका चंचल हात-पाउ र अंग-प्रत्यंग सम्झेर भनि यो चिसो हिउँ पूर्णरुपले ढाकिएको सम्झेर जीवन सम्पूर्णरुपले यही हिउँ भित्र ओत लागेको जस्तो उसलाई लाग्छ। यो कुरा सम्झन पनि सक्दिन किउ भहिले एक्ली छे। उसले सम्पूर्ण जीवन सुम्पेको जीवन साथी मझदारमा परी यो झूटो संसार र झूटो माया-ममता छाडी कहिल्यै नफर्कने गरी हराई सकेकी छे। फिका-फिका यो जीवन यात्रा कति चाँडै चालै नपाई हराइसकेको उसलाई कता-कता उच्याट लाग्छ। चिच्याउन मन लाग्छ ...। ढाको छोडी रुन मन लाग्छ। हुनत बर्तमान उसको प्यारो, नजिकको साथी र मनबिसाउने प्रमुख स्थान थिनै नयनधाराहरु भएका छन्। एक्लो हुँदा पनि उ मुख लेप्याइ-लेप्याइ रुन्छे। साथै कसैले माया गरी बिचरा भनिदिए पनि उसको दुई नयनबाट अबिरल आँसु नै बगीदिन्छ। साँच्चै यो आँसु- यसको मुहान कहाँ होला। के मा ठोकिंदा यो बर्षीदिन्छ ?

बाटाका दुइ किनारका धुप्पीहरु चुप-चाप उभिएका छन्। हिउँ परेका बिहान आफू जस्तै विधवी आभूषणले सजिए जस्तो लाग्छ ती धुप्पीहरुको आकृति। यो सेताम्मे धुप्पीले फेरि विधवीलाई कता कता पुऱ्याइ दिन्छ।

फिका ..., सेतो देख्दा त बिहानको शुभ साइत भन्ने बिश्वास पनि विधवीलाई हटेको छ। गम्भीर भई बिचार गर्दा रंगीबिरंगी, भेष-भूषा, बीज-बीजले नै यो जीवन संसार खुले जस्तो लाग्छ। किनकि एक बिवाह भन्ने बित्तिकै जुनै जाति - धर्म किन नहोस् सबै खुशी मज्जामा हुन्छन्। एक हिन्दू बिवाह कर्ममा दुलही बिभिन्न रंग, मेहन्दी, चुरा, र तोबाई, रातो साडी या रंगीन भेषभूषा साथै मायाको रातो सिन्दुर रंगाई दुलही कहलाइएकी हुन्छे भने बिभिन्न धर्म-जातिको आ-आफ्नै तरिकाले दुलाहा - दुलही पनि बिवाहमा आनन्दित हुन्छन्। दुलहीका माता-पिताले पुत्री वियोगमा आँसु बहाएतापनि अर्को तरफ जीवनसंगी पाएकोमा खुशीको आँसु हुन्छ। बिभिन्न भेषभूषा गरगहना भनेको बिवाह सुखेको प्रतिरुप हो। दुलही पनि बाबु-आमा, दाज्यू-भाउज्यू, भाइ-बुहारी, दिदी-बहिनी, साथी-संगाती सबै छाडी नयाँ घर पुग्न पर्ने। आउँदो जीवन कस्तो हुन्छ ? कसरी नयाँ घर पुग्ने। आउँदो जीवन कसरी बित्ने हो। कसरी नयाँ घर ना जग बसाउने ? यस्तै सोंचमा परी जति नै रोए पनि छोरीको जन्म लिए पछि पराइ घर जानै पर्ने। फेरि जवानीको हुरीले जतातते बरालिने यौबनपनलाई टेबा पाए जस्तो बिवाह बन्धन ...।

आज भोली भन्दै बिधवी भएको पनि बर्ष दिन बित्न लागेछ। यति चंचल फूर्तिलोपन र यति ठूलो संसार ...। सारा जिन्दगी भरकोलागि भनी रोजेको जीवन साथी ...। कसले सोंचेको थियो होला र यति चाँडै एक्लै हुनुपर्छ भन्ने ? बाटो त्यही छ, सायद पाइलाहरु भेटिएका छैनन् होला। बाद-बिबाद भएका मुख कानहरु यही छन्। यी दुई नयनका दुई नानी माझ उसको सिंगो तस्बीर सदाकोलागि अवस्थित छ। यति बलवान, शक्तिशाली, स्वस्थ शरीर, कतै उम्कन नदिने उसको बोली, कोहीसंग बोल्न नहुने उसको खटन, यस्ता धेरै अनुभवहरु बिधवीमा छन्। तर यस्ता अनेकन याद मायाका चिन्हहरु हुँदा हुँदै पनि कता हराएको कसरी छाडी गएको यत्रो महान बिश्वलाई र संधै मेरो हो भन्ने आफ्नो औलाद र मायालुलाई। यति निष्ठुरी भनी बुझेको भए यो आँसुको मुहान सुकाउने थिइन। यति बिघ्न उसको लोकचारे प्यार चाहने थिइन। यस्तै धेरै बेदनाहरुसंग बिधवी हिउँपरेको बिहान एकान्तमा धेर रोई। आँसुसंग त्यो बिहान चालै नदिई बिधवीलाई अझ अतित तर्फ बढाउँदै सुईकुच्चा ठोकेछ। उ झस्की, भित्ताको घडीतर्फ आँखा पुऱ्याई। बिधवीलाई सबैभन्दा निष्ठुरी त समय पो लाग्छ। किनकि यही समयले नै मिलन गर एको थियो, यही समयले नै बिछोड।

साथै आफू पनि यही समयमाझ यो बिछोडिएको माया ममतालाई अझ बिछोड्दै महा निष्ठुरीसाथ यो संसार छोड्ने समय आउने छ। भेट त हुने हो होइन तर यो जन्म एक कोल्टो भएपछि मृत्यु निश्चय अर्को कोल्टो ...। यो संसारको बिडम्बना हो। बिधवीलाई श्वांसनली बन्दभए जस्तो लाग्छ। तर मर्न चाहँदा चाहँदै पनि बाँचिदिनु पर्ने बाध्यता ...। धिक्कार यो मानब चोला ...। एक जादु टुना जस्तो मात्र यो जीवन। नाटक हो यो जगतको यो एक गजबको ...। बिधवीलाई बिरक्त लाग्छ। नाटक मंचमा नाटक खेल्न आए जस्तो, यसमा केही सफल केही असफल। यो संसार एक मायावी। यो समयलाई बिभाजित गर्ने बिद्वान कति महान हुन्। यो वृत्त आकारको जीवन खेल यो संसारिक रंगमचमा टेकेपछि खेल्नै पर्ने। जन्मपछि मरण पर्यन्त पुग्नु पर्ने।

यो कस्तो सांसारिक नियम हो। हिउँ परेको यस बिहानीले मलाई किन बिगतलाई संझन बाध्य बनाउँछ, मेरो इच्छा वा बेइच्छाले यो बिहानी आउने वा नआउने पनि होइन। आज मलाई जति पीडाको अनुभूति भएको छ यस्तै अनुभूति भोलीको बिहानीमा पनि हुनेछ। यो हिउँ परेको बिहानी र मेरो जीवनको तादात्म्य सम्बन्ध कुन्नि कति दिनसम्म चल्ने हो।

न्यू थर्न कटेज, दार्जिलिङ्

रेडियो भित्र मेरो पृथक अस्तित्व रहन्छ आएको छ

यज्ञनिधि दाहाल

रेडियो नेपाल सुन्ने प्रत्येक सभ्रेत नेपालीले यज्ञनिधि दाहालको नाम सुनेको हुनुपर्छ - अनुहारसँग परिचय हुन् सक्नु पनि सकिन्छ। साहित्य एवं संस्कृति कार्यक्रममा रेडियोबाट सुनिने उहाँको मधुर बोलिले नै श्रोताको मन आह्लादित हुने गर्छ। सुन्-सुन् पारौंजिन्छ। प्रतिभाका होइन उहाँजिनको साहित्यिक गोष्ठी वा कार्यक्रम छन्नो हुने गरेको धेरैले महसुस गरेका छन्। उहाँको प्रस्तुतिमा भेटिने ठेट नेपाली बोली र सरस, सरल एवं कर्णप्रिय बोलीले उहाँसँगको अघाइ तथा सभा-समार हेहुन पहुमार आम्मा हुँदैन्न्।

श्री दाहाल श्री जनसाँग सधैं व्यवहार गर्न खप्पीस हुनुहुन्छ। सानो गर्न पर्ने सारै निर्यक्कसँग गाँसि गरिदिनुहुन्छ र प्रशंसा गर्नपर्नेलाई पनि छाती फुकाएर प्रशंसा गरिदिनु हुन्छ यहाँ सिढर हुनुहुन्छ, कसैसँग दबले वा निहुरिने उहाँको स्वभाव छैन। चाकरी चापलुसी गर्ने प्रवृत्तिको धोर भिन्दा गर्नुहुन्छ।

यही प्रवृत्तिले गर्दा रेडियो नेपालको साहित्यिक कार्यक्रममा कति पटक आउनु भयो कति पटक जानु भयो। यो क्रम अब पनि लगाउन्ना शब्द सकिँदैन। ता पनि उहाँको मनमा किञ्चित् चिन्ता छैन। यसरी राष्ट्रको प्रमुख संचार माध्यमको रूपमा रहेको रेडियो नेपालको साहित्यिक कार्यक्रममा यसी वर्षदेखि संलग्न हुँदै आउनु भएका दाहालज्यूलाई प्रस्तुति वा प्रसारणमा के कस्ता कमजोरी परे, के कस्तो अनुभव प्राप्त गर्नुभयो र के गर्दा साहित्यिक कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सकिन्छ। यसबारे विचार विमर्श गर्नु भनि लगरी थियो र उहाँ समक्ष केहि प्रश्नहरु अगाडि राख्यौं। हामी कुरासाँ उहाँले राम्रो स्वीकार गर्नुभयो र भन्नुभयो - मेरो स्वहस्तलिखित उत्तरमा एक शब्द पनि संशोधन गरिन हुने छैन।

उक्त भनाईलाई हामीले स्वीकार गऱ्यौं अर्थात् सम्पादकीय अधिकार प्रयोग नगर्ने वचनबद्धता प्रकट गऱ्यौं। प्रस्तुत छन् श्री दाहालज्यूमा नै सर्वाधिकार सुरक्षित तथा स्वहस्तलिखित खरा तथा रोचक अभिव्यक्तिहरु।

दाहालज्यू कै शब्दमा छोटो परिचय :-

जन्म मिति/जन्मस्थान - वि. सं. २०१० साल साउन ८ गते बिहिवार, बाल्ने खोटाङ्
शिक्षा - संस्कृतिमा स्नातक/नेपालीमा जन्मदैको हक
बाबु/आमा - तारानाथ कृष्णा कुमारी (नन) दाहाल
पुरस्कार/प्रमाण पत्र - पाठकलाई दुःख नदिउँ
कृति - एउटा पनि छैन

प्रश्न नं. १ :- तपाई स्वयं कवि पनि हुनुहुन्छ र झण्डै दुई दशक देखि रेडियो नेपालको साहित्य संसार र हाम्रो संस्कृति संचालन गर्दै आउनु भएको छ। संचालन गर्दा खेरि अनुभव बताइदिनु हुन्छ कि ?

दाहाल - म कवि हुने रहरले कविता लेख्थें। बालनीकालमा धेरै कुण्ठित थिएँ। सोह्रबर्षको उमेर छँदा पिता परलोक जानुभयो। ३२ बर्षकी बिधवा आमा र ७३ बर्षको हजुर्बा एकमात्र छोरो गुमेकोले अत्यन्त चिन्तित हुनुभयो। मावली हजुर्आमा एकमात्र छोरी सन्तान हुनाका कारण हामीमा आश्रित हुनुहुन्थ्यो। म पछि चार भाइ-बैनी टुहुरा भए। एकजना मर्द मर्दा खेरी खेती-बाली सबै नोक्सानमा परयो। ३८ बर्षको हात्तीज्यानको मान्छे हुनुहुन्थ्यो मेरो बुबा। उहाँ खल्लासाथ घरको जाहाजै डुबेको थियो। त्यसकारण कुण्ठा नै बलियो 'हरिस' भयो मेरा लागि। यता बजार बिग्रियो। साहित्यमा सन्कीहरु र लठैतहरुले किचे। थेपी सर्किनीले छाला बाहिर नसा निकाली-निकाली गला फिराएर गाएका गीतमा जिन्दगीका प्रति मार्मिक कविता गाएको थाहा पाएपछि मैले कविता कति लेखें। यस अर्थमा म भन्दा थेपी (गाइने) ठूली कवि हुन्। मैले मेरै जिन्दगी पर्गेल्ने कविता लेख्न सकेको छुइन। रह्यो झण्डै दुई दशकदेखि रेडियोसँग संबन्धित संस्कार-र संचालनको अनुभवको कुरा।

अनुभव ? साँच्चै मीठो छ।

(क) म झताउरो लुगा लगाएको, संस्कृत विषयको स्नातक भर्खर साहित्यको संचालक भएको, उदाहरणमा बि. पी. को नाम लिनासाथ राष्ट्रलाई नै थर हरि बनाउनेमा परिहालें छु गएको सातै दिनमा। हल्लियो दरबार, चल्यो कचहरी, भयो निर्णय खबरदार ? दाहालमाथि कडा निगरानी। जाँच समिति, नाच बिमति, भाँच सुमति, दे कुमति यो राजनैतिक धारणा गाँसिएको गुलियो चस्का। अरु सुन्नुस् है त ल ?।

(ख) एकदिन हरिभक्त कटुवालको कविता "हतार छ यहाँ कतिलाई अर्काको गमलामा फुल्ने हतार, हतार छ कति कोरलीलाई यसै हिउँदमा कलाउने हतार" मीठासपूर्ण समाप्तिकानिम्ति कार्यक्रम सकेमा उच्चारण गरेँथे। आयो फोन तुरुन्त। रेडियो मै कुर्नुपर्यो नगैकन अन्त। आए हाकिम। आए भ्राता। उठ्यो उजुर। भयो निर्देशन। "यस्तो अश्लिल कविता आइन्दा नपढ्नु" भानें आदेश। आखिरमा धेरैपछि पो पोल खुल्यो। उजुर कर्ता दाइ बूढा लाग्दथ्यो। परेछ मलको लुकी छिलुवा। त्यहाँ बाल कार्यक्रममा जिन्दगीको उत्थानको रहर बोकेर आउने बगेल्ती बालिकामाथि गलत नियत त उही पो राख्तो रहेछ। धेरै करतूत उसकै देखा परे। आफू नै पुरा अश्लिल रहेछ। त्यसको मार मलाई परेको थियो।

(ग) कविताका पर्गेलीमा महाकविको "एक सुन्दरी बेश्या प्रति" उदाहरणमा आयो। कार्यक्रम प्रत्यक्ष चलाउथें। बिना रेकर्ड। सकिनासाथ धारेहात लिएर आइन् एक सुबासिनी प्रौढा। भनिन् "रेडियोबाट बेश्या शब्द बोल्न कल्ले अधिकार दियो ?" बाबा कसैलाई व्यक्तिगत बेश्या भन्या होइन। कविताको शीर्षक बोलेको। त्यो पनि महाकविको कविता। धन्दा ननान्नुस् भित्रासले बेश्यालाई मानवीय महत्व दिएको छ। इत्यादि भनें। लागे पो। नजिकै उनिएका अरुले नै बेश्यालाई मात्र बेश्या भन्दा रीस उठ्छ। तपाईलाई रीस उठ्नुको कारण के ? भन्दा उनी सुकेको सुन्तलाको थोको भइन् र आफ्नो बाटो गइन्। जानासाथ भेद खुल्यो तिनले धेरैका सोमरस लेन र धेरैलाई सोमरस देन गरेकी रहिछन्। मर्न पनि कताको अन्तरना हुन्छ, खुटयाउनै गाह्रो।

(घ) दरबार हाईस्कूलमा दिउँसो नेपाली पढाउँदै थिएँ। रेडियोले मोटर

लिएर डाक्यो । राममणि रिसाल उपनिर्देशक असिन-पसिन अवस्थामा । भने - "भीम खरेलको लेख किन दमपच पारेको ? ।" जस्ताको तस्तै छ केही गरेको छुइन । "प्रसार गर्नुपर्‍यो " । माटो र पाटोका गीत नलेख्ने को छन् ती देखाउनुस् । अनिमात्र पो लेख बोलौंला भनें । पहिले नै यस्ता सँग झंटा-झंटी परेकोले बानी परेको थियो । उत्तर दिएँ । यसको स्पष्टीकरण के हो भने महेन्द्रदल (जी, चाँदनी, म. बी. वि., छिन्नलता) का बारेमा जुंसा, लुच्चा, लुला, हरितन्नन्हरु हल्लुडे लेख दिन्ये र हाल्ये मण्डले दबाब । बाहिर बोल्दिनयें तर भित्र टेर्दिनयें । त्यसैले भनें रामचन्द्र भटमासेदेखि दीपक सोतीसम्मका माटो-पाटोका बारेमा आएका सबै गीत - कविताका बारेमा ल्याए म दिने । नत्र साहित्यिक कार्यक्रम तपाईहरुका लेख विना पनि चल्छ । यति भने पछि घंसा-घंसी पर्दै थियो, फोन आयो । प्रभुशंशेर बोलेको हुलिया ज्ञात भयो । परैं है भुङ्राला । राणाको काली पुच्छर भनेर रेडियोबाट पठाइयो । राणाकी छोरी-ज्वाँइको हातमा प्रभुसत्ता छंदा पनि गाली खानु परेपछि आम राणाको त मरेको जुनी भैगयो । यो टुक्रो लगाउनु पर्‍यो । आयो आदेश । पक्का दाहालको काम हो । प्रसार भयो माघमा । खप्की आयो असारमा । मरिदिएर खोर्जे बोली । धर्मराज थापाले बालकृष्ण समको संस्मरण सुनाउँदा "राणा शासनले आफ्नो काली पुच्छर लुकाई नेटो काट्नु परिहाल्यो" वाक्य सन्दर्भ मिलाएर भन्या रहेछन् । टेप दिएँ । भोग्यप्रसाद शाहले जोगाए ।

(ङ) भक्तपुरको क्रेन काण्डका बेलाको प्रसारणमा बनिरा गिरिको काठमाण्डौ कवितावारे, शनिवार बिहानबाट मङ्गलवार बिहान कार्यक्रम सारिएकोमा विज्ञापन गरिएकोमा दामोदर अधिकारीको पोलले मच्चिएको प्रचण्डमान सिं को रँगे-राप र भैरब अर्यालको प्रसिद्ध कृति जयभूँडी शब्दको उच्चारणमा भोगेको धाम्पे भूँडी काण्ड आदि मज्जा-मज्जाका अनुभव छन् । सबैभन्दा मीठो साँझ्याका कवित्त काण्ड छ ।

(च) २०३५ कार्तिकको कुरा हो । २०३३ मा वि. पी. मेलमिलाप नीति मार्फत देश भित्र आउनुभाले षड्यन्त्रकारीका जरा नशा हल्लिया थिएँ । पटनामा भएको सम्मेलनमा प्रेस, प्रसारण, छापा, संचार जहाँतही हाम्रा मान्छे जाने, घुस्ने भन्ने नीति नेपाली कांग्रेस पार्टीको बनेको रहेछ । म २०३४ कार्तिक ११ को नियुक्तिमा पसेको । त्यही प्रसारणमा वि. पी. कोइरालाको नाम दिएँ । मेरो ख्याल थियो - साहित्यमा नाम रोक्न सक्तैन भन्ने । हामीले क्याम्पस पढ्दा त्यसरी नै पढेका थियौं । राष्ट्रिय-अराष्ट्रिय भन्ने जस्ता तुच्छ भेदत शब्दले व्यवहार गर्नु पर्ने रहेछ । त्यो मलाई राजनीतिमा मात्र लागु हुन्छ होला जस्तो लाग्दथ्यो । उनीहरुको परिभाषामा म पनि पार्टीले घुसाएको मान्छेमा गनिएँछु । मलाई थाहै छैन । २०३० सालमा प्रमाण पत्र तहमा क्याम्पस पसेको । नयाँ शिक्षा लागेकाले विद्यार्थी युनियन हरिएको थियो । संस्कृत छात्राबासमा बसेकाले त्यहाँको परम्परा मार्फत् कांग्रेस सिद्धान्तमा विश्वास राख्ने बनेको चाँहि थिएँ । तर प्रति कार्यक्रमका तयारीमा कांग्रेससँग सान्निध्यमा थिइन । त्रि. वि. एक सिमेष्टर धाएको त थिएँ । रा. वि. से. कार्यक्रमले बन्देज लगाएथ्यो । रेडियो छोडौं घर चलाउन गाह्रो । नियमित बाहेक प्राइभेट परीक्षा दिन मलाई मन भएन । गरीब केटा भन्ने थाहा पाएर पुलिसले किन्ने दाउ गरेको हो । र मिकाजी बान्तवा इन्स्पेक्टरमा हनुमान् ढोकामा थिएँ हामीलाई २०३२ को विद्यार्थी आन्दोलनमा कुट्ता । पछि एम. ए. पढ्न गए र सी. आइ. डी. को काम गर्ने भए महत गर्ने भनेर मलाई धेरै दाउ गरेको थियो । आजसम्म पढाइ पुरा भएन । तर सी. आइ. डी. भइनँ । पाएको साहित्यको काम पवित्र छ । यसलाई जोगाएर पसिना सुम्पिए बेस हुने भनेर अठोट साथ कामगर्नेमा तत्पर भैरहन्थें । छन्दका कविताबाट प्रेरित संस्कार भएकोले 'छन्दे' भनाएर पत्र-पत्रिकामा गाली गर्ने जँड्याहा जमात बाहिर थियो । यी परिस्थितिमा दैनिक १५ मिनेट प्रसारणको कार्यक्रम दिँदै थिएँ ।

रेडियो भित्र उपब्रजुकहरुको जमातभन्दा पृथक् अस्तित्व मेरो थियो । मेराप्रति कोर्काली, पाखे विशेषण खनिन्थे । भाट-भटियारका संस्कारमा मेरो अवस्था हरिबिजोग नै थियो । तर धेरै जँघार तरेरै पर्दैशामा तगेको हुनाले मेरा दृष्टिमा उनीहरु लुगा लगाएका ब्वाँसा र भकुल्लिएको अनुहारका भूत जस्ता लाग्दथे । त्यसैले तिम्रा काम्दैनथे । तर सबैले घाँटी ढयाक्ने भाषा बोले । रामराज पौड्याल नेपाली भाषालाई तल्लो श्रेणीमा व्यवहार गर्थे । अंग्रेजीलाई उपल्लो संझन्थे र माथ्लो रकम समेत खाएकाले अंग्रेजीमा वाह्य कार्यक्रम चलाउनेहरु पनि साहित्यिक कार्यक्रमका न्यायाधीश भए । सबैका अरिङ्गाले बचन मसा खनिए । विषय थियो प्राचीन नेपाली साहित्यको इतिहास । त्यहाँ "साँझ्याका कवित्त" भन्ने गुमानी पन्तको कविता छ । त्यो नाम मात्र एकपटक उच्चारण गऱ्या हुँ । मैले राजालाई साँढे भनेको ठहर त्यो भटियार जत्थाले गऱ्यो । यसका सूत्रधार थिए संगीत रेट्ने नातिकाजी । सबैका खप्की एक-एक खाएँ महानिर्देशकको कोठामा । मनमन एक कुरामा सन्तोष थियो । कमसेकम सबै बुर्ज्याँचाहरु मेरो बोली सुन्दैछन् । चाहे घृणा गरुन्, चाहे अहमत्याँइ पोखुन् । प्रसार ण र प्रभाव नेपाली साहित्यको हो । त्यसैले "नपुण्य मनपराएँ न त पाप मन पराएँ, जेहोस् तिमीलाई मैले चुप-चाप मन पराएँ" गीतमा मन टाँसे । भोग्य शाहको मन खुल्ला हो । उनले सबैलाई केही नभनी "अब त्यो कविता नबोल्नुस् न है" भनेर मलाई निर्देश गरेपछि आहालमा सर्प पस्ता भाग्ने भ्यागुता सरह ती भागे । मैले चलाएको कार्यक्रमको परीक्षण विधि र परीक्षकहरुको एक नमूना यै हो ।

अब तपाई छुट्याउनुस्, यो विषय कति सार्वजनिक छ भन्ने । सबै घटना-घच लेखि साध्य छैन । यसमा मेरो एक निचोड छ । यो देशको दुर्दशा, नेपाली मान्छेको शोषाइको दशा हुनुमा यहाँको सामन्त संस्कार नै कारक छ । यो ऱ्हासोन्मुख संस्कारको नेतृत्व नेपालको उच्च सामन्तीवर्गले गरेको छ । आत्मादेखि बोल्ने नेपालीलाई अनात्मीय बोली, नक्कली चाल सिकाउने नेपालको राजघरान हो । नेपालको इतिहासमा राजघरानले निरीह नेपालीको निर्दोष परान (प्राण) लिने काम गर्यो । त्यसकारण म त्यस्तो प्रवृत्ति भएको वर्ग / बंश देखि सहन । किनभने त्यस्तो प्रवृत्ति वा संस्कार रहेसम्म नेपाली चिन्तनमा उदात्तता बाँच्न सक्तैन । अब नेपाली सोचाइ-चिन्तनमा उदात्तता आइसकेको छ । भक्तनामा महाकवि देवकोटालाई र तर्कमा वि.पी. लाई लिनुस् । यी दुई नेपाली महापुरुषले सार्वजनीन मानवसभ्यतामा उदात्ततालाई खुल्ला आह्वान गरेका छन् । म यी दुई 'इष्ट' बाट प्रेरित छु ।

प्रश्न नं. २:- स्वर र शैलीको लोकप्रियताले तपाईलाई धेरै माथि उठाइसकेको छ । तपाईको यो वाचन कला र शैली बारे तालिम वा प्रशिक्षण त लिनु भएको छैन ?

दाहाल - धन्यवाद तपाईंलाई स्वर-शैलीबारेको प्रश्नलाई 'तांदान' दिनुभएकोमा। रह्यो माथि उठ्नु वा तल झर्नुको अर्थ। म मान्दिनँ माथिको मान्यता प्रानी खाँदा माथिबाट खाएको र फाल्दा तल झरेको व्याख्या गरि न्छ। दर्शनले यो मान्दैन। बाफ हुँदा बादलसँग माथि उठ्नु, झरी हुँदा तल झर्नु एक सत्य हो। त्यही सत्य लागु हुनु पर्दछ नागरिक कर्तव्यका बारेमा। मेरो जन्मभूमि प्रतिको निर्वाह गर्नुपर्ने कर्तव्य अन्तर्गत पर्दछ मेरो स्वर-शैली। प्रश्नलाई विशेष नमान्नु असल हुन्छ।

रह्यो तालिमको कुरा। माथिका उत्तर प्रश्नमा कल्पना गर्नुस् 'तालिम' हरुले हाँकेको सभ्यतामा मु जस्ता निरिचतिको निनाद नाप्ने नागरि कले कहाँबाट पाउनु तालिम। म आठ वर्षको उमेर देखि एघार हाते पटुका बाँधी धार्नीको कोदालीले बाली चिन्याएको मान्छे हुँ। धेरै चोटी गुन्टी खेलेको छु, सुकेको परालमा। यसबाटै कवितात्मक अर्थ लगाउनुस्। मेरो प्रशिक्षणको गतिलो थलो त्रिनिकालको चुल्हो हो। अलिकति अनुग्रह अमीन शाहनी र रत्नाकर भारतीको छ। उहाँहरुको उच्चरण विधिलाई मैले काल्पनिक कार्यशालामा एकतव्य शैलीले अँगालेको हुँ। पछि गएर ममता गुप्ता र अविनाश कौर समेतका वाणी विधान मीठा लागे। मैले पनि स्वामुमा संगालेको छु। भैरव अर्याल, रामकृष्ण शर्मा, बालकृष्ण पोखर ल्का विचुल्ले वाक्यमा लोक संसारका अनेकौं "दुकीदिदी" हरुका उन्मुक्त उच्चारण घोलेर लक्ष्मी निबन्ध संग्रहको आयोजना अँगालेपछि मेरो शैली बन्छ। स्वर आउने 'कण्ठकुलेसा त कसैका पनि पर्गेल्न गाह्रो हुन्छ।

प्रश्न नं. ३ :- संचालन गर्दा लेखक कविहरुबाट कुनै अपठ्यारो परेको छ कि ? अथवा पक्षपात गरेको आरोप लागेको छ कि ?

दाहाल - हामीकहाँका लेखक-बुद्धिहरु तपस्याबाट जित भन्दा संपर्कबाट मिष्ण चाहन्छन्। त्यो घान्ने-जाँच्ने र जस्तो छ त्यस्तै प्रसारमा ल्याउनेमा म तैनाथ छु। कसैका विषय पातला, फितला नै भएपनि प्रोत्साहनार्थ दिनुपर्ने हुन्छ। सन्दर्भले पनि कतिलाई अधिसार्नु पर्ने हुन्छ। मैं ... अचेल एउटा कुरामा झन् बढी चनाखो छु त्यो हो पंचायतकालको दरबारको गुप्तचर लेखक-कवि भएर देखा परेको छ भने त्यसलाई चाहिं छानी-छानी म पनि बोलाउँदिन। पन्यो भने मुहरी हान्छु। पहिले अनुचित दबाब दिनेहरु (मण्डले संस्कारकाहरु) को दबदबा थियो। तर नयोली सुकभर थला काढ्दयैं। यसमा एक-एक संभी साध्य छैन। तर पक्षपातले झाँक चलाएको बेला मन मढारि एर लेखेको सानो निबन्ध छ त्यै दिन्छु :-

रेडियो नेपाल र हाम्रो नेपाल

"जय नेपाल" । शब्दबाट गुरुभएको उद्घोषण सत्र घण्टापछि "हामी नेपाली साराले" मा गएर टुङ्गिन्छ । एक विहानैदेखि झन्ने आधारातसम्म गुञ्जने रेडियो नेपाल हामी नेपालीकालागि हो कि "हावा, पानी, माटो" का लागि हो भन्ने निर्क्यौल आजसम्म निक्लेको छैन। बाँसको बाँसुरी मान्छेले शीपिपूर्वक बजाए मनमोहक हुन्छ। बाँसको टोड्कामा आफै हावा पसेर पनि बाँसुरी बज्छ तर मनमोहक हुँदैन। जी. मार्कोनी रेडियोका जन्मदाता हुन्। उनले भनेका थिए "मान्छेको सुविधापूर्ण चेतना विस्तार गर्न यो श्रुति माध्यम तयार गरेको हुँ"। खेर गैरहने तरङ्गहरु काममा ल्याएर मान्छेलाई सहुलियत प्रदान गर्नु उनको उद्देश्य रह्यो। तर त्यो उद्देश्य आज नेपालको भूमिका बासिन्दा र नेपाली अस्मितालाई समान गर्ने काममा ल्याइएन। बेला-बेलाका अहमत्याँइ र उगाल उगेल्ने नालका रुपमा यो भाँडोलाई प्रयोग गरिएको छ 'सत्रपछिको जनआन्दोलन सम्मको समयले हाम्रो देशमा अत्यन्त नकारात्मक धारणा तयार गऱ्यो। त्यो नकारात्मक धारणाका उदाहरणहरु म यस प्रकार दिन्छु -

(क) आफ्नो मातृभूमिमा आफ्नो पुरा नागरिक हक हुन्छ भन्ने भावना जनतामा निश्चित नहुनु।

(ख) मुग्लान् जानु र काठमाण्डौं टेक्नुमा देशबासीले फरक नपाउनु। यसरी हामी नागरिक नै आफ्नो हक अधिकार भएको देशमा अनागरिक बन्यौं। काठमाण्डौंमा भाट-भटियार हुक्के-बैठके, कट्टे-कतर्ने, भाटे-भर्जाहाले छयाप्छयाप्ती फोहोर जमाएका थिए। पशुपति वा स्वयंभू दर्शन गर्न आउनेले यहाँका गल्लीमा गुहू फालिरहेका "इज्जतदार" लाई नै जिउँदा देउता मान्नु पर्ने मनोभावना नै उपत्यका मध्येको मुहुटीमा अरगन्ज भएर रह्यो। कवि भूपि शेरचनको शब्दमा यो "चिसो एन्ट्रे" ले गर्नु-नगर्नु गऱ्यो। हामी पाखा देहातका मानिसलाई "पाखे-मधिसे" जस्ता अपमानजनक संबोधन गर्न पनि पछि परेनन् यहाँकाहरु। हामी बाहिर-बाहिर नै कान्ला ताछुन, चुर्के बुर्किन र जीवन निर्वाह गर्ने सामान्य सुती-सातीमा तल्लीन भैरह्यौं। भट्टी पसलेहरु 'हाकिम' बने। स्कुच सुर्याउनेहरु 'महाप्रभु' बने। पोत्रा-पात्रा लाउनेहरु मान्छे नै गनिएनौं। हामीले बोलेका बोली लबज, हिंडेका चाल चलाई, बसाउठीका सामान्य शैली 'कोकोली' को संज्ञामा दरिए। भाषाका भाँतीमा मित्रै देखिको उच्चारण 'पाहुरे' मानियो। अकर्मण्य-बिलासी खुराफाते, ढाडेहरु नै निर्देशक भए। कर्मी, सचेतक, जुझारुहरुचै सन्ढी, सन्की ठहरियौं। भोजका कुरा गर्न नजान्ने, लाटा-सुधाका अघि गएर दुईचुट्टामा सुरुवाल लाएर असारको पन्थमा पनि खेती गर्नेलाई नउल्याउने मान्छे नै गनिएन। जो श्रम पसिनामा विश्वास गर्दछ, ढाँट्तैन त्यो समाजको पत्कर मात्र हो पात्र होइन ठानियो। जो प्रभु भनिने कथित घरानका सदस्यका बारेमा राम्रो पान्सीकुरा गर्दछ, उनीहरु ठस-ठसाएको, भत्भताएको, अघाएको, डकारेको, हकारेको, खकारेको बारेमा चनाखोज्ञान राख्दछ त्यो नै समाज निर्देशनको मूल जिम्मेवार पात्र बन्यो। यो झिझिल्यान्ते मनोविज्ञानले काठमाण्डौं खाल्डोको मुहुटी भागलाई ऐठन गऱ्यो। यो ऐठन नै रेडियो नेपालको उँकुउँक् मा आउने आवाज भैदियो।

प्रश्न नं. ४ - स्वतन्त्र संचालनमा प्रशासनिक बाधा-व्यवधानहरु आएका छन् /छैनन् ?

दाहाल - यस प्रश्नका कतिपय उत्तरहरु नं. १ को उत्तरमा पनि परे होलान्। लोकसेवा लेखेर नौकरशाहीमा पसेका घुस्याहा र बसाहा, ठूलो भुँडी बनाएको आहारिसेले कहिले-कहिले निकै अप्ठेरोमा पार्छन्। कति त आफूलाई साहित्यिक सुमेत दराउन पछि हटतैनये। यस्ताको ऐठन पनि हाम्रामा बग्ने छ। कोही सह-सचिवका नाताले, कोही त्यही निर्देशक भएका

माताले, हप्काउन - दबाउन चाहन्थे। कालीप्रसाद रिजाल, जैनेन्द्र जीवन र घनानाथ ओझाले गर्न नहुने कृत्य समेत गरेका छन्।

पञ्चायतकालको नै समय हो। लेखनाथ पौड्यालको जन्मदिन मनाउँदा कवि र काव्य परंपरा विषय राखेर मोहन कोइराला, ईश्वर बल्लभ र समालोचक डा. हरिराज भट्टराईलाई बोलाएको त संचार मन्त्रालयको नोकरशाह भएकाले रिजाललाई प्रचण्डमानले बोलाइ दबाब दिइयो। मैले कविता संपादन गरिदिएँ। पहिले पनि डा. तानाशर्माले नबराज सुबेदी स्थानीय विकासमन्त्री भएका बेला पातालबाट आउना साथ तिरिमिरी ल्याई देखाउने भनेर म माथि कार्यवाही गर्न दरबारिया सचिव नारायण प्रसाद श्रेष्ठलाई प्रयोग गरेको अनुभव मसँग थियो। त्यसकारण मसँग सजिलो उपाय थियो। समाचारको समय नजिक पारेर घृणित व्यक्तिको रहेक्ष भने योग्य रचना भएपनि ठुक्याउने गर्थे र भन्थे समयको अधीनले यस्तो भयो। यहाँ पनि त्यही गरेँथे। कालीप्रसादले मलाई डुबाउने कालीदह खोज्न सम्म खोज्या हो तर केही पित्ताम चलेन।

जैनेन्द्र जीवनलाई अन्तरिमकालको समयमा रेडियोको घुम्नेकुर्सीमा ल्याइयो। मसँग राम्रो नै हाइ-हल्लो थियो। त्यहाँ पस्नासाथ मलाई दुईपैसे कारिन्दा संझेर उनले व्यवहार गरे। बि. पी. कोइराला माथि लेखिएका गीतहरु स्वरबद्ध गर्ने भनेर मलाई एक योजना जिम्मा दिए मेरै घरमा बैठक बसेर निर्णय गर्दा अन्य धेरै साथी पनि थिए।

मैले सातजना समाजवादी प्रजातन्त्रमा विश्वास गर्ने कलम जीवीलाई अनुरोध गरेँ। गीत आए। पछि त सबका रचना लात हानी आफ्नो एक्लो लोमुता गान मात्र रेकर्ड गरेर किसुनजी कहाँ चाकडी बजाउन गएछन्। धोती त्यही खुस्केछ। मलाई मित्र-भित्रै षड्यन्त्र गरेर मौखिक आवाज प्रतिबन्ध लगाए। सहेर बसेँ। जैनेन्द्रको दोहोलो शान्ता श्रेष्ठले काढिन्। नोकरशाही फाबेर निकै जम्मा गरेको सुन्छु। दरबारमा 'निर्धृणी चाकरी' पेशाको ससुराली भएकाले पंचायत कालमै हसुर्न पल्केका र अरुलाई नगन्ने, आफूमात्र सै हुँ भन्ने बानी उनको बसेको रहेछ। त्यो शैलीले बदलिएको नेपालमा अब केही 'खुन्केपाटो' लाउँदैन।

घनानाथ ओझा सि. डी. ओ. संस्कृतिमा पंचायतमा खप्पिस भएको, बाहिर अनुहारको गोरो भित्रको ठीक उल्टो रङको मान्छे। भेटाएँ पहाडे, आफ्नै जिल्लामा जन्मिएको प्रशासक भनेको र सोलम्र व्यवहार गरेको त मलाई नै चक्रव्यूहमा फँसाउने यन्त्र तयार गरेर बढुवा खानेगरी काँग्रेस पार्टीको चाकरी गर्ने माप्याको बाजका फेला परेँ। र त्नकुमार बान्तवाको जीवनी पढेकोमा "चोरको खुट्टो काट्" भन्दा एक्कासी उचालिएको खुट्टोवालमा देखा परयो। मलाई बिनाकसूर मार पारियो। माले पार्टीका शहीद तर साहित्यिक भएको भेट्टाएर मैले रत्नकुमारको जीवनी समग्र पढेँथे। घनानाथले नै पञ्चायतको हेलीक्याप्टर चढेर पापी काम गरेको कुरा मलाई पछिमात्र थाहा भयो! काँग्रेसलाई धेरै पछि मात्र ज्ञात भयो गलत मान्छे भन्ने। अहिले एमाले सरकारले राम्रो पुरस्कार उतै थमाएको छ। अरु थुप्रैछन् तर यहाँ यति लेखौँ।

प्रश्न नं. ५ - संचालन गर्दा आफूलाई कसरी स्थापित गर्नु भएको छ र यसलाई कस्तो तरिकाले अगाडि बढाउने सोचाई राख्नुभएको छ?

दाहाल - भरसक अरुले उगेलेको शैलीमा म आन्न। अजमाएको भन्दा भोगेको दुनियाँसँग गाँसेर गुलियो ढङ्गतर्फ घोरिन्छु। नेपालका गौंडा - गल्छिंडामा, कोप्रा - कुँइनेटामा बसेका नेपालीका भुक्तमान्‌बाट अन्मिने अभिव्यक्तिसँग मेरो भित्रासको साँठगाँठ रहन्छ। औपचारिक शिक्षाको शिर नीमा वेदको 'सहच्छन्द' संस्कार घुसेको छ। प्राकृत-सहज-मञ्जुल र भित्रैदेखिको उच्चारणमा प्रवृत्त हुन्छु। शोच्ने क्षितिज सब्दो उदात्त बनाउँछु। "छरितो र छिटो - नयपाली ठिटो" को उदाहरणमा जान खोज्छु। ढङ्गयानमा पनि कोदालो बजारेर एम्माका घोगा मकै उब्राउने पौरखी पहाडे पुर्खाको सन्तान भएको देखाउन खोज्छु। कम्मर मर्काइ-मर्काई, जोबन लर्काइ-लर्काई नाच्ने 'रहरे' जस्तै फुरुङ भएर या त्यसै - त्यसै बतासिने 'फूल्माया' जस्तै हाते रुमाल हल्लाउँदै गीत गाएको संझेर बोल्छु। कसैले के भनुन्, कसैले के भनुन् "म आफ्नो घरको राजा झुपडी नै भएपनि"। मेरो मातृभाषामा खनी-खोसी गर्ने मौका पाएको छु सह साँचेर सक्कली बोली बोल्छु।

अब जन्मिदै गरेको लेखक पुस्तामा बढी ढेपिएर जानेछु। म हुर्केको समय शंकार त्रासव्याप्त भएको याम भयो। शोषकहरुको नव संस्कार बुर्जुआ प्रवृत्ति हो। त्यो प्रवृत्तिको वर्गसँग भन्दा नाङ्गा शोकाको वर्गसँग नजिक सर्न-रहन-रम्न मन पराउँछु। पूर्वजहरुले तयार गरेको 'ढण्डासो' बिगार्दिन। मेरो बूताले भ्याएसम्म मेरो मातृभाषा देवकोटाका शब्दमा सृजामातालाई अंग्रेजीको सिफिस्टिक र हिन्दीको पाउडरले सिंगार्दिन।

मैजारो गरौँ। जदौ।



Keeps your engine running like new...
And We Can Prove It!

Sole Distributor : Tara Lubricants (Pvt.) Ltd.
Distributor : Tuladhar Impex Phone : 227130, 227094
Bagbazar, Kathmandu.
Post Box. No. : 596
Phone : 231630

किन महत्वपूर्ण छ औंठाछाप ?

कैलाशसिंह ठकुरी

नङ देखि पछाडिको औंलाको शीरको पूरा भागको रेखाहरुको छापलाई औंठाछाप भन्छन् । सो छापमा डिल उठेका रेखा हुन्छन् र ती डिल उठेका रेखाहरुको बीचको भागलाई "डिप्रेसन" भन्छन् । यी डिप्रेसनमा प्वालहरु हुन्छन्, जसबाट पसिना निस्कने गर्छ । औंठाका रेखाहरु मानिसको जन्मबाट मृत्युपर्यन्त एकनास रहने हुँदा आपसी लेनदेनका र सरकारी लिखतहरुमा औंठाछाप लगाउने प्रचलन छ । औंठाछाप सत्य र ठोस प्रमाण साबित भैसकेको हुँदा अपराध गर्ने अपराधीहरुलाई औंठाछापको सहायताले सहजै पत्ता लगाउन सकिन्छ ।

औंठाछाप परीक्षण गरी निधो गर्ने, औंठाछापको किसिम छुट्याउने आदि रेखाहरुको विशेषताको सहयोगबाट गरिन्छ । सामान्यतः औंठाछापको आकृति तीन प्रकारका हुन्छन् - औंठाको बाहिरी छालामा रेखा प्रष्ट देखिन्छन् । यसलाई "एपिडिर्मिस" भन्छन् । यसभित्रको छालालाई "अण्डरलाइड टु स्किन" पनि भन्छन् । औंठाछाप छल्ने नियतले औंलामा "केमिकल" लगाई वा औंलालाई तातो डुंगामा घोंटी जे जसो गरे पनि "एपिडिर्मिस" बाट रेखाहरु अणिक समयको लागि मात्र हराउन सक्छ । घाउ, चोट निको हुनासाथ रेखाहरु पुनः आफ्नो पूर्वरुपमा देखा पर्न थाल्छन् र परीक्षण योग्य अवस्थामा आउँछन् ।

कुनै पनि एक व्यक्तिको औंठाछाप अर्को व्यक्तिसित मिल्दैन । एउटै बाबु-आमाको छोरा-छोरीहरुमध्ये पनि कसैको औंठाछाप एक अर्कोसित मिल्छ भनेर आजसम्म कुनै वैज्ञानिकले भन्न सकेको छैन । औंठाछापको स्वरुप मिल्न खोजे पनि औंठाछापभित्रका रेखाहरुको अवस्था भने मिलेको पाइँदैन । यस विषयका विशेषज्ञ गाल्टेनले धेरै प्रयास गरी खोजी गर्ने प्रयत्न गरे तर उनले एउटै बाबु-आमाका जुम्ल्याहा सन्तानहरुको पनि औंठाछाप ठीक उस्तै भेट्टाउन सकेनन्।

औंठाछाप चोरी, ज्यानमारा, किर्ते इत्यादि अपराध गर्ने अपराधीलाई यथाशक्य चाँडो पत्ता लगाउने एउटा महत्वपूर्ण साधन हो, किनभने औंठाछाप एउटाको अर्कोसँग कुनै हालतमा पनि मिल्न आउँदैन ।

कारागारबाट सजायँ भोगी बाहिर आउने अपराधीहरुको प्रष्ट देखिने अंगमा नमेटिने गरी खत बनाउनुको साथै पूर्णकदको स्पष्ट तस्वीर खिचेर दुवै हातको पञ्जाको छाप लिई रेकर्डमा राख्ने व्यवस्था गर्नु आवश्यक छ ।

जनसंख्याको सूची राख्ने त व्यवस्था छ, तर त्यस्तो रेकर्डको साथै औंठाछापको पनि रेकर्ड राख्न व्यवस्था हुनु नितान्त आवश्यक छ । बालक जन्मनासाथ औंठाछाप लिएर सर्वप्रथम बच्चा जन्मेको अस्पतालले रेकर्ड राख्नुपर्ने औचित्य किन आवश्यक देखिन्छ भने यदाकदा जन्मेका बालबालिकाहरु अस्पतालबाटै साटिने र हराउने गरेको सुनिएको छ । जन्मिनासाथ नै बालबालिकाको औंठाछापको रेकर्ड राख्ने व्यवस्था भएमा बच्चाहरु साटिने र हराउने अवस्थामा निजहरुको खोजतलास गरी छिटो औंठाछापको माध्यमबाट यकिन गरी पत्ता लगाउन सजिलो हुने थियो । जसरी विकसित राष्ट्रमा बालबालिका तथा युवा-युवतीहरुको औंठाछाप लिई रेकर्ड राख्ने प्रचलन नेपालमा पनि औंठाछापको महत्व बढ्दै गएको छ । विकसित राष्ट्रहरुमा जस्तै अपराधी पत्ता लगाउने मुख्य साधनको रुपमा महत्व दिइएको छ र श्रोतको कमीले प्रहरी प्रधान कार्यालयमा औंठाछाप संकलन हेतु बेग्लै शाखाको व्यवस्था पनि गरिएको छ । तर औंठाछाप संकलन, हस्ताक्षर परीक्षणमा नयाँ-नयाँ वैज्ञानिक प्रविधि, साधन र श्रोत जुटाई अझ पूर्ण सक्षम भएमा अपराधको संख्यामा कमी आउनुको साथै अपराध गर्ने मानसिकता भएका व्यक्तिहरुको मनोबल कम्जोर हुन गई हस्ताक्षर र औंठाछाप विज्ञानको वास्तविक अर्थमा सदुपयोग हुने थियो ।

अदालतहरुबाट विवादपूर्ण लिखत रेखा तथा लेखा विशेषज्ञकहाँ पठाई सो परीक्षण भई आएपछि विशेषज्ञको रायको आधारमामेन लिई मुद्दा-मामिलाहरुमा इन्साफ गर्ने प्रचलन छ । लेखा तथा रेखा विशेषज्ञहरुको अभावले गर्दा अदालतहरुबाट परीक्षणका लागि आउने विवादग्रस्त लिखतहरु सीमित विशेषज्ञकहाँ आई जम्मा भएका लिखतहरु परीक्षण भई सद्दे, किर्ते यकिन गरी प्रतिवेदन रायसहित फिर्ता पठाउँदा प्रथमतः समयको हिसाबले ज्यादै ढिलो हुने गर्छ ।

रेखा तथा लेखा विशेषज्ञ तालिमतर्फ सम्बन्धित निकायले ध्यान दिई तालिम प्राप्त गरेका विशेषज्ञलाई उचित पदमा नियुक्ति गरी भएसम्म प्रत्येक अदालतमा परीक्षण साधनसहित राख्नुपर्छ । हाले सबै अदालतमा नियुक्ति गर्न नसकिने भएमा प्रत्येक पुनरावेदन अदालतहरुमा एक-एकजना विशेषज्ञ राखी सो अन्तर्गतका अदालतहरुको विवादग्रस्त लिखत परीक्षण गर्ने गराउने व्यवस्था हुनुपर्छ । यसले कार्य बोझमा हल्कापन आई स्तरीय लेखा तथा रेखा परीक्षण हुन जानुका साथै सुगम र सरलताबाट काम भएर ढिलासुस्ती हट्न गई अदालतहरुबाट छिटो न्याय प्रदान गर्न सकिन्छ ।

कर्मचारी संचय कोषमा कर्मचारीवर्गको हितलाई ध्यानमा राखी कर्मचारीको जागिर अवधिभरको बचत हुने कोषमा कुनै एक व्यक्तिको नाम, परिचयपत्र देखाई अर्को किर्ते व्यक्तिले उक्त कोषबाट रकम निन नपाओस् भन्ने हेतुले लेखा तथा रेखा विशेषज्ञ नियुक्ति गरिनुपर्छ । बैंकिङ्ग कार्यालयहरुमा आजसम्म भएको व्यवस्थाअनुसार साधारणसेवाका कर्मचारी, जसलाई लेखा तथा रेखासम्बन्धी ज्ञानै छैन- निनबाट गरिएको सहीछाप जाँच गर्ने काममा राखिएको छ । जुन कर्मचारीलाई सहे वा किर्ते छुट्याउने, पहिचान गर्ने ज्ञान छैन, उसले चेकमा भएको सहीछाप सही व्यक्तिको हो वा किर्ते हो , के को आधारमा कसरी निर्क्योल गर्छन् ? सो काममा नियुक्ति पाएका कर्मचारीको ज्ञानको अभावमा सहे मानिसले गरेको सहीछापमा सामान्य फरक पर्ने स्वाभाविकताबाट ग्राहकले चेकको भुक्तानी समयमा नपाउने र दुरुस्त सहीछाप भए उक्त सहीछाप लिफ्ट गरी किर्ते गरिएको भए पनि तुरुन्त भुक्तानी पाई किर्ते चेकबाट भुक्तानी पाएको चर्चा सुनिएको छ ।

यसको निराकरणतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण भएको छैन । यदि लेखा तथा रेखासम्बन्धी तालिम प्राप्त गरेका व्यक्तिहरुलाई सहीछाप जाँच्ने पदमा राखिएमा देशका सबैजसो बैंकिङ्ग कार्यालयहरुमा किर्ते गरी अपराध गर्ने प्रवृत्ति भएका व्यक्ति हतोत्साहित हुने थिए ।

रेखा तथा लेखा विज्ञान अपराधी पत्ता लगाउने अपरिहार्य र सर्वमान्य साधन भइसकेको छ । औठाछाप विज्ञानप्रति सम्बन्धित सबैको जिज्ञासा बढ्नु र चासो हुनु स्वाभाविक हो । अपराधी पत्ता लगाउन यसको ज्ञान र महत्व सबैले बुझ्नुपर्छ । अपराधीलाई हतोत्साही तुल्याउन यसले ठूलो सहयोग गरेको छ ।

(लेखक औठाछाप तथा हस्ताक्षर निरिक्षण तालिम प्राप्त हुनुहुन्छ ।)

कविता

म हिमाल क्षितिजको

□ माधव शर्मा (खनाल)

हिमाल हुँ म उच्च शिखरको,
सेतो मेरो पहिरन छ,
जस्तै ग्रीष्म ऋतुमा पनि मलाई,
खुशी, आनन्द भइरहन्छ ।
हाँस्छु बिहानै मुसुक्क क्षितिजमा,
मुलुकलाई नै हँसाउछु,
पावन संदेश बोकेर घरघरमा,
नयाँ जीवन जन्माउँछु ॥

छर्छु सुवास विश्वभरीमा,
आँखा खोलाउँछु जीवको,
आशीष दिन्छु म सँधै मुक्तकण्ठले,
प्रतिष्ठा बढाउँछु भवको ।
निर्मल जल बगाउँदै बाँचिरहन्छु,
उँचो शरीरले सजाई
वीणा अव्यक्त बजाई हाँसिरहन्छु,
सेतो हिमलाई भिजाई ॥

वर्षा वर्षन्छु सँधै म जगतमा,
आँशु पगाली हृदयको,
रुन्छु हाँसेर म यो संसारमा,
माया संगाली निर्दयीको ।
अग्लो मोती जस्तो उच्च शीर मेरो,
जहाँ गए पनि देखिने,
सूर्यको किरणावलीमा टलक्क टल्की,
दृष्टि क्षितिजमा पोखिने ॥

परापूर्वदेखि अटल छु म घेरिएर,
सुन्दर सेतो पगरीमा,
मुक्तहृदयले भनिरहन्छु सधैं
सत्यताको प्रतीक विशाल यो पृथ्वीमा ॥

***

(सिक्किम गाङ्तोक)

गीत

□ ज्ञानेन्द्र गदाल

कति रोऊँ रोइसकें आँशु छैन अब
हासुँ भने खुशी मेरा टाढा भए सब

बाहिर व्यथा देखिदैन मेटाउँ मेटिदैन
बल्झि-बल्झि दुख्छ घाऊ छाम्दा भेदिदैन,
कति सहुँ सहिसके धैर्य छैन अब
हासुँ भनें खुशी मेरा टाढा भए सब ।

कहिलेकाहीं एकान्तमा आफै हराउँछु
बेहोशीमा मन खोली त्यसै कराउँछु,
हृदयको घाउ सुक्ने मलम छैन अब
हासुँ भने खुशी मेरा टाढा भए सब ।

फिक्कल, इलाम - हाल काठमाडौं ।

गजल

घनश्याम न्यौपाने 'परिश्रमी'

□

लोकप्रिय बन्न यहाँ जाँड रक्सी धोक्ने गर्छन्
अश्लील गीतका नाङ्गा नाङ्गा पंक्तिहरु घोक्ने गर्छन्

चोखो प्रीतको हल्का चुम्बन महत्वहीन भइसक्यो
प्रेमरोगीले एकअर्कालाई दुख्ने गरी टोक्ने गर्छन्

सीप भएका अनुहारहरु पाखा पर्छन परीक्षामा
चाकरीवालाहरु मादल बेतालसंग ठोक्ने गर्छन्

कुर्सी पाएपछि भैगो नेताजीको सपना पुरा
जनता राहत खोज्दै नारा सडकभरि पोक्ने गर्छन्

भसार छल्दै ओहोर दोहोर गर्नेलाई छुट छ यहाँ
सोझो यात्रीलाई भने बीच बीचमा रोक्ने गर्छन्

अन्धाहरु डोर्‍याउँछन् आँखा देख्नेहरुलाई
लङ्गडाले दुबै खुट्टा टेक्नेलाई बोक्ने गर्छन्

स्याङ्फा, बलाम

मुक्तक

– नारदमणि पौड्याल

दश पांच दश पांचको घेराभित्र
घर अड्डा अड्डा घर
सहीछाप गर्दै र हातजोर्दै
एक चौथाईमा बुद्धि
एक चोथाईमा विवेक
र आधा मानामा वर्गत बेच्दै
सांझ विहानको गह्रौं मन पिउदै
छोटो जीवनको लामो विवशता भित्र
संधै संधै बाँची रहेछ जागीरे ।

कथा

यस्तो पनि जिन्दगी !

– ठाकुर शर्मा

दिन भरीको कार्य व्यस्तताले थकित भई डेरा फर्केका विनोदले आफ्नी अर्धाङ्गिनीलाई बोलाउदै कोठाभित्र पस्छन । कार्यालयको काम र स्वयंको चिन्ताले मलिन देखिन्छ उनको अनुहार । जुनसुकै कुराले पनि सीमा नाघेपछि मानिस सचेत हुन्छ । मानव प्रकृतिबाट उनी भिन्न छैनन् । बेदना छ अनेक थरीको, भिन्नता छ भने केवल प्रकारमा । तर त्यसबाट फुत्कने कसैको सामर्थ्य हुदैन । सबै संसारिक बन्धनमा छन् । यस्तै यस्तै अनुबन्धित रहेका विनोदको बास जन्मस्थान भन्दा धेरै टाढा थियो परिस्थिति बश । गास देखि शिक्षा सम्म अरुको मुख ताक्नु पर्ने बाध्यता भएका हामी जस्ताको लागि यस्ता परिस्थितिको सामना गर्नु कुनै आश्चर्य होइन । यसै भित्र थिए विनोद पनि । नेपालको कुनै कन्दरामा जन्म लिई बिदेशिएर पढ्नु पर्ने बाध्यता थियो । जुन कुनै शिक्षाले पनि आफ्नो देशको गौरव गाएको हुन्छ । त्यसैले आफ्नो देशलाई छाडी अन्य देशको गौरबगाथा गाई बस्नु पर्ने बाध्यता थियो तापनि आफ्नो जन्मभूमी र जन्म दिने आमालाई भुल्ने विर लै हुन्छन् । आफ्नो देशको ममताले अनेकौ कल्पना लिएर नेपाल फर्केका विनोदका प्राकृतिक सौन्दर्यले परिपूर्ण रमणीय काठमाण्डौ नगरीमा पदार्पण गरेको केही समयमा नै आफ्ना भाव र कल्पनाहरु लोप भएका थिए । विनोदले सोच्न थाले - यो नगरीमा बाहिरबाट कमाई ल्याएका नोटहरु टयाक्सी गुडाएर सिध्याउनु कुनै ठूलो कुरा होइन । आफूले बाहिर बसी पढेको भएतापनि देश सेवा भन्ने कुरा प्रमुख पक्ष हो । आमा बाबुको सेवा प्रमुख सेवा हो । तर यहांको बाताबरणनै उल्टो छ । एकले अर्कोसंग कुनै सरोकार राख्दैन चाहे कोही बाँचोस या मरोस् । आफ्नो तर्फबाट मनसा बाचा कर्मणा सहयोग गर्ने भावना नै छैन । केवल आफ्नो चिन्ता, केवल आफ्नो बिचार, केवल आफ्नो सोचाई । संकुचित बिचारधाराले ग्रसित कुबाको भ्यागुतो भैं । यो जीन्दगी पनि कुनै जीन्दगीहो । स्वयंलाई पनि टिक्न मुस्किल । यहाँ कसरी हुन सक्छ परिवारको भरणपोषण । त्यसैले होला यहाँ कसैको मुख उज्यालो देखिदैन । कसैलाई हतार छ केवल पेटको समस्याले । के गर्ने, भाग्यको फल हो भन्ने हाम्रो समाजको चलन छ ।

सानीसंगको बिहेपछि विनोदलाई यहाँ बस्न झन अप्ठ्यारो पर को थियो । उही जागीर, उही बाताबरण, उही सानो कोठा, उही घरपतिको कच कच । उनको परिवारको बढौतीको संगसगै बजार भाउ पनि बढेको थियो । डेरा भाउ पनि बढेको थियो । तर जागीर उही । सर्वप्रथम त्यही जागीर पाउँदा उनलाई गर्व लागेको थियो नोबेल पुरस्कार पाए झैं । गर्व लाग्नु स्वाभाविक पनि थियो । सम्पूर्ण कुराबाट अन्धकारयुक्त स्थानमा जन्मेको मानिस यस्तो ठाउँ सम्म आइपुग्नु र जागीर पाउनु ठूलो कुरा थियो । न उनको कोही माथी थियो न उनको चाकरी गर्ने स्वभाव थियो । आफ्नो बंशजले कोदालो र हंसिया छाडेनन् उनी धन्न पढेर सानोतिनो जागीर सम्म पाए । सानी जस्तो गृहलक्ष्मी पाए जसले केही पढेकी थिइन । सानीले

बिनोदलाई सानोतिनो जागीर खान परिश्रम गर्न र समस्यालाई हलुका पारी आर्थिक संकटबाट बचाउनमा महत गरिन् ।

सधै झैं आज पनि मुसुक्क हाँसेर सानीले भनिन् - किन ? आज मुख अँध्यारो छ नि ? बिनोद केही नबोली लुगा फुकाल्दै गए र भने - के छ खाने कुरा । पेटमा मुसा दगुरेका छन । तिमीले भने मुख अँध्यारो छ भन्छ्यौ । सानीले भनिन् - हेर्नुस्न, आज अफिस जाँदा हजुरले पनि केही दिनु भएन सबै कुरा सिद्धिएको छ, के गरौं के गरौं भएर त्यसै बसी राखेकी । सानीको कुराले बिनोदको मनमा अनेकौं भाव उत्पन्न हुन थाले । हो, बिचरीलाई केही छोड्न सकेको भए पनि आउँदा खान पाइन्थ्यो । के गर्ने, खल्तीमा दुई रुपियां मात्र बाँकी छ । सुइयय गरेर बिनोदले सानीको निच्छल मुखतिर हेरे । तलब आउन अरु १०-१२ दिन बाँकि छ । अब खाने के .... ? सानीले एकोहोरो बिनोदको मुखतिर हेरी राखेकी थिइन । । बिनोदले दयनीय दृष्टि ओझ्याइ भने - के गर्ने होला सानी ?

सानीले शन्तोष दिलाइन - तपाई त धेरै चिन्ता गर्नु हुन्छ, खाली चिन्ता गरेरै के हुन्छ र ? चिन्तै चिन्ताले हाड र छाला मात्र बाँकी छ । छाड्नुस् यो चिन्ता । जति दिन बाँचिन्छ खुशीसंग बाँचौं । हामी त एक छाक खाएर भएपनि खुसीसंग बाच्ने प्रण गरेकाछौं हैन र ! जबर्जस्ती हाँस्नु सिवाय केही चारा थिएन । उनीले अगाडी भनिन् - हजुरले चुरा र धोती लगाउन दिएको पैसा त्यसै बाँकि छ त्यही पैसाले चाहिने जति सामान किनेर ल्याउनुस् । जागीर खाएर पनि भोग्नु परेको यो कस्तो समस्या हो । स्वदेश प्रेमले बिदेशको जागीर छोडेर यहाँ आई भोग्नु परेका अनेकौं कष्ट र श्रीमतीले समेत भोग्नु परेको पीर आउँदो समयको कल्पना सबै बिनोदका सामुन्ने उभिन थाले । बिवाह पूर्व किनेको सीमित सामान बाहेक केही छैन । जागीर त्यही हो प्रत्येक महिना धौ धौ पर्ने । यसै कारणले रहेछ आफ्नो देशको युवा अन्य मुलुकमा लाहुरे हुन गएको । म भन्दा तिनी नै बुद्धिमान हुन् कि ? आफ्नै गाउँको दौतरीले केही नपढेको भए पनि बिदेश पसेर धेर पैसा ल्याएको छ रे । त्यसैले त बुबा भन्नु हुन्थ्यो - तँ पढेर के गरिस् । मैले हँसिया कोदालो गरेर कमाएको पैसा समेत स्वाहा पारिस । 'किन घोरिनु भएको' ? सानीको आवाजले बिनोद झल्याँस्स हुन्छन ।

त्यसपछि बिनोदले कपडा खोली पट्याएर बाकसमा राख्छन् र पुराना कपडा लगाई सानी नजिकै गएर बस्छन । 'के बनाउन लागेकी' ? 'के बनाउनु र चाडै नै भात पकाउँछु' । केहीक्षण सन्नाटा छाउँछ । बिनोद केही नबोलेको देखेर चिन्तारहित पार्न सानीले आलु अगाडि सारिदिन्छिन र आफू चिया पकाउन थाल्छिन् । पुन : केही क्षण कोठा शून्यतामा परिणत हुन्छ । बिनोद बिचार मग्न हुन्छन् - 'मेरो दयनीय अवस्थामा पनि सानीको मन अलिकति पनि फरक देखिदैन । सानीले म प्रति घृणा गर्नु पर्ने । न शोक, न सुर्ता, स्थकितभाव पनि कत्ति छैन । सानीलाई चिन्ता छ त केबल मेरो आस्थामा । म कति भाग्यमानी छु यस्ती नारी पाएर । जिन्दगीमा केही गर्न नसके पनि सानीकै मुख हेरेर समय काटुंला । 'के हेरी रहनु भएको' ? सानीको यस प्रश्नले बिनोदको मौनता भङ्ग भयो । बिनोदले भने - सानी । तिमी जस्तो जीवन साथी पाएर म कति भाग्यवान भएको छु । जति दुःख कष्ट सहेर पनि तिम्रो मायाले गर्दा मलाई बाँच्ने थपबल मिलेको छ ।

यति कुरा हुँदाहुँदै घरमा भएको रहलपहल जोरजाम गरेर सानीले खाना तयार पारिसक्छिन् र दुबैजनाले सबै कुरा बिर्सेर खाना खान थाल्छन् । यसबाट ती दुबैलाई संसारको सबभन्दा परम सुख प्राप्ती हुन्छ । त्यसै बखत कोठाको एक कुनामा विविध भारती बाट एउटा गाना बजीरहेको हुन्छ - सौ साल पहले हमें तुम से प्यार था ....., आज भी है और कल भी रहेगा ..... ।

(विफल काठमाडौं)

गीत

– सुनील पुरी

धरतीमा मान्छे छैन गाउँ बस्ती किन ?
आकाश नै रित्तो किन खोई तारा - जून ?

मान्छे बिना रोई बस्छ एक्लो धरतीले
तरुनु है भन्ने गर्छ चन्द्र-सूर्य सधैं
सागरमा पानी छैन सुक्यो होला बन
आकाश नै रित्तो किन खोई तारा - जून

प्रकृतिले बास माग्छ गाउँ बस्तीसित
कस्तो रैं छ यो दुनियाँ साऱ्है नै बिचित्र
तिम्रो मेरो भएको छ टाढा-टाढा मन
आकाश नै रित्तो किन खोई तारा-जून

गीत

– बासुदेव अधिकारी

त्रिशुलीमा गीत खस्यो बिलाएन गीत
गीत बरु लडिरहयो अन्धकारसित

गीत अहो आँखा जस्तो मेरो योद्धा जस्तो
जल्ले पनि अल्मलिंदा बाटो सोध्ला जस्तो
आगो जस्तो स्वाभिमान सिकाउला जस्तो
एकेकोटा सूर्यध्वजा बोकाउला जस्तो

ज्वालामुखी जस्तो गीत उन्मुक्तिको गीत
हृदयको फूल जस्तो सिर्जनाको गीत
त्रिशुलीमा गीत खस्यो उज्यालोको यौटा
पिशाचले माला गाँस्यो अँध्यारोको यौटा

त्रिशुलीमा खस्यागीत बिलाएन बाबै
गोही माछा ओडारले छिपाएन बाबै
चेतनामा हान्दिंदै गो' खोलापस्या गीत
गीतसीत आजै लायो इमानले मीत

आफ्नै साधनाले आलोकित भएका कलाकार जो सार्वजनिक ठाउँमा आफ्नो उपस्थिती चाहदैनन् । किनकि उनी र उनका कलाकारितालाई विश्वले अभिनन्दन गरिसकेको छ । जसको नाम हो - मनुजबाबु मिश्र । जसका कलाले स्वदेशमा भन्दा बिदेशमा सम्मान पाएका छन् जुन कलाकारको हाम्रो देशमा मूल्य नहुनु बिडम्बना होइन र ?

उनको जन्म १९९३ साल भाद्र शुक्ल पूर्णिमाको दिन भएको थियो । उनी निबन्धबाट कलाकारिता तर्फ उन्मुख भएका हुन् ।

श्री ५ महाराजाधिराज बीरेन्द्रको शुभ-राज्याभिषेकका अवसरमा देशमा आमन्त्रित बिदेशी राष्ट्राध्यक्ष तथा अन्य सम्मानित राष्ट्र प्रमुखहरुलाई देखाउन शिक्षा मन्त्रालयको अतिरिक्त क्रियाकलाप शाखाले बृहद् खेलकुद 'मास क्यालिस्थोनिक्स' को योजना बनाएको रहेछ । यसको अति महत्वपूर्ण पक्ष चाहिं राजारानीको ६० फिट चौडा २५० फिट लम्बाईको तेल रङ्गमा मुहार चित्र तयार गरेर प्रदर्शन गर्नु थियो । मन्त्रालयले त्यो चित्र बनाउन सक्ने कोही नपाएर चिनबाट कलाकार झिकाउन लागेको रहेछ तर सरकार स्वयंबाट मुहार चित्रकोलागि 'पहिले नेपाली कलाकार नै खोज' भन्ने हुकुम भएछ । यस सम्बन्धी पत्र ललितकला संस्थामा आयो र कार्यकारिणी बैठकले सो चित्र रचना गर्न बहांलाई सिफारिस गऱ्यो । जुन बेलासम्म कामको प्रकृति कसैले पनि बुझेका थिएनन् । उनले तीन महिनासम्म बिहान देखि राती १० बजेसम्म खटिएर चित्र पुरा गरे । यो बृहद् चित्र रचना गर्न त्यतिबेला ३ लाख रुपैया लागेको थियो । जुन कुरा बिस्तृत रुपमा जान्नकोलागि बहांको साझा प्रकाशनबाट प्रकाशित 'मेरा चित्र मेरो छायाँ' नामक निबन्ध संग्रह हेर्नु पर्ने हुन्छ ।

बहाँले आफ्नो कथाको भूमिकामा भन्नु भएको छ - 'न त राम्रो कामको कदर न नराम्रो कामको दण्ड' को कहावतमा म चरितार्थ बने । त्यो बृहद् काम मैले तलबको भरमा गरेको थिएं । मेरो त्यो कामबाट धेरैले धुप्रै फाइदा उठाए । तर कलाकार - कलाकारलाई त सधैं 'खानु त के छ नाम पो त ठूलो' । तर यस कामबाट त मलाई न नाम मिल्यो न त दाम । कामको सबैद्वारा प्रशंसा भयो र आफ्नो हात नकाटिएकोमा नै म प्रसन्न भएँ ।

कुमदेखि शिरपोसको टुप्पोसम्म ४४ फिट लामो राजा बीरेन्द्रको र त्यत्रै आकारको ऐश्वर्यको दुई मुहार चित्र र दायाँ बाँया मंगलघडा भएको ती बृहद् चित्रलाई राष्ट्रिय रंगशालामा आमन्त्रित गणमान्य व्यक्तिहरु एवं दर्शकले करतल ध्वनिद्वारा स्वागत गरे । राजा-रानी दुबैले ताली ठोके । तर त्यसदिन त्यो चित्रका चित्रकार भने मरेतुल्य, छातिमा हात राखेर कुनै कुनामा बसिरहेका थिए । उनको कतै नाम निशान नै थिएन । स्थानिय पत्र-पत्रिकाले त्यो चित्र कुनै बिदेशी कलाकारले रचना गरेको भनि प्रचार-प्रसार गर्दा पनि शिक्षा मन्त्रालयले खण्डनसम्म पनि नगर्दा झन् उनी मरेतुल्य भए । जिम्मेबार कर्मचारीको कति ठूलो अकर्मण्यता । देशको त्यत्रो आर्थिक व्यय गरेर तयार गरिएको त्यो बिशाल ऐतिहासिक चित्रलाई सुरक्षित राखिनु पर्दछ भन्नेतर्फ पनि कसैले कुनै चासो देखाएन । उनले त्यो चित्र नेपाल प्रहरी अथवा शाही सैनिकमा संरक्षण गरी राख्न दिने प्रस्ताव राखेका थिए । तर देशको सम्पतिप्रतिको हेलचेक्रयाई भनौं वा बिडम्बना । आज बिश्व मै ठूलो तेल चित्रको रुपमा रहने त्यो चिजको सम्बन्धित क्षेत्रसँग केही फोटो बाहेक अरु कुनै नामनिशान छैन । त्यस सम्बन्धि जानकारी प्रदर्शनपछि मात्र भयो । उनका बारेमा लेखिएमा प्रमुख राष्ट्रिय-अन्तर्राष्ट्रिय लेख तथा पुस्तकहरु हुन् - "नेपाली आफेल मोन्तागनेसि मुओमोनो - इटली मिलानो बिश्वबिद्यालयबाट (इटालीयन भाषामा) मेरो चित्रको प्रतिकृति सहितको जिबनी - (ल्याटिन भाषामा), नेपाली कलाकार कबिरुद्धित अहमद, मिश्र कलाका भिन्न व्यक्तित्व फिदा कमाल, नेपाली कलाकार, उत्कृष्ट प्रडेशन, फिदा कमाल, यी सबै पाकिस्तानी भाषामा प्रकाशित भएका छन् । यसैगरी ग्रिस, डेनर्माक, जर्मनी, कोरियन पत्र-पत्रिकामा पनि श्री मिश्रका बारेमा परिचयात्मक लेखहरु प्रकाशित भएका छन् । कलाकार मनुजबाबु मिश्रले हालसम्म पाएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारहरुमा यू. एस. एस. आरबाट विशेष कला पुरस्कार, प्रबल गोरखा दक्षिण बाहु पहिला, शुभ राज्याभिषेक पदक, शिक्षा पुरस्कार र स्वर्गिय श्री ५ महेन्द्रबाट नगद पुरस्कार, एस. ओ. एस. पुरस्कार तथा ढाका आर्ट कलेजबाट प्रथम कला पुरस्कार प्राप्त छन् । प्रकाशित कृतिहरुमा बिश्व कलाको इतिहास (त्रि. बि.) चित्रकला चित्रण बिधि (सूचना बिभाग) मेरो चित्र मेरो छायाँ (साझा प्रकाशन) अन्तर तरंग (ने. रा. प्र. प्रतिष्ठान) तरंग तरेली (साझा प्रेसमा) बालचित्र पुस्तिका भाग १२२ (ज. शि. सा. केन्द्र) र डेनिस भाषामा अनुबादित बाल चित्र पुस्तिका आदि छन् ।

बहाँले, जर्मनी, नेपाल, भारत, बंगलादेश इरान, जापान, कोरिया, रुस, डेनमार्क, इटली, बेलायत, अमेरिका, पाकिस्तानमा आफ्नो कलाको सामूहिक तथा एकल प्रदर्शनी गरिसक्नु भएको छ । बर्षदिनमा मुश्किलले दश दिन घरको कम्पाउण्डबाट बाहिर निस्कने कलाकार मनुजबाबु मिश्रले सम्पूर्ण चित्र गुमाएर अन्त्यमा एउटा आफ्नै सृजनामा हर्मिताज कला केन्द्र उर्मानु भएको छ । जुन अपर्याप्त र अभावहीन छ । जसलाई संरक्षण र संवर्द्धन गर्ने व्यक्ति छैन । साझा राष्ट्रिय सम्पतीको रुपमा रहेको नेपाली कलाको बारमा आजसम्म पनि सहि अर्थमा भन्ने हो भने कुनै नौलो क्रान्ति आउन नसकेको कुरा उल्लेखित बिवरणबाट पुष्टि हुन्छ ।

- राजेन्द्र दाली

'नेपाली साहित्यकार परिचय कोश' मा छुटेका पैंतालिस साहित्यकारहरु

हरि मञ्जुश्री

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले नेपाल अधिराज्यका पचहत्तर जिल्लामा र भारतका विभिन्न ठाउँहरुमा समेत प्रतिनिधिहरु छटाई नेपाली साहित्यकारहरुको परिचय कोश तयार गर्नुपर्थ्यो, गरेन । यस्ता काममा हात हाल्ने उद्देश्य प्रज्ञाप्रतिष्ठानका पदाधिकारीमा छँदा पनि छैन । केही समयपूर्व घटराज भट्टराईले 'नेपाली साहित्यकार परिचय कोश' निकाल्नुभयो र प्रज्ञा प्रतिष्ठानलाई चुनौती दिनुभयो । यद्यपि यो पुस्तक विवादमुक्त रहेन, तथापि यसको महत्व आफ्नो ठाउँमा भने छँदैछ ।

'परिचय कोश' का बारेमा टिप्पणी गर्ने हो भने धेरै कुरा हरुलाई लिएर टिप्पणी गर्न सकिन्छ । संस्थाले गर्नुपर्ने काम व्यक्तिले, त्यो पनि नितान्त निजी सोचले गर्नु, त्यसमा पनि उपत्यकामा बसेको एक व्यक्तिले अधिराज्यभरका साहित्यकार र उनीहरुको विवरण प्राप्त गर्ने प्रयास गर्नु नै ठूलो कुरा हो । तसर्थ: यो अथाह पक्षतिर लाग्दा जुनसुकै कुरा पनि अपूर्ण हुन्छ नै, र अपूर्ण भएपछि टिप्पणी त उठ्छ नै । तर यो लेखको उद्देश्य त्यस्ता खालका टिप्पणीहरु गर्नु नभई 'कोश' मा छुटेका केही साहित्यकारहरुको नाम उल्लेख गर्नु हो । केही विवरण म यहाँ दिन चाहन्छु, बाँकी विवरण खोज्ने जिम्मा घटराज भट्टराईको ।

गत जेठ ६ गते घटराज भट्टराईसँग मेरो फोनवार्ता हुँदा उहाँले भन्नुभए अनुसार 'कोश' बजारमा गइसकेपछि झन्नै १०० जनाजतिको सूची उहाँलाई प्राप्त भइसकेको छ । नाम छुटेका केही साहित्यकारले त सामो चिट्ठी लेखी थुप्रै गुनासाहरु गरेका पनि रहेछन् । उहाँले भन्नुभयो - "कमसेकम साहित्यकारहरुसँग राम्रै सम्पर्क भएका १५-२० जना साहित्यकारहरुले यो यो मान्छेको नाम छुटाइछस् भनेर लेखिदिए मलाई अर्को संस्करणकोलागि धेरै सजिलो हुने थियो । अर्को संस्करणकोलागि परिमार्जन र परिवर्द्धन गर्न मैले शुरु गरिसकेको छु । कसैको नाम नछुटोस् भन्ने चाहेको छु, साथीहरुको सहयोग पाइयो भने त्यो संभव पनि होला ।"

जे होस्, यस लेखमा मैले केही नामहरु दिने विचार गरेको छु जुन घटराज भट्टराईले 'कोश' मा लेख्नुभएका आधारहरुभित्र परेका छन् । 'कोश' को दोस्रो संस्करणमा उनीहरुको नाम नछुटोस् र मैले दिन नसकेका उनीहरुका विवरणहरु घटराज भट्टराईबाटै खोजियोस् भन्ने मेरो आग्रह छ । मैले दिएको सूची पूर्ण छैन, मैले त आफूलाई थाहा भएको कुरा मात्रै लेख्ने हो ।

एकजना मित्र हुन् - कलानिधि दाहाल । आखलढुङ्गा विगुटार मा जन्मेका दाहालले नेपालीमा एम. ए. गरेका छन् । उनको प्रकाशित पुस्तक हो - गौरवमय नेपाल । 'केही कवि केही कविता' र 'नयाँ युगका कविता' मा उनी संग्रहीत छन् । उनी विभिन्न कवि-गोष्ठीहरुमा पुरस्कृत पनि भएका छन् ।

नारदमणि पौड्याल अर्का मित्र हुन् र उनी पनि ओखलढुङ्गा विगुटारकै हुन् । उनी 'नयाँ युगका कविता' मा छन् र उनको अर्को पुस्तक 'मेरो यात्रा संस्मरण हो ।'

खोटाङ जिल्लामा जन्मेका विष्णु आभूषणले केही महिना पहिले एउटा उपन्यास निकालेका छन् 'अनायास' । उनको अर्को साहित्यिक कृति यसअघि प्रकाशमा आइसकेको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा पुरस्कृत भइसकेका काठमाडौंका श्रीविक्रम राणाको पुस्तकाकार कृति प्रकाशित त भइसकेको छैन, तर 'थाउका फूलहरु' नामक गीत-संग्रह भने निस्कँदैछ । पुस्तक नभए पनि राष्ट्रिय स्तरमा पुरस्कृत व्यक्तिलाई 'कोश' मा समावेश गरिने भनाइ घटराज भट्टराईको भएकोले राणा पनि समावेश गरिन योग्य छन् । उनी 'नयाँ युगका कविता' मा छापिएका छन् ।

उनीसँगै पुरस्कृत भएका भोजपुरका कवि रायली (गुरुप्रसाद राई) को कविता-संग्रह 'बसन्त अधिका कविताहरु' प्रकाशित छ ।

भोजपुर दिङ्लाका अर्का प्रतिभा श्याम अधिकारी हाल काठमाडौंमा बस्छन् र पत्रकारितामा संलग्न छन् । 'ऋग्वैदिक इतिहास एक दृष्टिकोण' र 'भुईंचालोको इसारा' (निबन्ध-संग्रह) उनका प्रकाशित पुस्तकहरु हुन् ।

श्रीलोम श्रेष्ठ 'रोदन' साहित्यिक पत्रिका 'मधुपर्क' का उप सम्पादक हुन् । उनी ललितपुर झम्सिखेलका हुन । ललिता (कविता-संग्रह) उनले निकालेका छन् र उनी सरगम (सातजना कविहरुको कविता-संकलन) मा पनि उनी समाविष्ट छन् ।

रामेछाप जिल्लामा जन्मेका कपिल काफ्ले कपाकार हुन् । उनले लेखेको कथा-संग्रह 'एक सांसदको अन्त्य' कामना प्रकाशनबाट प्रकाशित भएको छ । उनी 'कामना' पत्रिकाका सम्पादक पनि हुन् ।

मनोहरि खड्का भक्तपुरका प्रतिभा हुन् । उनी नाटककार र कलाकार हुन् । 'दाइजो र समाज' नामक नाटक उनको प्रकाशित पुस्तक हो ।

काठमाडौं जिल्लाका कैलाश भण्डारी 'सुगन्ध' साहित्यिक पत्रिकाका सम्पादक हुन् । उनका धेरै पुस्तकहरु प्रकाशित छन् । बासु शशीका दुई पुस्तक (मान्छेको हृदयबाट गएको मान्छे र यौटा नदी छ म आफैं भित्र) उनैले सम्पादन गरेका हुन् । 'सिद्धिचरण श्रेष्ठसंग दिनरात ...' ' मदन कृष्ण र हरिवंश ...' तथा अर्को एक काव्य उनले लेखेका छन् ।

कृष्णप्रसाद दुवाल काभ्रेपलाञ्चोक जिल्लाका बाल साहित्यकार हुन् । बाल साहित्यका निकै पुस्तकहरु उनले निकालेका छन् । उनको प्रकाशित कविता संग्रह 'पुरानो पहाडमाथि नयाँ क्षितिज' हो ।

भोजपुरका युवा कवि पासाङ् गोले रोर्पाले 'छब्बीस कविताहरु' नामको तर २७ वटा कविताहरु भएको कविता संग्रह प्रकाशनमा ल्याएका छन् । उनी हाल नेपाल आँखा अस्पतालसँग सम्बन्धित छन् ।

विश्वनाथ 'उत्सुक' पनि भोजपुरकै प्रतिभा हुन्। उनी 'कोही' उपनामले पनि लेख्छन्। 'गवेष' पत्रिकाका उनी सम्पादक हुन्। 'आबाल ब्रह्मचारी षडानन्द' बाहेक उनले गणितीय सूत्रहरु प्रयोग गरी दुई वटा मुक्तक-संग्रह निकालेका छन्।

कास्की जिल्लाकी रीता शर्मा पराजुलीको एउटा कविता संग्रह प्रकाशित छ। उनी 'नयाँ युगका कविता' संग सम्बन्धित छिन्।

'नयाँ युगका कविता' संगै सम्बन्धित अर्का कवि नारायण गोदारे पनि 'कोश' मा परेका छैनन्। धनुषामा जन्मेका र हाल काठमाडौं बसोबास गर्ने 'गोदारे' को घर बासकोटा हो। उनको कविता संग्रह 'मातृ' प्रकाशित छ।

विराटनगरकी कथाकार तथा कवयित्री इन्दिरा प्रसाईको पुस्तक केही महिना पहिले बजारमा आएको छ।

खोटाङ् जिल्लाका कवि जसराज किराँतीको पनि एउटा कविता संग्रह प्रकाशित छ।

कृष्णविनोद लम्साल भोजपुर दिङ्लाका कवि हुन् र उनी हाल सुनसरीको इटहरीमा बसी पत्रकारिता गर्छन्। उनको पनि एउटा कविता संग्रह प्रकाशित भइसकेको छ।

हास्यव्यंग्यकार हरि बन्दी हाल काठमाडौंमा छन्। उनले पनि केही पुस्तकहरु निकालेका छन्।

काठमाडौंका कवि आर. के. धर्मस्थली हाल कामना प्रकाशन समूहसँग सम्बद्ध भई पत्रकारिता गर्छन्। उनको एउटा कविता संग्रह धेरै पहिले प्रकाशित भएको थियो।

काठमाडौंमा अर्का प्रतिभा श्रीकृष्ण श्रेष्ठको उपन्यास 'जंग बहादुर' बल्लसाले कामना प्रकाशनबाट प्रकाशित भई बजारमा आएको छ।

उद्धवराज पुरी काठमाडौं राकोटका कवि हुन्। उनले दुईवटा कविता-संग्रह निकालेका छन्। उनी हाल पत्रकारिता गर्छन् 'महानगर' (दैनिक) मा सम्बद्ध भएर।

भोजपुरका उपन्यासकार हेमराज शास्त्री घरले अधिकारी हुन्। उनको उपन्यास 'षडानन्द' सूचना विभागले प्रकाशित गरिदिएको छ।

'यात्रा अझै जारी छ' नामको कविता-संग्रहका लेखक बालप्रसाद शाही काठमाडौंका युवाकवि हुन्। उनी शिक्षण पेशामा संलग्न छन्।

काठमाडौंकै अर्का युवा प्रतिभा राजेन्द्र पराजुलीको एक कथा संग्रह प्रकाशित छ र उत्तम भौकाजी र विमल भौकाजीसँग मिलेर उनले अरु दुई पुस्तक पनि निकालेका छन्। उनी 'वन्दना' साहित्यिक पत्रिकाका सम्पादक पनि हुन्।

ललितपुर जिल्लाका युवा नाटककार विकास अमात्यको 'पागलहरुको शहर' नामक नाटकको पुस्तक प्रकाशित छ। हाल उनी व्यापारमा लागेका छन्। 'सरगम' (सात कविहरुको संयुक्त कविता-संग्रह) मा उनी पनि समाहित छन्।

ज्ञानराज सुवेदी भोजपुर दिङ्लाका कवि हुन् पूर्वाञ्चल साहित्य प्रतिष्ठानले उनको खण्डकाव्य 'षडानन्द' प्रकाशनमा ल्याइदिएको छ। उनी हाल मोरङमा बस्छन्।

गोरखा जिल्लाका चर्चित कवि स्व. बी. पी. गोर्खालीको नाउँ पनि 'कोश' मा परेको छैन। उनले जीवनकालमै धुप्रै पुरस्कारहरु प्राप्त गरेका थिए। उनको निधनपछि उनका कविताहरुको, संग्रह 'बी. पी. गोर्खालीका कविताहरु' तीर्थराज अधिकारीको सम्पादनमा प्रकाशित भएको छ।

रोतहट जिल्लाका युवा प्रतिभा जीवनचन्द्र कोइरालाले 'बी. पी. का कविता: सम्झना कविका' निकालेका छन्। उनको अर्को पुस्तिका 'शहीद सरोज कोइरालाको जीवनयात्रा' पनि प्रकाशित छ। उनी हाल काठमाडौंमा छन् र राजनीतिमा संलग्न छन्। 'नयाँ युगका कविता' मा उनी संलग्न छन्।

मानसाग्नि नाउँले साहित्यिक विधामा हात हाल्ने डा. हरि प्रसाद पोखरेल प्राकृतिक चिकित्सक हुन्। 'नयाँ युगका कविता' सँग पनि सम्बद्ध मानसाग्निको कविता संग्रह 'मान्छेको खोजी' हो। उनी 'केही कवि केही कविता' मा पनि छन्। उनको शोकसंग्रह 'देवमान' प्रकाशनको तयारीमा छ।

भोजपुरमा प्रतिभा गोविन्दबल्लभ चापागाईं छन्दमा कलम कलाउँछन्। उनको खण्डकाव्य 'धरान' प्रकाशनमा आइसकेको छ।

जनकप्रसाद हुमागाईं काभ्रेपलाञ्चोक जिल्लाका साहित्यकार हुन्। उनी बालसाहित्य लेख्छन् र केही पुस्तकहरु प्रकाशन गरेका छन्। उनी पुरस्कृत व्यक्तित्व पनि हुन्। केही समय पहिले उनी साहित्यिक पत्रिका 'शृंखला' सित सम्बन्धित थिए।

पुष्पलता आचार्यको हालको बसाइ काठमाडौं भए पनि उनी तनहूँकी कवयित्री हुन्। उनको भजन र गीतहरुको संग्रह प्रकाशित भइसकेको छ।

चितवनका हरिहर खनालका पनि धेरै पुस्तकहरु प्रकाशनमा आइसकेका छन्। उनी शिक्षण पेशामा लागेका व्यक्ति हुन्।

धादिङका होम परिवागले एक उपन्यास लगायत अरु पुस्तकहरु पनि निकालेका छन्।

'कोश' मा राख्नुपर्ने अन्य नाउँहरु श्रीपुरुष ढकाल, विप्लव प्रतीक, बेदकुमारी न्यौपाने, तेजेश्वरबाबु ग्वंग:, नगेन्द्रराज रेग्मी, युवराज नर्याघरे, नवराज राई 'वर्तमान' भीम राना जिज्ञासु, पार्थमणि भट्टराई किरण सुब्बा आदि पनि हुन सक्छन्।

'नेपाली साहित्यकार परिचय कोश' पूर्ण नभएकै यो लेख पनि पूर्ण छैन। यी नाउँहरु त मैले झट्ट सम्झेका नाउँहरु मात्रै हुन्। यस्ता धुप्रै नाउँहरु अरु पनि छन्, तिनीहरुको खोजी गरी 'कोश' को दोस्रो संस्करणमा थप गर्नु आवश्यक छ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको स्वर्ण शुभजन्मोत्सवको शुभोपलक्ष्यमा
भक्तिपूर्वक दीर्घायु एवम् सुस्वास्थ्यकोलागि
मंगलमय शुभकामना टक्याउँदछौं
नेशनल ट्रेडिङ्ग लिमिटेड परिवार

नियात्रा

स्मृतिपटल भित्र ओझिलिएको बाम्वर्ग

-जय छाङ्छा

बायर्न वा बामेरिया राज्य जर्मनीको अति नै समृद्धशाली राज्य हो । बामेरिया कृषि, उद्योग, सांस्कृतिक सम्पदालले परिपूर्ण हुनका साथै जर्मनीको प्रथम राष्ट्रिय पार्क हुने अवसर यहीको जंगल क्षेत्रलाई मिलेको थियो । यसै सुन्दर राज्यको बाम्वर्ग (BAMBERG) भन्ने शहरमा दुई तीन दिन छुट्टि मनाउने सौभाग्य मैले पाएको थिएँ । बाम्वर्ग एउटा ऐतिहासिक शहर भएकोले धेरै पहिले देखि नै भ्रमण गर्ने मनोभावना थियो । यसै बीचमा, बाम्वर्गमा जर्मन नागरिक मारियानासँग वैवाहिक सम्बन्ध गाँसेर धेर पहिले देखि बसोबास गरिरहनु भएका श्री राम प्रतापले घुम्न आउनको लागि अनुरोध गर्नु भएकोले, बाम्वर्ग घुम्ने इच्छा साकार हुन पुग्यो । रेग्निट्ज (REGNITZ) नदीको किनारमा अवस्थित शहर निकै रोमान्चित र मनोरम रहेछ -बाम्वर्ग । नदीको दुवै परिसरमा अग्ला अग्ला भवनहरु टायलका छानाले ओताइएका रहेछन् । प्रत्येक घरका अटालि एवं कौशीहरुका गमलाहरुमा रंगी बिरंगीका फूलहरु उमारिएका रहेछन् । कतिपय घरहरु नदीको तटमा ठाउँ नछोडी बनाइएको पाइयो । यस्तो घरहरु मध्ये द फर्मर मिल्स, बाटर क्यास्टल कन्कोर्डिया तथा पुरानो सिटी हल प्रमुख छन् । पुरानो सिटी हल जर्मनी भरिकै सबैभन्दा उत्तम कलाकारिताको संरचनामा बनेको भन्ने दावी बाम्वर्ग बासीहरुको छ । किनकि यो भवन रेग्निट्ज नदीको मध्य भागमा बनाइएको छ र यसलाई नदीका दुई किनारसँग दुईवटा पुलको माध्यमबाट जोडिएको छ । त्यस्तै अर्को मोहक स्थान रोज गार्डन र सेन्ट मिखायलको गिर्जाघर छ । रोज गार्डनमा रातो, पहेंलो, नीलो, सेतो, गुलाबी तथा छिरबिरे रंगका गुलाबहरु हासिरहेका जो सुकैले पनि देख्न सक्तछ । यिनै सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यले सुसज्जित भएको शहर बाम्वर्गले पर्यटकहरुको मनलाई सजिलै जित्न सक्ने रहेछ । बाम्वर्ग, चमत्कारिक आकर्षण गर्ने शक्तिको खानी बोकेर रेग्निट्ज नदीको तीरव गतिको सुसेलीमा सुस्ताएको रहेछ । फेरि माझीहरुको घरहरुका नामले प्रसिद्ध ठाउँ जसलाई "लिटल भेनिस" भनेर चिनिने स्थान पनि निकै नै चित्ताकर्षक खालको रहेछ । यिनै कुराहरुलाई हृदयगम् गरी जर्मन कवि एबोट गेरहार्ड भान सिओन (ABBOT GERHARD VON SEEON) ले "सारा संसारको राजधानी शहर बाम्वर्ग" भनेर उल्लेख गरेका रहेछन् ।

युरोपका प्रत्येक घरहरुका बादली र घर अगाडिका खाली जग्गामा फूलहरु उमारिएका हुन्छन् । छोराछोरी माथि आमाले गर्ने माया जस्तै माया गरी उनीहरु फूललाई रेखदेख गर्दछन् । तिनीहरुको सम्पन्नताको भाषा फूलहरुमा अनुवाद भएर व्यक्तिएका हुन्छन् । जहां फूल सदैव मुस्कुराउंछ, त्यहां सुख, समृद्धि र शान्तिले छाउने रहेछ भन्ने आभास मलाई मिल्यो । यिनै सुन्दरता र रमणियताका छालहरु समेट्दै दिनभर बाम्वर्गको छातीमा मल्वलाउँथ्यों । बसाइको लागि राम प्रताप र बाहाँकी धर्मपत्नीले बाहाँहरुकै एपार्टमेण्ट (डेरा) मा व्यवस्था मिलाई दिनु भएकोले कुनै कठिनाईको सामना गर्नु परेन । जर्मनी बसाइको दुई वर्ष बितिसक्दा पनि त्यहाँको ठेट संस्कृति प्रति अनभिज्ञ नै थियों । जर्मन परिवारमा बोलाइएका पाहुना (पतिको भए पतिले र पत्नीको भए पत्नीले) लाई आतिथ्यको जिम्मा लिनुपर्ने रहेछ । हामी राम प्रतापजीको पाहुना भएकोले किनमेल, भान्सा एवं अन्य सम्पूर्ण कार्यहरु बाहाँले नै गर्नु पर्ने अनौठो प्रचलन देख्न र बुझ्न पायौं । हामी छुट्टै संस्कृति र परंपरामा हुर्किएको हुंदा ताजुब लाग्नु स्वभाविक थियो । हुन पनि विवशताको फाइदा नउठाउने र निस्वार्थी भावनाले ओतप्रोत भएको मानवको वर्णन नैतिक शिक्षाको पुस्तक र धर्मका ठेलीहरुमा नै सिमित होलान । तर व्यवहारमा उतार्ने अद्भुत जीवहरुको अस्तित्व पृथ्वीको कुनै अन्तरकुन्तरमा पाइएला कि ? जति काट्यायो त्यति नै गहीरो खाडल बन्दछ । जति सझियो त्यति नै मनमा औंडाहा बढ्दछ । ननु जस्तो कायरता र हास्नु जस्तो आडम्बर अर्को कुनै छैन । सहनु भन्दा अर्को धर्म पनि छैन । यिनै परिवेशमा मान्छे रमाउने गर्छ । यिनै वास्तविकतालाई अंगाल्ने गर्छ, यिनै परिधि भित्र जिउने गर्छ । यसैबाट मान्छेले परिमोक्ष प्राप्त गर्ने गर्छ ।

बाम्वर्ग बसाईको सिलसिलामा एक दिनको डिनर (बेलुकीको खाना) को लागि इडा वोल्फ (EDDA WOLF) ले निमन्त्रणा गरिन् । इडा वोल्फ नेपालकी एक शुभचिन्तक रहिछिन् । नेपालका अनाथ बालबालिकाहरुलाई सहायता गर्ने एउटा संस्था किण्डर हिल्फे नेपाल (KINDER HILFE NEPAL) खोलेकी रहिछिन् । समय-समयमा नेपाल जाने र अनाथ बाल-बालिकाहरुलाई अध्ययनको लागि म्यान्मार गोरिंदेन काम गर्दिरहिछिन् । प्रबल चाहना र इच्छा एवं मनोभावना भएपछि सांस्कृतिक, धार्मिक, राजनैतिक तथा भौगोलिक दूरतालै छेक्न सक्दैन रहेछ भन्ने कुरा इडाको कारुणिक भावनाले बताउन खोजिरहेथ्यो । हुन पनि दक्षिणी गोलार्द्धका कुनै कुनामा बम पोडिकएर अशान्तको क्षणलाई स्वीकार्दै जिउन खोज्नेहरुको पीडादायक अवस्थाको खबर उत्तरी गोलार्द्धका कुनै एक कुनामा बस्नेले सुन्दा अवश्य नै उसको हृदय भित्रका दयाका रेसाहरु चल्वलाउंछन् । यही नै त हो - मानवताका सच्चा परिचय । यसैको सीतकको रुपमा इडा वोल्फको "किण्डर हिल्फ नेपाल" लाई लिन सकिन्छ । डिनर शुरु गर्नु भन्दा पहिले इडा वोल्फले बायर्न राज्यको स्पेशल बियर "राउख बियर" (RAUCH BEER) को आश्वादन गराउने जमर्को कसिन् । उक्त बियरको रंग कालो र स्वाद तीतो हुनका साथै गन्ध धुंआंको जस्तो हुने रहेछ । यो बियर जर्मनीको बायर्न राज्य बाहेक अन्य राज्यमा बिक्री वितरण हुने रहेछ । राउख बियरको चुस्कीसंगै खाने ममथा जस्तै पकवान तयार पारेकी रहिछिन् । भोकको बेलामा कपाकप खाइयो । बुवा भने एक हातमा बडेमाको राउख बियरको ग्लास र अर्को हातमा पकवानको टुक्रा लिएर मेरो कानको नजिक आएर सोध्दै हुनुहुन्थ्यो - "यो केको मासु हो ?" (किनकि बुवाले भेडा तथा खशीको मासु खानु हुन्थेन ।

यसरी बिरानो देशको आत्मीयता र मीठो सभ्रता लिएर हामी (रत्ना, दीपेश र बुवा काजीमान) ले बाम्वर्गको न्यानो आतिथ्य र अनुपम सौन्दर्यलाई पछाडि पार्दै गन्तव्यस्थल बोन (BOON) का लागि प्रस्थान गरेका थियौं ।

- भोजपुर, कोशी

कृति परिक्रमा

'लेख्नु मेरो धर्म हो र धर्ममा कति सच्चा र इमान्दार छु' भनेर पाठकलाई नै मूल्यांकन गर्न सुम्पिदिने कथाकार शंकर कोइराला द्वारा लिखित तीन पुष्पको समूह हो 'हत्यारा शान्ति र सिर्जनाका'।

समाजको यथास्थितिलाई अनेकौं कथा उपन्यासद्वारा पाठकको मन जित्न सफल तथा नेपाली साहित्यको फाँटलाई उर्वर बनाउने सिद्धहस्त कथाकारले आफ्नो मार्ग कहिल्यै छाड्नु भएन, आफ्नो धर्म कहिल्यै बिर्सनु भएन। एकमाथि अर्को ईंटा थप्दै जानु नै नेपाली भाषा साहित्यकोलागि पूर्ण योगदान हो र बहाँको महानता।

प्रजातन्त्रोत्तर काल कस्तो रह्यो, बिगतमा बिकृति फैल्याउनेको अवस्था कस्तो रह्यो, परिवर्तनमा मानसिक धारणा कस्तो रह्यो, व्यवहारमा परिवर्तन देखियो देखिएन भन्ने जस्ता यथार्थ चित्रण गर्न यस कथासंग्रह भित्रका तीनैवटा कथा सबल र सक्षम देखिएका छन्।

कतिपय ठाउँमा बिगतको, वर्तमनको, नेता र नेतृत्वको, व्यंग्य र समय र परिस्थितिले मानिस कहाँबाट कहाँ पुग्छ, शक्ति भएको अवस्थामा आँखा चिम्ले पछि कसरी दुरावस्थामा पुग्छ र पछि पछुताउन थाल्छ, रुन थाल्छ भन्ने यथार्थतालाई बिर्सेका छैनन् कथाहरुले।

'दुष्टहरु आमाको लाशमा पनि गिद्ध र चील झैं, काग र कुकुर झैं लुछाचुँडि गर्न पाइरहेछन्' ...।

शक्ति प्राप्त गरेर मानिसले गर्ने कुकार्य, दैबी प्रकोपको कारण भएको बिछोड र त्यसबाट हर्ताकर्ताहरुले देखाउने रवैया, प्रजातन्त्रपछि प्रजातन्त्रकोलागि सिक्नुपर्ने अवस्थालाई यथार्थताको धरातलमा उभ्याउन सफल यो संग्रह पढ्न थालेपछि नसिद्धयाई छाड्न मन नलाग्ने अत्यन्त मर्मस्पर्शी र हृदयबिदारक घटना एकपछि अर्को हुँदै समाजका हरेक कुना सम्म छाम-छाम, छुम-छुम गर्दै कलम दौडिरहेको जस्तो लाग्यो।

नेपाली भाषाको यो उपहार बि. पि. कोइरालाको स्मृतिमा अर्पण गरिएको छ जसले नेपाली आधुनिक कथाका प्रतिष्ठापक मध्ये एक व्यक्तित्वको संझना दिलाउने कार्य गरेको छ, त्यो व्यक्तित्वलाई सम्मान गरेको छ।

सरलभाषामा लेखिएको यो सानो पुस्तक भएपनि अत्यन्त हृदयस्पर्शी, प्रेरणादायी र संग्रहणीय छ जस्तो मैले अनुभव गरेको छु।

कृति:- हत्यारा शान्ति र सिर्जनाका (कथा संग्रह)
कथाकार :- शंकर कोइराला
संस्करण :- प्रथम
समय :- बि. सं. २०५१
प्रकाशक :- स्वयं लेखक
मूल्य :- २०।- (बीस)

डा. दयाराम श्रेष्ठ 'संभव' को प्रधान सम्पादकत्वमा बि. सं. २०५२ साल श्रावणमा त्रैमासिक अङ्क १ 'तृष्णा' नेपाली साहित्यको फाँटमा पाठकबर्गको तृष्णा मेटाउन उदाएको छ। यसका कार्यकारी सम्पादक तथा प्रकाशक केदार नारायण सुवालका साथै अन्य साहित्यानुरागी विद्वत् बर्गको पनि सहयोग रहेको छ। भाषा साहित्यको सेवा गर्ने अठोट लिई कथा, कबिता, यात्रा-निबन्ध, बिविध लेख, आर्थिकलेख र खेलकूद रिपोर्ट समावेश भएको पहिलो अङ्कबाट नै पाठकलाई आवश्यक पर्ने व्यञ्जनदिन प्रयास गरेको छ तर उद्देश्य यतिमात्र होइन आगामी अङ्कहरुमा अझ स्तरीय सामग्री पाठकहरुलाई दिने र अनुसन्धानात्मक लेखलाई प्राथमिकता दिने प्रयास जारी राख्ने अठोट यस पत्रिकाको सम्पादकीयमा व्यक्त गरिएको छ। शायद पहिलो प्रयासमा बिभिन्न कठिनाइ, उकाली, ओराली झेल्नुपरेको हुँदा सानो आकृतिको भए पनि भविष्यमा यसले आकार प्रकारमा निरन्तरता प्रदान गर्ने छ भन्ने आशा गर्न सकिन्छ।

- ठाकुर

गीत

□ श्रीपुरुष ढकाल

पाखा भरि तोरी फुल्दा मन भरि रहर डुल्छ
बैसालु रात मेरो जहीं तहीं मात पोख्छ।

आगनीको जून पनि छिल्लिएर गिज्याउँछ
चौतारीको छायाँ खोजी यो तन त्यसै थाकिदिन्छ
पाटा भरि आरु फुल्दा मन भरि रहर डुल्छ
बैशालु रात मेरो जहीं तहीं मात पोख्छ।

अंगेनीको बरिपरि नौलो सपना खेल्न थाल्छ
दौतरीको माया खोजी यो मन त्यसै टोलाइदिन्छ
डाँडा भरि गुरांस फुल्दा मन भरि रहर डुल्छ
बैसालु रात मेरो जहीं तहीं मात पोख्छ।

सानेपा, ललितपुर।

निबन्ध

जंगलभित्रको घामपानी

युवराज नर्पाघरे

'हजुर, जसरी भए पनि बिहानको सातबजे यहाँ आइपुग्नु पर्छ' -आत्मीय आफन्तहरुको आग्रह थियो, अनुनय थियो मसँग। यो हार्दिकताको थियो आह्वान, सम्मानको पराकाष्टा थियो र श्रद्धाको अतुल आग्रह थियो। प्रेमको लहरो अजस्र रहेछ। स्नेहको अभिवादन रहेछ कोलीयुक्त र अनुस्मरणीय। भोको थिएँ म प्रियम्वद परिवेशको। यस अर्थमा आग्रह आमन्त्रणको सहभागी भएँ। मानिस मायाको स्पर्शले नै सजीव संसार प्राप्त गर्दो रहेछ - आफ्नै दशक अनुभवको सद्यः अनुभूति हो मेरो। म जंगलको शब्द भन्न खोज्दैछु पातको कमनीय कथा दोहोऱ्याउन खोज्दैछु। चरा - चुर्इंगीको चाँचाँचुँचुँ र श्रवणीय कुँजन बताउन खोज्दैछु। र, वानस्पत्य बहुल वासन्तिक वायुको सिर्र्र स्यार्र्र बाँध्न खोज्दैछु। म अनुरोधको ध्वनि हृदयका कान्लामा बिच्छाएर लागें सूर्य विनायकको हरित् वन विपिन विहारतर्फ।

कलंकीबाट प्रस्थान गरेपछि मान्य-अमान्य, वृद्ध-बालक, तरुण-तरुणीमा र शिष्ट-अशिष्टको खुस-खुस र गाना बजानाले लिन्छ कहिले उग्र र कहिले शान्त रुप। त्यहाँ नाँच्ने क्रममा आयो भनै सम्पन्नता। गाउने, बजाउने र उफ्रिने गति असन्तुलित थियो त्यहाँ, किन्तु तीव्र र अचाक्ली। सबै आफ्नै आफ्ना कुतूहल र चौचौको वातावरण समेटेर आफैमा थिए दंग र फुलेल। रमिते जति थिए तमासेको संख्या पनि त्यति नै हुँदो हो बसभित्र। म थिएँ त्यस समूहको मान्यवर देवता समानको ज्वाई, त्यसैले उन्मुक्त गाउन पाईनँ मैले। म हातमा हात मिलाएर थपडी बजाउन चाहन्थें। स्वरमा स्वर मिलाएर गीत गाउनँ चाहन्थें। आँतमा आँत मिसाएर सुसेली मार्न चाहन्थें। किन्तु त्यहाँ मैले गाउनु उत्ताउलो हुन्थ्यो, नाँच्नु अचाक्ली हुन्थ्यो र उफ्रिनु त झनै अक्षम्य अपराध समान हुन्थ्यो। मेरा यावत् हुटहुटीको बेगहरुलाई लगाम कसेको थिएँ मैले। जोर जुलुम त्यस वातावरणमा प्रवेश गर्ने मेरो मनोवाञ्छामाथि भुतभुते खरानी घोप्टाएको थिएँ मैले। सम्मानको नाममा बढी आदरणीय परिस्थितिले पनि मान्छेको मौलिक स्वतन्त्रता गुम्दोरहेछ।

म मित्र मसिना स्वप्निल यामका केही झिल्काहरु, फिलुङ्गाहरु उड्दै थिए शून्य आकाशका रंगमा। र, अवसाद समानको मुटुमा केही अनुभूतिका रुन्काहरु धन्किरहन्थे -

जरा हालिरहन्छन् वसन्तका वृक्षहरु
सँधै निमन्त्रणा छ समयको
एक्लो सगर/एकलो बगर
र,
टिपनटापन रंगहरु/कुचीहरु।

देखेका दृश्यहरु। मुक्त केशपाशमा अल्झेका फूलका केस्राहरु-पुंगाहरु।

प्रचण्ड मध्यान्हको हाराहारीमा हामी ओर्लन्छौं बसबाट सूर्यविनायकको वनमा भोक, तिर्खा अनि आलसतालसको पहाड बोकेर। जंगल भनेको मंगल हो। आजको दिन वैशाखे पुर्णिमा अर्थात् पर्व विशेष हो बुद्ध जयन्ती। सूर्यविनायकको वनभरि थिए धार्मिक मनहरु बोकेर बर लिएका हूलका हूल जनहरु। पितृकर्मको रुपमा देखिएतापनि समाजको एउटा विषय - सुखको ऐयासी प्राप्त गर्न अक्सर यहाँ भेला हुन्छन्। यसपालि म पनि सहभागी छु यहीं नै। झुन्ड झुन्ड मान्छेका जमातहरु जंगलभरि भेटिन्छन् पाल टाँगेर बसेका। यस आलेखलाई नियात्रा भन्न रुचाँए मैले। म सूर्यविनायकको जंगलमा स्थिर मुद्रामा छु र अवलोकन गर्दैछु। विचारका तन्तुहरु विचरण गर्दैछन् तर आकृतिमा छैन कुनै गतिशिलता। दृष्टिको शैर नै नियात्रा हो, चिन्तनाको विचरण त दर्शन हो भन्ने मनसुवा मैले हुर्काएको छु सानैदेखि।

जंगलको संलाप शाश्वत प्रज्ञा सम्पन्न हुन्छ - प्राचीन साधक र परिणति हाम्रो सामुन्ने छ सप्रमाण उपस्थिति। सँधै शून्य जीवनको कारुण्य धुन। अहिले प्रकृतिका सनातन श्रद्धेय गानहरुमा स्वयम्लाई पढ्दैछु। कुलीन कला र सभ्यताका नूतन र सद्यः द्योतक रहेछ वनको परिचय। कुरो बटारिएछ है। यो अपराधमा क्षमा पाउँछु म किनभने विधा हो निर्बन्ध अर्थात निबन्ध। जंगललाई पट्टेरको रुपमा हेर्न सकिदैन तापनि डराउने स्थिति भने स्पष्टै छ।

'आज अधिकारीहरुको देवाली हो' - यो भीडको बारेमा त मैले बिहानै सुनेको थिएँ। हाँच मिल्दा, काण्ड मिल्दा र इष्ट मिल्दा अधिकारीहरु यस वनभित्रको पूजास्थलमा हरेक दुईवर्षमा भेला हुन्छन्। बोकाहरु बलि दिन्छन, पूर्खाको अनुस्मरण गर्छन्, आफन्त बीच हार्दिकताका पाहुर साटासाट गर्छन्। दिल्लगी - खुशी र रहरका प्रहर त्यतिकै त्यहाँ छरिएको छ। त्यहाँको ओहोर-दोहोरमा क्रमबद्धता छ खुशीयालीको, हर्षोल्लासको। जति सुन्दरता त्यहाँको फाल्गुणी वायु वातावरणमा छ, त्यही अनुपातमा उपस्थिति छ। दर्शक - दीर्घाको दोहोरीलत्ता पनि। वनको वतास कहिले टुप्पामा बस्छ वास त कहिले बस्छ फेदमा वास।

देवाली हो, वनभरि बोकाका म्याँम्याँ र स्टोवको घ्वार्र आवाजमा होडबाजी छ मानौं ती प्रतियोगितामा सामेल छन। सूर्यविनायकको वन अनेकन घामपानीको चहक छातीभरि उरालेर पुरातन इतिहासमा धर्मर हिरहेछ। यसो त यस वनमा वासन्तिक छटाको वास थियो तर ज्यादै नाम मात्रको। टुप्पामा फुल्नुपर्य्यो रातामे गुराँसफूल किन्तु गुराँसका निर्दोष फेदहरु रँगिए बलिको रक्ताम्मे रगतले। क्रुर, निर्मम र निठुरतासाथ मानिसहरुले छप्काए असंख्यौ चिचिला, ठेट्ना र वृद्ध बोकाहरु। मूक ती प्राणीहरुको अनुनय अरण्यरोदनमा भयो परिणत। तिनको अभयदान होइन मौलिक जीवित हुने अधिकारमा मात्र मान्छेले प्रश्न उठाएको छ। धरामा स्मृति मात्र रहन गए तिनका याचना समानका आवाजहरु।

अब भने पुनः सूर्यविनायकको वन पुरै देखिन्थ्यो भयावह र कोतको पटाङ्गिनी झैं। पानीको तार्रतुर्र, बोकाको रौं तासतुस र मेघको गड्याङ्गुडुङ् आपसमा आफ्नो आफ्नो शक्तिको सन्तुलित प्रदर्शनमा छन मग्न मस्त। हतारमा छ मानिसको आँखा बोकाको मासु ठुङ्न। मेरा आँखामा सेतो धोतीको सप्को देखापर्छ - हूल, ताँती र भीडसहित। शोभा

थिइन् तैपनि श्याम धोतीको पछ्यौरीले शोभा दिएको थियो त्यत्तिकै अभिनीत र अलङ्कृत ढाँचामा । क्षणभरमै बोकाका मित्र्याँसलाई प्रसादका रुपमा खाएर भित्री अंशमा हिंसाको माद बोकेर फर्किए मान्छेहरु । एक्लो हुन मनपर्छ मलाई । घुम्दैछु स्वयम्लाई दौंतरी बनाएर । संझदैछु अहिले - स्वस्थानीको कथामा दक्षप्रजापतिको टाउको पछिल्तिर फर्काइदिएपछि बाल्यकालमा म धेरै पटक रोएकोछु । काफलका दाना मिचेर ओठमा दली राता ओठ पारेपछि रगत आयो । दिदीका मुखबाट यो सुनेर म धेरै पटक कहालिएको छु । बोकाहरुको भयानक हिंसा देखेर मेरो हृदयका कुण्डहरुमा तरंग उठ्नु स्वभाविकै हो । निखिसकेको छैन ऋतुराज, यसैले कोकिलकण्ठ गाइरहेछ क्रमागत अवरोहमा । बोका मार्ने को हो ? भन्ने प्रतिध्वनि मेरा कर्णकुहरमा गुञ्जिरहन्छ कोइलीको कुहु-कुहु ध्वनि गानमा । हरिया परिया पातहरु, रुखबाट खस्दाको सुरेली कसो-कसो मनोहारी लाग्छ मलाई । शैशव बेलाको स्मृतिबिम्ब किन हो किन मनलाग्छ संझिरहन । वियोगको वस्तुको प्रियम्वद हुन्छ भन्ने सुनेको थिएँ, त्यसैले हो कि ?

चिउलाहरु लत्पतिएका छन रगतै रगतमा । बुकी फूलका पत्रदलमा रगतका फाल्साहरु छ्याल्लबिल्ल देखिन्छन् । रगत पाउन रगत गुमाउने आदिकर्ता को होला ? यस्तै छ स्वभाव मेरो । घामजून हेरेर पुग्दैन आकाशका सबै कोण नियाल्नै पर्छ मलाई । यसैले त म जस्तो सरल प्राणी कहिलेकाहीं समाजमा जटिल स्वरुपमा चिनिन्छु । सूर्यविनायकको [illegible] विचरणमा छु र पनि अन्तर्मुखी चिन्तनाको गुलाबीमा रङ्गमङ्गिरहेछु । नियाग्राले सिकाउने तेजस्वी पाठ मध्ये यो पनि एक हुनसक्छ - अनुमान व्यक्त गर्छु म । भन्नै पो बिर्सेको ! घामपानीको इन्द्रेणी लहा कति राम्रो ! वनभित्रको हरियाली छिचोलेर देखेको एवम् आघात गरिएको माधुर्य सौर भको दीप्तिमय सोपान ।

केही मुस्कान साट्दैछु

र बदलामा सुषमित छन् केही निःश्वासका कोपिलाहरु,

कस्यानधारीमा छोडेका स्मृतिबिम्ब

यतिखेर झन् झन् हरिया - परिया देखिन्छन विद्रुम आकृतिमा मजस्तै ।

जतातते बग्नु ठीक होइन, यो पनि थाहा छ मलाई । सांगीतिक परिवेश थियो जङ्गलैभरि - चुरैचुरा बजेर । सुरस सुरङ्ग वातावरण थियो वनैभरि - निधारका टीका चम्केर । सम्भवतः चैतन्यशून्य उडान भरेर गञ्जक त्यागेका परेवाहरु यस वनमाथिको गाढा नीलो सुरम्य आकाशमा कावा खाँदै थिए । मान्छेको कल्याङ मल्याङ यथावत छ । सुरुपाहरु अंगालोमा बैस बेरेर बुर्कुसी मारेर छरिरहेछन सर्वत्र पूर्ण पुष्ट पुष्पित मकरन्द । पुलु-पुलु हेर्दैछु वनको पछ्यौरीमा लपेटिएका अज्ञात सपनाहरुमा झल्किएका रमाइला आकृतिहरु । पछाडिबाट कसैले दिन्छ - नमस्तेसहित गाजर । नताङ्गीको विनीत भाव कुन्नि किन हो मेरो सामुन्ने उपस्थित रहेन धेरैबेरसम्म । अकाइफकाइ म गाजर हेर्छु र पूर्वकथन नमस्कार अनि किञ्चित लज्जाले ग्रसित सुरुपाको नतमस्तक आकृतिको खण्डितरुप जोडिरहन्छ । संकोच सौन्दर्यको उत्कृष्ट र अनुपम चित्र रहेछ । समूहमा डौंठे भैरहेको छु कि भन्ने भयले म त्यत्तिकै त्राहिमाम् त्राहिमाम् भएको छु । सबै गाइरहेछन, नाँचिरहेछन, केही गर्न नसके पनि रमिता हेरी तमासे भई चित्का छोडी छोडी हाँसिरहेछन् । म पनि सम्मानले कक्रेको र एक्लै रमाउन खोज्ने कोकल्याँटो । रुपसी रंगढंगभन्दा प्रकृति विचरणको हरित् परिदृश्य प्रियंवद लाग्छ । मानिस धेरै कोमल र धेरै कठोरताको भावनापुञ्ज हो कि ? जीवनको शाश्वत अनुरागबाट पुलकित मान्छेहरु यस यज्ञ प्रश्नबाट कति पृथक रहन सक्छन् ? रुखका फेदमा बसेको माटोजस्तै परिवेशले सग्ला दृष्टिकोणका ध्वजाहरु गाडेको छ - मेरो भावको फाँटमा ।

घोलिन्छु - माटोबाट बर्बरताको नमीठो हरक ठोकिन्छ नाकमा । जीवनको अर्को नाम हो गतिशील । हामी सँधै जीवनलाई वस्तुनिष्ठका आँखाले हेर्छौं तर आत्मनिष्ठको कञ्चन तलाउमा पौडिरहेछ जीवन । वानस्पत्य भित्रको गुञ्जनमा जुन मौलिकता छ त्योभन्दा मननीय गान हृदयकै छ । गोरेटोमा आँखा बिच्छाउँछु - युगल स्त्री अनुहार लम्कँदो छ । ती व्यस्त पनि छन् संलापमा । प्रौढा सम्झाउँदै थिइन् यौवनालाई - 'आइमाई र माटाको भाँडो एउटै हो छोरी !' मेरो वन विपिनमा पर्न खोजिर हेथ्यो पानी परिहाल्यो । आँधी मच्चिन खोजेथ्यो मच्चिहाल्यो । घाम चर्कन खोजिरहेथ्यो चर्किहाल्यो । म जुन पुरुष-स्त्रीको समूल परिचयलाई सुन्दर र कलात्मक घामपानीको इन्द्रेणी भन्दथें, प्रौढाले घाम र पानी भनी इन्द्रेणीलाई विभाजित पारिन् । र, उठाइन् आशंकाको प्रश्न । यो वरमाला लाउन पार्उछ कसले ?

प्रज्ञामा वयस्क हुन सकिनँ, अल्पज्ञको रोगले ग्रसित छु । जंगलमा विचरित छु र पनि आफ्नै उपस्थितिको अध्ययनमा छु म लीन । पुल्ठोको आगोले घर भष्म हुन बेरलाग्दो रहेनछ तर चिराकको कपडा काठ सल्कन पर्खनुपर्दो रहेछ निकै समय । जंगल स्वयम्मा शान्त थियो किन्तु मान्छेको घाप्से हाल्ने गतिमा कृत्तिमकला उब्जँदा घामछायाँ नदेखी मैले घामपानी पो देखें । आरो फिक्नलाई काँडा टिप्न गएको त त्यहीनेर प्लावित सुषमित गाढा रातो गुलाफ फूलको मोहकतामा पो अल्मलिएछु म ।

बनकै अनुभूति उब्जियो फेरि -
कस्ले चोरेर खाने ।
काफलका पातमा अडकिएको चोखोपानी
बटुवाहरु तिनकै फेदमा बस्छन बास
र बुन्छन सपनाका जालीरुमाल
विपनाको बस्तीमा किन हुँदैन कसैको प्रतीक्षा
कसले चोरेर हेर्ने ।

कान्ताहरुको अकाट्य कमनीय कामातुरको निमन्त्रण । निर्बन्ध भएर म कहीं ढलपल ढलपल भएको त छैन विचारको बयानबाट ? तपाईहरुको निर्क्योल होला, आलेखमा कनिका, चिलेसा र बियाँ बाहेक अरु केही नै छैन । मैले भने यात्राको अवधिमा अर्को चिरस्मरणीय एवम् सौष्ठव ज्ञानसागर प्राप्त गरेको छु जिजीविषाको स्वरुपमा । यो-वर्णन तपाईहरुले अकस्मात् सुन्दा युक्त्याभास लागे तापनि मैले खुदै भोगेको हुँदा म प्रकृति सानुन्ने कदापि ठहरिन्न झूठो । घानपानीको बाच्छिटाले छोएको मनमा बिझेको एउटा कटुसत्य भन्दैछु । केही बादलका टुक्राहरु छन र केही छन तुफानी स्वप्निल चानचुन शिशिरका रुखहरु । छोट्टिदैन यात्राको दूरी । देख्छु,

सुन्छु अनि त करै लाग्छ गुन्न । फेरि गुन्छु । निवृत्त मनमा पाउलिन्छ वसन्तको आकुल र बिरुत तस्वीर । कुरो गएछ फेरि कुलोजस्तै ।

भीडभित्रै छुट्टै र पृथक्काय प्रस्तुत हुने एउटा भेटियो हूलको अस्तित्व । म सजिलै तानिएँ त्यो परिदृश्यतर्फ, त्यस मञ्चतर्फ र ती नायकहरुतर्फ । हामी श्रद्धाभावले झरिझुट्ट भएर लर्किरहेका थियौं वनको बाटो भएर सूर्यविनायकको मन्दिरतिर । अनेकौं गोरेटा गल्लीहरुमा हिंडिरहेका थियौं हामी लरलर । हामी मुनिल्लो बाटो हिंडिरहेका थियौं भने माथिल्लो बाटो एउटा दीन आकृतिको, झुत्रोझाम्रो लुगामा बेरिएको एकसुरे मान्छे गइरहेको थियो । अनवरत हैन यदाकदा नानाथरि भट्याउँदै । हामी स्वतन्त्रताहीन थियौं भने त्यो विक्षिप्त मनस्थितिको सन्की व्यवहार गर्दै हिंडिरहेथ्यो यदृच्छित । संयोगवश भेट भयो दोबाटोमा टीठलाग्दो त्यस प्राणीसंग त्यसको वास्तै नगरी हामी लम्किरह्यौं एकोहोरो अविरल । ऊ फेरि माथिल्लो बाटो हामी तल्लो बाटो । यथाक्रम छ यो गति । एउटा दुर्गन्धित, गर्त र फोहोरी बाटोनेर पुग्ने बेलामा त्यसले भन्यो अस्पष्ट स्वर मा - 'ए दाइ त्यता हैन ....। ए दाइ त्यता हैन....!' कस्ले सुन्ने त्यसका कुरा ? हामीले हावा खुस्केको मान्छेले बोलेका बोलीलाई उडायौं हावामै । घुमाउरो, घिनलाग्दो, सिकसिकाउँदो, दुषित र गन्दगी बाटोलाई थाया र पुपु गर्दै, सराप्दै, मुस्किलले बाटो काटी असक्त अनुहारमा हामी मन्दिर पुग्यौं । आश्चर्य । हामीभन्दा अगाडि नै अघि बाटोमा भेट्टिएको त्यस पागल मन्दिरमा पुगेर माग्दिरहेछ दर्शनार्थीहरुसंग ।

ईश्वर पूजनकर्म सिद्धाएर फर्किंयौं हामी । औसाने विचारका तुसहरु हामीले छोड्यौं भने पनि गन्धका हरकहरु छिटपुट रुपमा थिए हामीसँगै । जाँदाखेरिका हन्डर हबिगत संझेर अतालिंदै हामी अर्को बाटो फर्क्यौं । त्यो थियो सीधा, सुगम, सहज, सरल र गन्धहीन गोरेटो पथ । बिना छिः छिः दूर दूर हामी फर्किंयौं आफ्नो पाल टाँगेको ठाउँमा । अरु त छन सबै मस्तराम आफ्ना आफ्ना व्यस्त चालमा । म भने अघिको सन्कीको व्यवहार - सिसार संझिरहेछु । त्यसले भनेको थियो -'त्यो बाटो नजानुस्, त्यो बाटो हैन ।' हामीले अवज्ञा गरेका थियौं उसका सुन्दर दृष्टिकोणलाई । त्यसलाई उडाएका थियौं, मानेका थिएनौं । तर त्यसको भनाइ ठीक रहेछ । त्यसले सत्य बोलेको रहेछ । अहिले सफा बाटो आउँदा मलाई उसको भनाइ लाग्यो साँचो र सार्थक । सबै पागलहरु चेतनाशून्य हुँदारहेनछन । पागल बन्दोरहेनछ, बनाइदोरहेछ । ठूलो एवम् बृहत् शिक्षा पाएँ आज मैले । पूर्वाहरुले बिनबित्थामा त्यसै भनेका होइन रहेछन् -'अर्ती भनेको घर्तीको पनि सुन्नुपर्छ ।'

उद्योग, व्यापार, सेवा संचालन गरी
आफ्नो रोजगारको व्यवस्था गर्न उत्सुक
महिला एवं पुरुष वर्ग हाम्रो नजिकको शाखा
कार्यालयमा सम्पर्क राख्न सक्नु हुन्छ ।

जाँगर तपाँईको सहयोग हाम्रो

राष्ट्रिय वाणिज्य बैंक

मानवता

□संजय उप्रेती

छोटो-छोटो समयको अन्तरालमा
म निस्सासिने गरेको छु ।
हरेक क्षणको धरातलमा
कहिले काहीं प्रमाणित हुने गरेको छु ॥
यसै क्रममा, एउटा सामयिक अन्तरालपछि
एक पटक फेरि छट्पटिएको छु ।
मानवीय अहको अंतिरञ्जना भित्र
डेग च्याम्बरमा परेका यहदीहरु झैं
म निर्निमेश बिच्याइरहेको छु ।
सामाजिक विकृतिहरुमा, सांस्कृतिक पतनमा
मानसिक बिसंगतिमा

अनि धेरै-धेरै अत्याचार र बिनाशको छातीमा
म बलिको बोको झैं विवेकहीन भएको छु ।
अणु युद्ध अनि नक्षत्र युद्धको
भयानक परिणतीको आभासमा
मेरो अस्तित्वलाई स्वीकार्न नसकी
मलाई अपरेट गरी नपुंशक तुल्याइएको छु ।
र अन्तर युगहरुमा मलाई मुर्दा बनाई गाडिएको छ ।

म शुशुप्त भएको छु
आधारको अभावमा
~~म अन्तसोगोल्ला रोमल्लिरहेको छु~~
प्रेतात्मा बनी, - अतृप्त आत्मा बनी

तर मेरो प्रेत अस्तित्व फगत एक कल्पना अनेकौं भ्रम भएको छ।
मान्छेको यिनै सोचाइहरुमा मैले
तूफान अगाडिको शान्ति र शुप्तपनको भयानक कलह सहेको छु।
एउटा रौद्र बिनाशको आभास पाएको छु ।
एउटा भावी पतनको मूर्तरूप देखेको छु ।
यसैले समय-समय बीचको सामयिक अन्तरात्मा
सन्छौं भने आऊ ! मलाई बिउँझाऊ !
"सजिवनी" चाहिँदैन
आऊ बिउँझाऊ !
मान्छेको मष्तिष्कको चिहानबाट
अनि चिन मलाई "म हुँ सिङ्गो मानवता" ।

***

पुरानो बानेश्वर

With best compliments
Avijit Carpet Industries
(P.)Ltd

कल्की अवतार

व्यंग्य

□ रामप्रसाद पन्त

जब जब धर्मको ह्रास हुँदै जान्छ, मानव समुदायमा अन्याय र अत्याचारले वास जमाउँदै जान्छ, तबतब मैले अधर्मको नास गर्न र धर्मको पुनर्स्थापन गर्न अवतार धारण गर्छु भनेर श्रीकृष्णले गीतामा बताउनुभएको छ - "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत.....।" यसैगरी जगज्जननी महिषासुर मर्दिनी देवीले "जबजब मानवीय शक्तिमाथि दानवीय शक्तिले आरोहण गर्न थाल्छ, ईश्वरीय शक्तिमाथि आसुरी शक्तिले अतिक्रमण गर्न थाल्छ, त्यसबेला मैले भूलोकमा अवतार धारणा गर्छु र दुष्टको संहार गर्छु भन्नुभएको छ। दुर्गा सप्तसतीमा यही कुरा उल्लेख छ - "इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति.....।"

मैले सुनेको छु - कलियुगले चरमसीमा नाघेपछि संभल ग्रामका मुखिया विष्णुयशस ब्राह्मणको घरमा कल्की भगवानले दशम अवतार धारण गर्नुहुन्छ र अधर्मको विनास र धर्मको संस्थापनार्थ सेतो घोडा माथि सवार भएर दुष्टहरूको संहार गर्दै दक्षिण दिशातिर निर्गमन गर्नुहुन्छ- संभल ग्राम मुख्यस्य ब्राह्मणस्य महात्मन, भवने विष्णु यशसः कल्कि प्रादुर्भविष्यति । धर्मका मर्मज्ञ हाम्रा ब्रह्मवेत्ता विद्वान् विदूषिका अनुसार कलिका ४ लाख ३२ हजार मानव वर्ष ।१२ सय दिव्यवर्ष। मध्ये अहिलेसम्म ५ हजार मानववर्ष व्यतित भएका छन्। कल्की अवतार हुन हाम्रा सन्ततिले अरु लाखौंलाख वर्ष पर्खनु पर्नेछ। त्यसबेला पृथ्वीमा यस्तो स्थिति रहँदैन रे। सबै जाति सूद्रतुल्य हुन्छन्, वर्ण विभेद रहँदैन, मानिसमा सत्य, धर्म, दया, दान, आयु, बल, बुद्धि, विवेक सबै नष्ट हुन्छ, विद्वान् होइन कि धनवान् मात्र पूज्य हुन्छन्, छलकपटको मात्र व्यापार हुन्छ, मानिसको उचाई अधिकतम तीनहात र आयु अधिकतम पचास वर्षको हुन्छ। मानिसहरू पशु समान निर्लज्ज भई मैथुन क्रिडामा संलग्न हुन्छन्, स्त्रीहरू झगडालु, इर्ष्यालु र दुर्मुखा हुन्छन्। नारीहरूमा यौन बिक्री गरी जीविका गर्ने प्रवृत्ति बढेर जान्छ, पृथ्वीमा अन्न उब्जँदैन, भक्षाभक्ष र कर्तव्याकर्तव्यसंग विभेद रहँदैन, मान्छेले मान्छे खाने स्थितिको सिर्जना हुन्छ।

केही विद्वानहरूको भनाई म यस्तो पनि सुन्दैछु - होइन, कल्की अवतार त छिट्टै हुँदैछ र त्यो अवतार चरणबद्ध रुपमा पटक पटक हुन्छ। मान्छेको जीवनमा नित्य प्रलय, नैमित्तिक प्रलय र प्राकृतिक प्रलय त भई नै रहने कुरा हुन्। ती प्रलयहरूलाई जसरी मान्छेले रोकेर रोक्न सक्तैन, त्यसैगरी अत्यन्तिक प्रलयलाई पनि रोक्न सक्तैन। जो अवश्यंभावि , विनाशकारी छ। त्यो सहस्रौं लाखौं वर्षमा एकचोटी आउँछ र त्यस महाप्रलयले चराचर जीवजन्तुहरू लगायत विश्व ब्रह्माण्डलाई भष्म बनाएर छाड्छ।

भविष्यपुराण बताउँछ- त्यसबेलाको स्थिति यस्तो विकराल हुन्छ - सय वर्षसम्म पानी पर्दैन, बाह्रसूर्यको उदय हुन्छ, सूर्यको प्रचण्डताप र शेषनागको विषाक्त फुंकारले पृथ्वी खरानी प्रायः हुन्छ र समुद्रमा विलय हुन्छ। त्यसपछि क्षीर सागरशायी विष्णु भगवान् - जो अविनाशी अनिर्वचनीय र अनन्त शक्तिवान् हुनुहुन्छ - उहाँबाट पृथ्वीको पुनरुत्पत्ति हुन्छ र मानवीय संरचनाको प्रकृया पुनः थालनी हुन्छ। अर्थात सत्ययुगको पुनरागमन हुन्छ। यस्तो उत्पत्ति प्रगति र अवनतिको ब्रह्माण्ड चक्र अनन्तसम्म चलिरहन्छ।

होला, धर्मशास्त्र पुराणहरूमा वर्णित कुराहरूमा यदि सत्य[illegible] भने। तर मलाई कताकता शंका उपशंका उब्जन थालेको छ - प्रकृतिको नियममा उल्टोपाल्टो हुन लागेको देखेर। म जस्तो तुच्छ मानव प्राणीको अल्पबुद्धिको परिचायक पनि यो हुन सक्ला। जे भएपनि शंका लागेको कुरो मनमा गुम्म्याई राख्नुभन्दा ओकल्नु उपयुक्त होला- होइन त भगवन् ! हजुरको क्षणिक मानसिक चाहनाले गर्दा प्रकृतिको माध्यमद्वारा मायारुपी संसारको संरचना गरेर यो चराचर स्थावर जगमको सृष्टि किन गरेको प्रभु ? सृष्टि गरेर पनि फेरि कल्पकल्पसम्म चौरासीलाख योनीको परिक्रमा गराएर 'पुनरपि जनमं पुनरपि मरणं पुनरपि जननी जठरे शयनम्,' को मायारुपी बन्धनमा किन बाँध्न परेको ! यसभन्दा पनि अझ भिन्ने कुरा त के भने सबै प्राणीहरूमा समान बुद्धि दिएर समान व्यवहार गर्ने समतारुपी न्यायको परिकल्पना किन नगरिएको ? सर्वाधिक खड्किने कुरा उल्लेख गर्दा त झन् भगवत् सत्तामा अनास्था गरेको ठहरिएला। सो नहोस्। अमानवीय व्यवहार, अराष्ट्रिय क्रियाकलाप, गलत विचार, र अन्यायपूर्ण विधिविधानका परिपोषक विवेकहीन प्राणीहरूलाई सही मार्गमा ल्याउन तत्कालीन दण्डविधानको व्यवस्था किन नभएको विधायक ? यस विधानको अभावमा प्राणीहरू अधर्म, अकर्म र अमानुषिक प्रवृत्तिमा संलग्न भएका देखिन्छन्। उनीहरू भन्सारमा संसार देख्छन्, व्यापारलाई अपार ठान्छन्, गलत धन्धामा आश्रित हुन्छन् र ऐश आराम गर्छन्। पुनर्जन्म र जन्मान्तरको दण्ड विधानमा उनीहरूलाई विश्वास छैन। यदि प्रभुको दण्ड विधानमा तत्काल दण्ड दिने व्यवस्था भइदिएको भए युग युगको सृष्टि संहार र प्रलयको व्यवस्था गरिरहनुपर्ने थिएन, स्वर्ग र नर्कको आवश्यक पर्ने थिएन। सबैभन्दा सजिलो उपाय त उदरपूर्तीको अनिवार्यतालाई विधानको दफाबाट कट गरीदिएको भए प्राणी मात्रले दैनन्दिन छटपटिनु पर्ने थिएन। यस तुच्छ प्राणीको छुच्चो मुखले यति ठूलो कुरा गर्ने भनेर रिसानी नहोला प्रभु ! एउटा सुझाव सुनीबक्सेला - लाखौं वर्ष अगाडि निर्माण गरिएको विधानमा समयानुकूल परिवर्तन गरेर उल्लेखित बूँदाहरू समावेश गर्न सकिएमा प्रभुसत्तामा प्रतिगामी दुराचारी व्यक्तिहरूको पनि आस्था जागेर अरु लोकप्रियता बढ्ने थियो कि ! अस्तु। यसभन्दा बढी बोल्ने धृष्टता अब म गर्दिन, यदि गरीहालें भने फेरि प्रभुको रौद्ररुप देख्न नसकेर मैले निश्चेतन बन्नुपर्ला।

केही आधुनिक विद्वानहरू - जो कलीयुगीय दबावले प्रभावित भएका छैनन् भने उनीहरूको भनाईमा कति सत्यता छ, त्यो हामीले देख्ने भोग्ने नै छौं। के कल्कीको प्रथम स्वरुप देखापरेकै हो ? के दशमावतार कल्कीले आफ्नो प्रारम्भिक कार्य थालनी गरीसक्नुभएकै होत ? सत्यासत्य, धर्माधर्म, कर्तव्याकर्तव्य र पुनरावर्तन प्रत्यावर्तनको परिक्षण के म बाटै शुरु हुन थालेको होत ? त्यो संभल ग्राम भनेको कुन हो र कहाँ पर्छ ? खै त्यो त मैले चिन्न सकेको छैन, तर त्यो ग्राम पक्कै पनि नेपालमै हुनुपर्छ र हाल अरु नै

नामबाट परिचित हुनुपर्छ भन्ने मलाई लागेको छ, किनकि कल्की भगवान सेतो घोडामाथि चढेर दुष्टहरूको संहार गर्दै दक्षिण दिशातिर जाने रे ! यदि यो सत्य हो भने उत्तराखण्डको विशाल हिम श्रृङ्खलाको काखमा अवस्थित नेपाल नै त्यो भूमि हुनुपर्छ, जहाँबाट कल्की भगवानले दुष्टहरूको संहार गर्दै दक्षिण तिर लाग्नुहुनेछ ।

मैले यहीकुरा बुझ्न नसकेर आँधिबेरीमा परी तुवाँलोमा अदृष्य भएको पक्षी जस्तै दिशाहीन भएको छु प्रभो ! भगवानको असली स्वरुप त त्यस्ता ब्रह्मज्ञानी तत्वबेत्ताहरूलाई पो थाहा हुनुपर्ने, म जस्ता अल्पज्ञानी भुसुनालाई के थाहा हुनु ! यदि म त्यस्तो पूर्वापरदर्शी ब्रह्मबेत्ता भैदिएको भए मैले आफ्नो जीवनको स्वरुपलाई अर्कै प्रत्याभूति दिन सक्थें र किटेर भन्न सक्थें - हो, कल्की अवतार भैसक्यो र त्यसको पहिलो परीक्षण म माथि हुँदैछ । यदि अवतार धारणको प्रारुप र कतृत्व पूर्णरुपमा ज्ञान भएको भए भगवान रामको वियोगमा दशरथ मर्ने थिएनन्, कौशल्या वियोग व्यथाले छटपटिने थिइनन् , बाल चन्चलता र विभिन्न अपशकुनहरूको अगाडि यशोदा वात्सल्यभावले विह्वल बन्ने थिइनन् । हो, मायारुपी मोहनीले मतिभ्रम नगरिदिएर भगवत् स्वरुपलाई जस्ताको तस्तै ज्ञान गर्ने शक्ति सबै मानव प्राणीमा हुने हो भने पनि अवतार धारणाको महत्व नै के रह्यो र !

प्रभु ! म त अल्पज्ञानी, अल्पविवेकी र स्थूल दृष्टि भएको एउटा अकिन्चन प्राणी ! म न देवता बन्न सकें न दानव ! कलियुगीन नरमा कि त दानवीय स्वभाव हुनुपर्ने कि त दैवी स्वभाव - तर म परीदिए योनी अनुसार कार्यशैलीलाई पछ्याउन खोज्ने एउटा अपाङ्ग मानव ! मानव हुनुमा मेरो मात्र गल्ती म मान्दिन । यो प्रभुको पनि गल्ती हो । मलाई देवयोनीमा अवतीर्ण गर्न मनासीब ठान्नुहुन्नथ्यो भने दानव योनीमा घच्याटीदिन त सक्नुहुन्थ्यो, मैले आफ्नो कर्मको फल सँभेर नारकीय यातना सहन्थें, भोग्थें । विधातालाई दोष लगाउने थिईन । यसो किन गरिएन ! हजुर त घटघटवासी अन्तर्यामी हुनुहुन्छ, प्रत्येक प्राणीको अन्तर्मन र अन्तर्व्यथा थाहा पाउनुहुन्छ भने मेरो मनको आघात, प्रतिघात, पीडा र व्यथालाई बुझेर मानव चोला देखि मुक्त किन गर्नुभएन !

दयानिधान ! म करबद्ध प्रार्थना गर्छु - कृपा गरेर कि त मलाई दानवी शक्ति देऊ कि दैवी शक्ति ! ताकि म कि राक्षसीरुप धारण गरेर दैवी शक्ति माथि नग्न नृत्य गर्न सकूँ , कि हजारौं प्रहार खप्न सक्ने बुद्धत्व दर्शन वरण गर्न सकूँ । दुई मानवको बीचमा समताको न्याय खोज्ने म जस्तो मूर्खलाई कलियुगीन प्रभावले फिका बनाईदिएको छ , यस विषम्पूर्ण समाजमा म अड्न सक्तिन । नायकत्व ग्रहण गर्ने दुःसाहस त झन गर्न सक्ति सक्तिन ।

करुणानिधे ! हजुरको दण्ड विधानमा पनि कतै पक्षपात हुन थालिरहेको त छैन ! कतै नातावाद, कृपावाद र चाकरिवादले प्रश्रय पाउन थालिरहेको त छैन ! ईश्वरीय न्यायमा पनि यसरी खिचोला हुने हो भने र सुरलोकीय द्वार प्रवेशमा पनि बिना मूल्यांकन निशेधाज्ञा जारी गरिने हो भने सोझासाझा प्राणीको सृष्टि नै किन गर्नुपर्यो ? होइन भने सयौं ताडना र हजारौं दुर्भाग्यका अधिकर्तामाथि त्यतिठूलो दयादृष्टि किन ? कणकणमा र थोपाथोपामा हजुरको सत्ता व्याप्त छ भन्ने कथन यदि सत्य हो भने त्यस अधर्म र निकृष्ट कृत्यमा पनि हजुरको दृष्टि नपुग्ने कुरै छैन । अब आज्ञा होस् प्रभु ! त्यस विडम्बनापूर्ण विवादमा हजुरको संलग्नता वा मौनता किन ? तर दया निधान ! प्रभुको दण्ड विधानमा शंका गरेको भनी रिसानी नहोला । मेरै अल्प बुद्धि र अल्पज्ञानको परिचायक पनि यो हुनसक्छ । म त प्रभुकै शरणमा छु, हजुरको बक्र दृष्टि भयो भने त मेरो न टेक्ने हाँगो न समाउने डालो !

प्रभो ! हजुरले आफ्ना अवतार धारणका कतिपय चरणहरूमध्ये प्रथम चरणको अवतार धारण गरीसक्नुभएको छ । मलाई कति पटक स्वप्नमा आएर समेत तर्साईसक्नुभएको छ - 'मानव बन्ने कुचेष्टा नगर,' भनेर सतर्क पनि बनाईसक्नुभएको छ । प्रभुको आज्ञा स्वीकार्य छ । म अब कि देवता कि दानव,, कि स्वर्ग कि नरक छान्न तयार छु, यस भूमण्डलमा मानवीय मूल्य धारण गरेर पक्ष र विपक्ष, द्वन्दी र प्रतिद्वन्दीको बीचमा संघर्ष गरेर समानताको न्याय खोजी बस्न म कति तयार छैन ।

मेरो बुद्धिको निर्गमनस्थलमा किन यसरी ढ्याप्पै बुजो लगाईदिनुभएछ प्रभु हजुरले ! कल्कीरुपी भगवान्को प्रथम दर्शनको मलाई ज्ञानै भएन । त्यसबेला मैले धरतीको ध्वंसात्मक नग्नलीलाको दृष्यपटलबाट विलुप्त भएर प्रभुको चरणमा नतमस्तक हुनुपर्ने कस्तो बुद्धि विग्रेको ! प्रभुबाट कस्तो शिक्षा दीक्षा अवदान भैरहेको थियो, मैले त्यसलाई स्वाहै निल्न सक्नुपर्ने, त्यतिका अर्ति उपदेशहरूलाई दिमागको खोक्रो ढ्वाङ् भित्र थुन्न सक्नुपर्ने । त्यो भीषण गर्जनलाई कर्ण कुन्तरमा घुसाउनुपर्ने, त्यो रौद्ररुपलाई आँखाको अन्तर्गहिराईमा आरोपित गर्नुपर्ने, मैले कस्तो बेवास्ता गरें ! म कस्तो मूढ बने ! यसो हुनुमा मेरो मात्रै गल्ती छैन प्रभु ! किनभने हजुर त सर्वशक्तिवान हुनुहुन्थ्यो । मेरो जीवनलाई सफल वा असफल बनाउन सक्ने, मेरो गार्ह्यस्थ जीवनलाई स्वर्गीय आनन्द वा नारकीय यातनामा परिणत गर्नसक्ने, जीवनको प्रवाहलाई थुन्ने वा बेगवान बनाउने खुबी हजुरमा थियो भने मेरो तत्क्षणिक मतिको सुई उल्टो घुमाईदिन किन सक्नुभएन !

करुणासागर ! यो दास हजुरको आज्ञा पालन गर्नमा सदा तत्पर छ, प्रभुले आफ्नो अवतार धारणको प्रथम दर्शनमा आज्ञा भएका कुराहरूलाई सँधै मनन गर्नेछ । सयौं शिशुपालहरू र हजारौं क्रुर आततायी नराधमहरूको सामना गर्ने सामर्थ्य राख्नेछ । प्रभुबाट पनि यस्ता सयौं दण्ड र हजारौं प्रहार सहन सक्ने शक्ति प्रदान हुनेछ भन्ने मलाई विश्वास छ । म अरु केही वरदान माग्दिन, मात्र एउटै चिजको याचना गर्छु - दोसो चरणको अवतार धारण गर्दा पनि प्रभुको दर्शन पाउन सकूँ । अर्ति उपदेशहरू सुन्न सकूँ । त्वमेव शरण्म् - हजुरको भक्त शरणगत छ , रक्षा होस् प्रभो !

अँ...एउटा कुरा त हजुरको अगाडि विन्ति बिसाउनै भुलेछु - प्रभु ! म यो पूर्वजन्मको भोग भोग्दैछु कि पुनर्जन्मको लागि आधारशिला तयार गर्दैछु ?

बसन्त

□ शान्त बहादुर थापा

बसन्त आइ हरियाली साथ
नयां मुना ली ऋतुराज साथ
कुहु कुहु कोकिल चरी साथ
काफल पाक्यो भनी शान साथ

चिसो र तातो सब तुल्य तुल्य
राजा ऋतुको अति नै छ मुल्य
ऋतुहरुमा महिमा यसैको
समाई रम्य प्रकृति रमेको

पशु र पन्छी सब नाँच्न थाले
तलाउमा कमल हाँस्न थाले
भृङ्गहरूले सरिगम हाले
मन्द ध्वनिमा गजल लगाए
युगल जोडी गौथली मिलेर
नर र नारी सरी भै जमेर
आनन्द मस्त चरी त भएर
नाँच्ने र गाउने अति रमेर

गुलाव ऊता गजधम्म हेर
भृङ्ग रमेका हुनसम्म धेर
अनेक रङ्गी फूलले सजेर
वनभोज गर्न प्रकृति जमेर

मृदु मिठास तान भर्न थाले
भएर लट्ठ तरु झुल्न थाले
चिर चिर र चिरविर मधुर मिठास
प्रकृति मस्त भई झुल्ने खास

सबैतिर बाग सजाइ यस्तो ।
ऋतुराज आज खुलाइ कस्तो ।
जताततै फूल फुली सजेर
सौन्दर्य सृष्टि बटुली बलेर

दीप्य धपक्क धपक्क बलेको
मौसम उता अति नै मिलेको
वसन्त रूची सब सृष्टि मान्ने
नहोस अन्त्य यस गीति ठान्ने

वहार काहाँ नभए वसन्त
जुहार काहाँ नखिले वसन्त
श्रृङ्गार काहाँ नखिले वसन्त
तसर्थ शोभा ऋतुको वसन्त

कविता

- दिनेश प्रसाद मैनाली

गुंढ विनाको चरी

जव सुरक्षा खल्बलिएला
हाँगा हाँगामा फड्का मारौंला
कहिले घना जंगलमा पखेटाका आवाजहरू फैलाउंला
सुन्दर लागेका वृक्षमा कहिं चुमौला कहिं घुमौंला
कुदृष्टी हामी माथि पर्छ भने
आखांमा विष्टा छरौंला
गुंढ छैन त के भयो
हामी विनागुंढका चरी
कहिल्यै नथाक्ने यात्रा गरौंला
हामी मध्ये कोही कोलम्बस बनेर
नयां महादेश खोजौंला
यात्रा विथोल्ने बन्दुक पड्कन सक्छ
तर पनि कायरतालाई जलाएर यात्रा छेड्नुपर्छ
नयां दिन / नयां वास प्रकृतिको साथ खोजौंला
गुंढहिन, सिमाहिन र जातिहिन हामी यात्री
सूर्य जस्तै तेजिलो, वायु जस्तै तिक्ष्ण र आकाश जस्तै विशाल बनेर
कहिल्यै नथाक्ने, कहिल्यै नहार्ने यात्रा गरौंला ।

CONGRATULATIONS AND BEST WISHES FOR THE FUTURE OF DAYITWA MONTHLy ON THE OCCASION OF THEIR 25TH ISSUE.

Ram Babu Panta
Propritor
Himalayan Handicraft
Phone # 00977-1-473529
Fax: 09977-1-415410
PO Box: 6467 Kathmandu,Nepal